सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

८ भदौ २०८०, शुक्रबार (25 Aug 2023, Friday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक १३४ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

कुन प्रतिवादीबाट कति बिगो दाबी ?

२३८ प्रतिवादीसँग ७६ अर्ब १६ करोड पाँच लाख ५२ हजार र मृत्यु भइसकेका प्रतिवादी २१ जनाको परिवारसँग १५ अर्ब ६३ करोड ४९ लाख १४ हजार बिगो दाबी गर्न सिआइबीको सिफारिस, पछि जग्गा खरिद गर्ने ४८ जना भने जग्गा फिर्ताका लागि मात्र प्रतिवादी

टेकराज थामी/नयाँ पत्रिका

बालुवाटारस्थित ललितानिवास क्याम्पको सरकारी जग्गा हिनामिनामा संलग्नहरूसँग भन्डै एक खर्ब बिगो असुल गर्ने गरी मुद्दाको तयारी भएको छ। नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले सजाय र बिगो दाबीको सिफारिससहित मंगलबार जिल्ला सरकारी वकिल कार्यालयलाई अनुसन्धान प्रतिवेदन बुझाइसकेको छ।

सिआइबीको प्रतिवेदनमा प्रतिवादी बनाउन राय दिइएकाहरूसँग ९१ अर्ब ७९ करोड ५४ लाख ६६ हजार पाँच सय ३१ रुपैयाँ बिगो दाबी गर्नुपर्ने उल्लेख छ। प्रतिवादी दुई सय ३८ जनासँग ७६ अर्ब १६ करोड पाँच लाख ५२ हजार एक सय ७० रुपैयाँ बिगो दाबी गरिएको छ। त्यस्तै, मृतक प्रतिवादी २१ जनाको परिवारबाट १५ अर्ब ६३ करोड ४९ लाख १४ हजार तीन सय ६१ रुपैयाँ माग गरिएको छ। पछि जग्गा खरिद गर्ने ४८ जनाबाट जग्गा फिर्ता लिन मात्र प्रतिवादी बनाइएको छ। राजनीतिक र प्रशासनिक नेतृत्वलाई प्रभावित पारेर बिचौलिया र व्यवसायीले बालुवाटारको १४३ रोपनी ६ आना तीन पैसा तीन दाम सरकारी जग्गा व्यक्तिका नाममा लगेका थिए।

प्रतिवादी बनाउन सिफारिस गरिएका चार पूर्वमन्त्रीविरुद्ध साढे ९४ करोड रुपैयाँभन्दा धेरै रकम बिगो दाबीसहित १०-१० वर्ष कैद सजाय हुनुपर्ने राय प्रहरीले सरकारी वकिललाई दिएको छ। चारमध्ये तत्कालीन भूमिसुधारमन्त्री चन्द्रदेव जोशीविरुद्ध सबैभन्दा धेरै ६३ करोड १० लाख रुपैयाँ बिगो दाबी गरेको छ।

त्यस्तै, तत्कालीन भौतिक योजनामन्त्री विजयकुमार गच्छदार, भूमिसुधारमन्त्री डम्बर श्रेष्ठ र भौतिक योजना राज्यमन्त्री सञ्जय साहविरुद्ध जनही १० करोड ५१ लाख १२ हजार नौ सय तीन रुपैयाँका दरले बिगो दाबी गरेको छ। सबैको कुल बिगो दाबी ९४ करोड ६३ लाख ३८ हजार सात

» पृष्ठ ११ मा क्रमशः

■ चार पूर्वमन्त्रीविरुद्ध १० वर्ष कैदसहित साढे ९४ करोड बिगो दाबी



चन्द्रदेव जोशी
तत्कालीन भूमिसुधार तथा व्यवस्थामन्त्री
बिगो
६३ करोड १० लाख



विजय गच्छदार
तत्कालीन उपप्रधानमन्त्री तथा भौतिक योजनामन्त्री
बिगो
१० करोड ५१ लाख १२ हजार ९०३



डम्बर श्रेष्ठ
तत्कालीन भूमिसुधार तथा व्यवस्थामन्त्री
बिगो
१० करोड ५१ लाख १२ हजार ९०३



सञ्जय साह
तत्कालीन भौतिक योजना तथा निर्माण राज्यमन्त्री
बिगो
१० करोड ५१ लाख १२ हजार ९०३

■ ६ पूर्वसचिवविरुद्ध ३४ करोड ८८ लाख ५५ हजार बिगो दाबी



नारायणगोपाल मलेगो, पूर्वसचिव
बिगो
११ करोड ५९ लाख ९२ हजार २१३



दीप बस्न्यात
पूर्वसचिव
बिगो
१० करोड ५१ लाख १२ हजार ९०३



छविराज पन्त
पूर्वसचिव
बिगो
१० करोड ५१ लाख १२ हजार ९०३



दिनेश अधिकारी
पूर्वसचिव
बिगो
१ करोड ८ लाख ७९ हजार ३१०



युवराज भुसाल
पूर्वसचिव
बिगो
१ करोड ८ लाख ७९ हजार ३१०



रवीन्द्रमान जोशी
पूर्वसचिव
बिगो
१ करोड ८ लाख ७९ हजार ३१०

■ दाङका सिडिओ सुशील वैद्य फरार प्रतिवादी



सिआइबीले दाङका सिडिओ सुशील वैद्यलाई पनि प्रतिवादी बनाउन आफ्नो प्रतिवेदनमा उल्लेख गरेको छ। ०७० मा काठमाडौंको भूमिसुधार अधिकारी हुँदा उनले पशुपति टिकिन्छा गुठीका नाममा सरकारी जग्गा दर्ता गरी नक्कली मोही खडा गरेर हिनामिनामा सघाएको सिआइबीको निष्कर्ष छ। अनुसन्धानका क्रममा सिआइबीले उनको बयान भने लिएको छैन। बहालमै रहेका सिडिओलाई फरार प्रतिवादी बनाइएको छ। एक करोड आठ लाख ७९ हजार तीन सय १० रुपैयाँ बिगो कायम गरी उनीविरुद्ध मुद्दा दायर गर्न सिआइबीको सिफारिस छ। वैद्यसमेत संगठित भई आपराधिक समूहको स्थापना गरी समरजंग कम्पनीको नाममा रहेको सरकारी जग्गा व्यक्तिको नाममा मोही कायम गरी प्रस्तुत कसुर अपराध गरेको देखिएको भन्दै सिआइबीले उनलाई प्रतिवादी बनाएको हो। उनलाई संगठित अपराध र किर्ते मुद्दामा प्रतिवादीका रूपमा प्रस्तुत गरिएको छ। आफूविरुद्ध मुद्दा अघि बढेको थाहा पाएपछि वैद्य केही दिनयता घरबिदामा बसेका छन्।

सबैभन्दा धेरै बिगो दाबी बिचौलिया ढकाल, सुवेदी र गुरुङविरुद्ध

■ ३०७ प्रतिवादी र बिगो रकमको सूची



शोभाकान्त ढकाल
बिगो
६ अर्ब ८४ करोड २६ लाख



रामकुमार सुवेदी
बिगो
६ अर्ब ८४ करोड २६ लाख



मीनबहादुर गुरुङ
बिगो
४ अर्ब ९१ करोड ८१ लाख २४ हजार ६४६

प्रतिवादी	बिगो
उमाकुमारी ढकाल्नी	२ अर्ब ९२ करोड ११ लाख २५ हजार ४६७
हाटकशमशेर जबरा	२ अर्ब ८९ करोड ९० लाख
माधवी सुवेदी	२ अर्ब ८८ करोड ४० लाख ८६ हजार ४७४
श्रवणकुमार गोयल	२ अर्ब २४ करोड ३६ लाख ५७ हजार ८००
शिवरत्न शारडा	२ अर्ब २४ करोड ३६ लाख ५७ हजार ८००
सन्दीपकुमार शारडा	२ अर्ब २४ करोड ३६ लाख ५७ हजार ८००
कैलाशचन्द्र गोयल	२ अर्ब २४ करोड ३६ लाख ५७ हजार ८००
सरस्वती घले गुरुङ	१ अर्ब ३८ करोड २८ लाख ५० हजार २७५
सरला घले गुरुङ	१ अर्ब ८ करोड ६९ लाख ५४ हजार ८०७
कल्याण गुरुङ	७८ करोड ४४ लाख १ हजार ३५७
रेखा घिमिरे	७० करोड ३९ लाख १४ हजार ४४६
चन्द्रदेव जोशी	६३ करोड १० लाख
कामना गुरुङ	६१ करोड ५५ लाख ५ हजार ७६८
द्वारिकामान महर्जन	५७ करोड ६७ लाख ९४ हजार ६६७
बाबा कार्की	५५ करोड ९ लाख ५४ हजार ४८
अगम ढुंगाना	५२ करोड ४९ लाख ३८ हजार ९५५
बाबुराजा महर्जन	४३ करोड ४८ लाख ६२ हजार ८९१

» पृष्ठ ११ मा क्रमशः

■ सिआइबीको अनुसन्धानमा अख्तियारको भन्दा के छ नयाँ ?

नवराज मैनाली/नयाँ पत्रिका

बालुवाटारस्थित ललितानिवास परिसरको जग्गा हिनामिनामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भन्दा प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले विस्तृत अनुसन्धान गरेको छ। तर, अभियोजन भने अख्तियारको भन्दा कमजोर हुने जोखिम कायमै छ।

अख्तियारले भ्रष्टाचार कसुरमा साढे तीन वर्षअघि अभियोजन गरेकोमा हाल सिआइबीले किर्तेमा संलग्नमाथि केन्द्रित भई अनुसन्धान सकाएर प्रतिवेदन सरकारी वकिलमा बुझाएको छ। संगठित अपराधमा पनि अदालतले अनुसन्धानका लागि अनुमति दिएकाले सिआइबीको अनुसन्धान दायरा फराकिलो भएको थियो। जस आधारमा प्रतिवादीको संख्या मृत्यु भएकासहित तीन सय नाघेको छ। अख्तियारले एक सय १० जना कसुरदार र ६५ जनालाई जग्गा फिर्ताको प्रयोजनका लागि प्रतिवादी बनाएको थियो। अहिले सिआइबीले दुई सय ३८ जना कसुरदार, ४८ जग्गाधनी र २१ जना मृतकलाई बिगो दाबी कायम गरी मुद्दा चलाउनुपर्ने रायसहित मंगलबार सरकारी वकिलमा फाइल बुझाएको छ। सिआइबीको बिगो पनि अख्तियारको तुलनामा धेरै छ।

अख्तियारले निर्णय प्रक्रियामा संलग्न तीन पूर्वमन्त्रीलाई प्रतिवादी बनाएकोमा सिआइबीले भने पाँचजनाको संलग्नता रहेको निष्कर्ष निकालेको छ। अख्तियारले विजयकुमार गच्छदार, डम्बर श्रेष्ठ र चन्द्रदेव जोशीलाई प्रतिवादी बनाएको थियो। सिआइबीले मृत्यु भइसकेका पूर्वमन्त्री प्रभुनारायण चौधरीको पनि संलग्नता औंल्याएको छ। बिगोका लागि मात्र उनीविरुद्ध पनि मुद्दा दायर हुनुपर्ने सिआइबी राय छ। त्यस्तै, पूर्वराज्यमन्त्री सञ्जय साहलाई पनि सिआइबीले प्रतिवादी बनाउन सिफारिस गरेको छ। अख्तियारले बयान लिए पनि साहलाई मुद्दा नचलाउने निर्णय गरेको थियो।

त्यस्तै, पूर्वसचिवका हकमा पनि तीनजना थपिएका छन्। अख्तियारले दीप बस्न्यात, दिनेशहरि अधिकारी र छविराज पन्तको संलग्नता औंल्याएको थियो। सिआइबीले थप तीन पूर्वसचिवहरू नारायणगोपाल मलेगो, युवराज भुसाल र रवीन्द्रमान जोशीको पनि संलग्नता रहेको भन्दै उनीहरूविरुद्ध समेत मुद्दा चलाउन राय दिएको छ।

» पृष्ठ ११ मा क्रमशः

न्यायपालिकाको आदेशमा व्यवस्थापिकामा असन्तुष्टि

संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रममासर्वोच्चले रोक लगाएपछि सांसदहरू आक्रोशित



संसदीय समितिका लागि सोमबार निर्वाचन

■ **१२ वटा समितिमा कुन दलबाट को उम्मेदवार ?**

(विस्तृत पृष्ठ ३)

कर्नर किक

● रवि मिश्र



■ टुँडिखेलमा गौरा

सुदूरपश्चिम र कर्णालीबाट प्रतिनिधित्व गर्ने कांग्रेस सभापति शेरबहादुर देउवा, एमाले नेता भीम रावल, परराष्ट्रमन्त्री एनपी साउद, कांग्रेस नेता रमेश लेखकलगायतसँगै प्रधानमन्त्री प्रचण्ड पनि देउडा गाउँदै नाचे



सुदूरपश्चिम र कर्णालीको पहाडी र कर्णालीमा मनाइने गौरापर्व पछिल्ला वर्षहरूमा काठमाडौंमा पनि मनाइन्छ। सुदूरपश्चिम र कर्णालीबाट आएर काठमाडौंमा बसेकाहरूले गौरापर्वका दिन टुँडिखेलमा देउडा गाउने र नाच्ने गर्छन्। यसपालि पनि मनाए। बिहीबार टुँडिखेलमा गौरा मनाउन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' पनि पुगे। सुदूरपश्चिमबाट प्रतिनिधित्व गर्ने कांग्रेस सभापति शेरबहादुर देउवा, एमाले नेता भीम रावल, कांग्रेस नेता रमेश लेखक, परराष्ट्रमन्त्री एनपी साउदलगायतसँगै प्रचण्डले पनि देउडा गाउँदै नाचे। गौराका अवसरमा गोलबद्ध भई लोकभाकामा देउडा, धमारी र चैतका माध्यमबाट एक-अर्कामा दुःख, सुख बाँड्ने गरिन्छ।

सुदूरपश्चिम र कर्णालीका पहाडी क्षेत्रमा उमा महेश्वरसहित दुबोको पूजा गरेर तीन दिनसम्म गौरा मनाइन्छ। भाद्र शुक्ल अष्टमीमा मनाइने गौरालाई उज्याली र कृष्णाष्टमीमा मनाइने गौरालाई अँध्यारी भनिन्छ। शक्ति र प्रकृतिका रूपमा शिव र पार्वतीको पूजा गरी पाँच प्रकारका अन्नबाट बनेको 'बिरुँडा'लाई अर्पण गरेपछि प्रसादका रूपमा ग्रहण गरेर गौरा मनाउने प्रचलन छ। गौरापर्व मनाउँदा आत्मशान्तिसँगै मोक्ष प्राप्त हुने विश्वास जनमानसमा छ।

कोसी बन्यो सत्ता राजनीति 'प्रयोगशाला'

सत्तागठबन्धनलाई दोस्रोपटक सर्वोच्चको झड्का

● सरकारको वैधतामाथि प्रश्न, विश्वासको मत लिने प्रक्रिया असंवैधानिक रहेको ठहर, दीर्घकालीन र नीतिगत निर्णय गर्न रोक

● सात दिनभित्र लिखित जवाफ पेस गर्नसमेत विपक्षीहरूका नाममा आदेश, छिटोछरितो रूपमा मुद्दा किनारा गर्न आवश्यक रहेको ठहरसहित इजलासले १५ भदौमा अग्राधिकार दिई रिटको पेसी चढाउन आदेश



शिल्पा कर्ण/नयाँ पत्रिका

विश्वासको मत लिने प्रदेश सभा बैठकको अध्यक्षता गरेका व्यक्तिको समेत मत लिएर आफ्नो पक्षमा बहुमत जुटाउने सत्तागठबन्धनको 'खेल'लाई सर्वोच्च अदालतले ठूलो झड्का दिएको छ। सर्वोच्च अदालतले मुख्यमन्त्री उद्धव थापाले लिएको विश्वासको मतलाई संवैधानिक मान्न नमिल्ने भन्दै दीर्घकालीन र नीतिगत निर्णय गर्न रोक लगाएको छ।

कोसीका पूर्वमुख्यमन्त्री तथा एमालेका प्रदेश सभा दलका नेता हिक्मत कार्कीको रिटमाथि बिहीबार सुनुवाइ गर्दै सर्वोच्चले अन्तरिम आदेश जारी गरेको हो। थापाले सोमबार विश्वासको मत लिएका थिए भने कार्कीले बुधबार रिट दर्ता गराएका थिए।

न्यायाधीश ईश्वरप्रसाद खतिवडाको इजलासले गरेको आदेशमा सर्वोच्चले नै प्रतिपादन गरेको सिद्धान्तविपरीत विश्वासको मत लिइएको ठहर छ। '...माननीय मुख्यमन्त्री श्री उद्धव थापाले संविधानसम्मत रूपमा विश्वासको मत प्राप्त गरेको भनी मान्न मिल्ने अवस्था नदेखिएकाले निजको नेतृत्वमा गठित प्रदेश सरकारबाट प्रस्तुत निवेदनउपरको सुनुवाइ टुंगो नलागेसम्म दीर्घकालीन असर पर्ने प्रकृतिका साथै नीतिगत प्रकृतिका निर्णय नगर्नू, नगराउनू' आदेशमा छ।

बुधबार दायर रिट बिहीबार एक न्यायाधीशको इजलासमा पेस भएकोमा मागबमोजिम अन्तरिम आदेश जारी हुनुका साथै सातौं दिनभित्र लिखित जवाफ पेस गर्नसमेत विपक्षीहरूका नाममा आदेश भएको छ। १३ भदौ साँझ ५ बजेसम्म जवाफ पेस गर्न सर्वोच्चले समय दिएको छ।

'...कोसी प्रदेश सभामा माननीय मुख्यमन्त्री उद्धव थापाले विश्वासको मत प्राप्त गरेको भनी गरिएको घोषणालगायत तत्सम्बन्धी अन्य कागजातसमेत सक्कलै साथै राखी लिखित जवाफ पेस गर्नू भनी यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी प्रत्यर्थीको नाममा म्याद सूचना तत्काल तामेल गराउनू,' आदेशमा थप छ। साथै छिटोछरितो रूपमा मुद्दा किनारा गर्न आवश्यक रहेको ठहरसहित इजलासले १५ भदौमा अग्राधिकार दिई रिटको पेसी चढाउन आदेश दिएको छ।

संविधानको धारा १६८(२) अर्थात् गठनबन्धनको सरकारका तर्फबाट मुख्यमन्त्रीमा दाबी पेस गरेका कोसीका कांग्रेस संसदीय दलका नेता थापालाई विश्वासको मत दिने कार्यमा संवैधानिक नैतिकता नदेखिएको न्यायाधीश खतिवडाले आदेशमा उल्लेख गरेका छन्। पछिल्लोपटक ११ साउनमा सर्वोच्चबाटै भएको आदेशविपरीत उक्त कार्य भएको ठहर इजलासको छ।

सभामुख तटस्थ भूमिकामा रहनुपर्ने, उनले सरकार गठनमा पक्ष वा विपक्षमा मत व्यक्त गर्न नपाउने भन्दै ११ साउनमा सर्वोच्चले सरकार गठनका लागि माओवादीबाट सभामुख बनेका बाबुराम गौतमको हस्ताक्षर मान्य नहुने फैसला सुनाएको थियो। जसपछि बहुमत पुऱ्याउन गौतमलाई उक्त पदबाट राजीनामा गर्न लगाइएको थियो।

९३ जना सदस्य रहेको कोसीमा ४७ जना भए मात्र बहुमत पुग्छ। थापाले पूर्वसभामुख गौतमसमेतको ४७ सदस्यको हस्ताक्षर लिएर पुनः १६८(२) बमोजिम सरकार गठनका लागि दाबी पेस गरी मुख्यमन्त्री भए। एक महिनाभित्रै दोस्रोपटक प्रदेशको नेतृत्व गरेका थापाले ३० दिनभित्र विश्वासको मत लिनुपर्ने थियो।

तर, विश्वासको मत लिने दिन एमालेबाट उपसभामुख रहेकी सिर्जना दनुवार 'बिरामी' बिदामा बसिन्। सभामुखले राजीनामा दिएका कारण रिक्त रहेको वेलामा बिरामी रहेको भन्दै उपचारको कारण देखाउँदै उनी नआएपछि ज्येष्ठ सदस्यले सभाको अध्यक्षता गर्नुपर्ने अवस्था आयो।

सभाका ज्येष्ठ सदस्य कांग्रेसका गयानन्द मण्डलले अध्यक्षता गर्नुपर्ने अवस्था आउन नदिन उनलाई मन्त्री (कार्यपालिका) नियुक्त गरेको थियो। मण्डलपछिका उमेरका प्रदेश सभा सदस्य राप्रपाका थिए भने त्यसपछिका ज्येष्ठ सदस्य एमालेका थिए। उनीहरू दुवैजनासमेत विश्वासको मत लिने दिन बिदामा बसे। जसपछि अन्तिममा कांग्रेसकै पोल्टामा अध्यक्षताको जिम्मेवारी पऱ्यो।

» पृष्ठ ११ मा क्रमशः

चुरियामाईमा तीर्थयात्री बोकेको बस दुर्घटना

सातको मृत्यु, १७ घाइते

मृतक ६ जना भारतीय, एक नेपाली

पोष्टराज अधिकारी/नयाँ पत्रिका

मकवानपुर र बाराको सीमानजिक बाराको जितपुर-सिमरा उपमहानगरपालिका- २२ चुरियामाईमा बिहीबार बिहान तीर्थयात्री बोकेको बस दुर्घटना हुँदा सातजनाको मृत्यु भएको छ। दुर्घटनामा १७ जना घाइते भएका छन्।

काठमाडौंबाट महोत्तरीको लोहारपट्टी नगरपालिका जाँदै गरेको मधेस प्रदेश-०३-००१ ख ७९९४ नम्बरको बस अनियन्त्रित भएर सडकबाट खोलामा खसेको हो। जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता डिएसपी टेकबहादुर कार्कीका अनुसार मृत्यु हुनेहरू ६ भारतीय र एक नेपाली हुन्।



मृत्यु हुने भारतीयमा राजस्थानका ६७ वर्षीय बहादुर सिंह, सोही स्थानकी ६५ वर्षीया मीरा देवी, ७६ वर्षीया बैजन्ती देवी, ६५ वर्षीय श्रीकान्त चतुर्वेदी, ६० वर्षीया सत्यवती र ७० वर्षीया राजेन्द्र चतुर्वेदी छन्। मृत्यु हुने नेपालीमा महोत्तरीको लोहारपट्टी नगरपालिकाका ४१ वर्षीय विजयलाल पण्डित हुन्।

भारतीय शव तथा हेटौंडामा उपचार गराइएका ११ घाइतेलाई भारतीय राजदूतावासका प्रतिनिधिले बुझेर लगेको डिएसपी कार्कीले बताए। तीन भारतीयको भने भरतपुरमा उपचार भइरहेको छ। मृतक नेपालीको शव हेटौंडा अस्पतालमै छ भने एक घाइते नेपालीको पनि भरतपुरमै उपचार भइरहेको छ। चितवनमा उपचाररत चार घाइतेको अवस्था जटिल रहेको कार्कीले बताए। बाँकी दुई घाइते भने उपचारपछि घर फर्किसकेका छन्।

बसमा चालक र सहचालकसहित २६ जना रहेको इलाका प्रहरी कार्यालय सिमराका डिएसपी प्रदीपबहादुर क्षेत्रीले जानकारी दिए। जसमा २० यात्रु भारतीय रहेको उनले बताए। दुर्घटनापछि फरार चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

सिटी ब्रान्डिङसम्बन्धी काम गर्न चाहनेलाई १५ दिनभित्र अवधारणा पेस गर्न आग्रह

काठमाडौं/ काठमाडौं महानगरपालिकाले राष्ट्रिय-अन्तर्राष्ट्रिय पहिचान बढाउन अवधारणा माग गरेको छ। महानगरपालिकाअन्तर्गत सहरी योजना आयोगले एक सूचना जारी गर्दै अवधारणापत्रसहित सूचीकृत हुन आउन भनेको हो। महानगरका अनुसार समग्र ब्रान्डिङसम्बन्धी काम गर्न इच्छुकले १५ दिनभित्र अवधारणा पेस गर्न सक्नेछन्। यसका लागि फर्म तथा संघ-संस्थाले निवेदनसहित सिटी ब्रान्डिङ अवधारणापत्र तथा गर्न सकिने कामको प्राविधिक प्रस्ताव, अहिलेसम्म गरेका कामको अनुभव प्रमाणपत्र तथा



अन्य कागजात र संस्थाका कागजात पेस गर्नुपर्छ। संस्थाका कागजात भनेको दर्ता प्रमाणपत्र, पान-भ्याट दर्ता प्रमाणपत्र, स्थानीय तहमा व्यवसाय दर्ता भएको प्रमाणपत्र, आर्थिक वर्ष ०७८/७९ को करचुक्ता प्रमाणपत्र हुन्। व्यक्ति वा विज्ञले अवधारणा पेस गर्न चाहेमा नेपाली नागरिकताको प्रतिलिपि, व्यक्तिगत विवरण (बायोडाटा), अहिलेसम्म गरेका कामको अनुभव विवरण तथा प्रमाणपत्रसहित सिटी ब्रान्डिङ अवधारणापत्र तथा गर्न सकिने काम उल्लेख भएको प्राविधिक प्रस्ताव पेस गर्नुपर्छ।

कर्जा चुक्ता गर्न आउने ३५ दिने सार्वजनिक अत्यन्त जरूरी सूचना

प्रकाशित मिति : २०८०/५/८ गते

यस महालक्ष्मी विकास बैंक लि.को तपसिलमा उल्लेखित शाखाहरुबाट तपाई ऋणीहरुले कर्जा उपभोग गर्दै आउनु भएकोमा उक्त कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न आउन तपाईहरुलाई पटक पटक लिखित तथा मौखिक रुपमा सूचना गरी तर-ताकेता गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्था गरेकोले ऋण कर्जा चुक्ता भुक्तान गर्न आउन यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। सो अवधि भित्र बैंकमा उपस्थित हुनु भई तपाई ऋणीहरुले बुझाउनु पर्ने सम्पूर्ण कर्जा रकम सोको ब्याज तथा दैदस्तुर समेत चुक्ता गरी आफ्नो धितो सम्पत्ति फुकुवा गरी लिनु हुन सूचित गरिन्छ। अन्यथा, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंकको कालोसूची सम्बन्धी निर्देशिका तथा बैंकको कर्जा असूली एवं धितो गैह्र बैंकिंग सम्पत्ति बिक्री कार्यविधि २०६६ लगायत प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी, व्यक्तिगत जमानीकर्ता समेतलाई कर्जा सूचना लि.को कालोसूचीमा राखी अन्य कानूनी कारवाही समेत अगाडी बढाइने कुरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै व्यक्तिगत जमानतदाता, धितोकर्ता तथा सरोकारवालाहरुले समेत यसै सूचना बमोजिम जानकारी लिनुहोला।

तपसिल

धरान शाखा :

ऋणी : श्री सन्त बहादुर राई, बाबु : श्री गंगा बहादुर राई, बाजे : श्री देव चन्द्र राई
ठेगाना : धनकुटा जिल्ला खोकु गा.वि.स. वडा नं. ७ हाल सहिदभुमी गा.पा. वडा नं. ५, धनकुटा
व्यक्तिगत जमानीकर्ताहरु :
(क) श्री निता राई, बाबु : राम बहादुर राई, ससुरा : श्री गंगा बहादुर राई, पति : श्री सन्त बहादुर राई
(ख) श्री सन्त बहादुर राई, बाबु : श्री गंगा बहादुर राई, बाजे : श्री देव चन्द्र राई
ठेगाना : धनकुटा जिल्ला खोकु गा.वि.स. वडा नं. ७ हाल सहिदभुमी गा.पा. वडा नं. ५, धनकुटा
कर्जा : विपन्न वर्ग कर्जा
धितो सुरक्षणको विवरण : श्री सन्त बहादुर राईलाई ऋणि कायम गरी कोशी प्रदेश यातायात व्यवस्था कार्यालय, सुनसरीमा यस बैंकको नाममा दर्ता कायम रहेको कम्पनी : Piaggio, मोडल : Ape City, दर्ता नं. : प्र.नं. १ ०२ ००३ ह ६३५ च्यासिस नं. : MBX0005AFXB809699, ईन्जिन नं. : TBPAXBW3003522 को टेम्पु थान १।

विराटनगर शाखा :

ऋणी : श्री गुजर लाल माझी, बाबु : श्री जहरु माझी, बाजे : श्री बालचन्द्र माझी
ठेगाना : मोरङ जिल्ला डाईनिया गा.वि.स. वडा नं. ९
व्यक्तिगत जमानीकर्ताहरु :
(क) श्री मन कुमारी माझी, बाबु : श्री सरजुग माझी, ससुरा : श्री जहरु माझी, पति : श्री गुजर लाल माझी
(ख) श्री गुजर लाल माझी, बाबु : श्री जहरु माझी, बाजे : श्री बालचन्द्र माझी
ठेगाना : मोरङ जिल्ला डाईनिया गा.वि.स. वडा नं. ९
कर्जा : विपन्न वर्ग कर्जा
धितो सुरक्षणको विवरण : श्री गुजर लाल माझीलाई ऋणि कायम गरी कोशी प्रदेश यातायात व्यवस्था कार्यालय, सुनसरीमा यस बैंकको नाममा दर्ता कायम रहेको कम्पनी : Piaggio, मोडल : Ape City, दर्ता नं. : को २ ह ७८०७ च्यासिस नं. : MBX0002JFWJ723448, ईन्जिन नं. : TBPEMJW3022071 को टेम्पु थान १।

चन्द्रनिगाहपुर शाखा :

१. ऋणी : श्री बिनोद कुमार साह, बाबु : श्री राम अस्रे साह, बाजे : श्री टैट साह तेली
ठेगाना : जिल्ला रौतहट, स.धर्मौरा गा.वि.स. वडा नं. ९
व्यक्तिगत जमानीकर्ताहरु :
(क) श्री विनोद कुमार साह, बाबु : श्री राम अस्रे साह, बाजे : श्री टैट साह तेली
(ख) श्री सुखली देवी, ससुरा : टैट साह तेली, पति : रामअश्रे साह
(ग) श्री रामअश्रे साह तेली, बाबु : टैट साह तेली, बाजे : भुनेश्वर साह तेली
ठेगाना : जिल्ला रौतहट, स.धर्मौरा गा.वि.स. वडा नं. ९
कर्जा : विपन्न वर्ग कर्जा
धितो सुरक्षणको विवरण : श्री विनोद कुमार साहलाई ऋणि कायम गरी मधेश प्रदेश यातायात व्यवस्था कार्यालय, पर्सामा यस बैंकको नाममा दर्ता कायम रहेको कम्पनी : Piaggio, मोडल : Ape City, दर्ता नं. : प्र. २ ०३ ००१ ह २४९ च्यासिस नं. : MBX0002JFWK733177, ईन्जिन नं. : TBPEMKW3022670 को टेम्पु थान १।

२. ऋणी : श्री महम्द सेराज, बाबु : श्री जहिर मिया, बाजे : श्री हनिफ मिया
ठेगाना : जिल्ला रौतहट, रमौली बेरीया गा.वि.स. वडा नं. ५
व्यक्तिगत जमानीकर्ताहरु :
(क) श्री महम्द सेराज, बाबु : श्री जहिर मिय, बाजे : श्री हनिफ मिया
(ख) श्री जहिर मिया, बाबु : श्री हनिफ मिया, बाजे : श्री रहिम मिया
(ग) श्री सैरा खातुन, बाबु : श्री लतिफ साइ, ससुरा : श्री हनिफ मिया, पति : श्री जहिर मिया
ठेगाना : जिल्ला रौतहट, रमौली बेरीया गा.वि.स. वडा नं. ५
कर्जा : विपन्न वर्ग कर्जा
धितो सुरक्षणको विवरण : श्री महम्द सेराजलाई ऋणि कायम गरी मधेश प्रदेश यातायात व्यवस्था कार्यालय, पर्सामा यस बैंकको नाममा दर्ता कायम रहेको कम्पनी : Piaggio, मोडल : Ape City, दर्ता नं. : प्र. २ ०३ ००१ ह ५९ च्यासिस नं. : MBX0002JFWJ709808, ईन्जिन नं. : TBPEMJW3021025 को टेम्पु थान १।

३. ऋणी : श्री शान्ता कुमारी बन्जरा (चौलागाई), बाबु : श्री कृष्ण लाल बन्जरा, ससुरा : श्री राम प्रसाद चौलागाई, पति : श्री बिष्णु प्रसाद चौलागाई
ठेगाना : जिल्ला रौतहट, कनकपुर गा.वि.स. वडा नं. ८
व्यक्तिगत जमानीकर्ताहरु :
(क) श्री शान्ता कुमारी बन्जरा (चौलागाई), बाबु : श्री कृष्ण लाल बन्जरा, ससुरा : श्री राम प्रसाद चौलागाई, पति : श्री बिष्णु प्रसाद चौलागाई
(ख) श्री बिष्णु प्रसाद चौलागाई, बाबु : श्री राम प्रसाद चौलागाई, बाजे : श्री बाल कृष्ण चौलागाई
ठेगाना : जिल्ला रौतहट, कनकपुर गा.वि.स. वडा नं. ८
कर्जा : विपन्न वर्ग कर्जा
धितो सुरक्षणको विवरण : श्री शान्ता कुमारी बन्जरा (चौलागाई)लाई ऋणि कायम गरी मधेश प्रदेश यातायात व्यवस्था कार्यालय, पर्सामा यस बैंकको नाममा दर्ता कायम रहेको कम्पनी : Piaggio, मोडल : Ape City, दर्ता नं. : प्र. २ ०३ ००१ ह २५९ च्यासिस नं. : MBX0002JFWJ711773, ईन्जिन नं. : TBPEMJW3021194 को टेम्पु थान १।

४. ऋणी : श्री दिनेश सहनी, बाबु : श्री जगर नाथ सहनी, बाजे : श्री शिवधारी सहनी
ठेगाना : जिल्ला रौतहट, जेठरहिया गा.वि.स. वडा नं. ९
व्यक्तिगत जमानीकर्ताहरु :
(क) श्री दिनेश सहनी, बाबु : श्री जगर नाथ सहनी, बाजे : श्री शिवधारी सहनी
(ख) श्री भागमनी देवी, बाबु : श्री श्री सहनी, ससुरा : श्री जगर नाथ सहनी, पति : श्री दिनेश सहनी
ठेगाना : जिल्ला रौतहट, जेठरहिया गा.वि.स. वडा नं. ९
कर्जा : विपन्न वर्ग कर्जा
धितो सुरक्षणको विवरण : श्री दिनेश सहनीलाई ऋणि कायम गरी मधेश प्रदेश यातायात व्यवस्था कार्यालय वीरगञ्ज, पर्सामा यस बैंकको नाममा दर्ता कायम रहेको कम्पनी : Piaggio, मोडल : Ape City, दर्ता नं. : ना २ ह ६४३१ च्यासिस नं. : MBX0002JFWJ723468, ईन्जिन नं. : TBPEMJW3022230 को टेम्पु थान १।

लहान शाखा :

१. ऋणी : श्री राजिन्दर पासमान, बाबु : श्री मुंगालाल पासमान, बाजे : श्री सुबध पासमान
ठेगाना : सिरहा जिल्ला, सितापुर गा.वि.स. वडा नं. ४
व्यक्तिगत जमानीकर्ताहरु :
(क) श्री राजिन्दर पासमान, बाबु : श्री मुंगालाल पासमान, बाजे : श्री सुभध पासमान
(ख) श्री अनारवति देवि पासमान, बाबु : श्री बद्री पासमान, ससुरा : श्री मुंगालाल पासमान, पति : श्री राजिन्दर पासमान
ठेगाना : सिरहा जिल्ला, सितापुर गा.वि.स वडा नं. ४
कर्जा : विपन्न वर्ग कर्जा
धितो सुरक्षणको विवरण : श्री राजिन्दर पासमानलाई ऋणि कायम गरी मधेश प्रदेश यातायात व्यवस्था कार्यालय लहान सिराहमा यस बैंकको नाममा दर्ता कायम रहेको कम्पनी : Piaggio, मोडल : Ape City, दर्ता नं. : प्र. २ ०१ ००१ ह ००४६ च्यासिस नं. : MBX0002JFWJ734617, ईन्जिन नं. : TBPEMJWB3021689 को टेम्पु थान १।

२. ऋणी : श्री जोगिन्द्र यादव, बाबु : श्री जै किसुन केवार यादव, बाजे : श्री ढकाई यादव
ठेगाना : सप्तरी जिल्ला, बलान बिहुल गा.पा. वडा नं. १
व्यक्तिगत जमानीकर्ताहरु :
(क) श्री जोगिन्द्र यादव, बाबु : श्री जै किसुन केवार यादव, बाजे : श्री ढकाई यादव
(ख) श्री जै किसुन केवार यादव, बाबु : श्री ढकाई केवार यादव, बाजे : श्री मनु केवार यादव
ठेगाना : सप्तरी जिल्ला, बलान बिहुल गा.पा. वडा नं. १
कर्जा : विपन्न वर्ग कर्जा
धितो सुरक्षणको विवरण : श्री जोगिन्द्र यादवलाई ऋणि कायम गरी सगरमाथा अञ्चल यातायात व्यवस्था कार्यालयमा लहान सिराहमा यस बैंकको नाममा दर्ता कायम रहेको कम्पनी : Piaggio, मोडल : Ape City, दर्ता नं. : स १ ह ३७०१, च्यासिस नं. : MBX0002JFWK732581, ईन्जिन नं. : TBPEMJW3021607 को टेम्पु थान १।

ईटहरी शाखा :

१. ऋणी : श्री आस बहादुर लिम्बु, बाबु : श्री रख बहादुर लिम्बु, बाजे : श्री राम विर लिम्बु
ठेगाना : मोरङ जिल्ला, बारङी गा.वि.स. वडा नं. ७
व्यक्तिगत जमानीकर्ताहरु :
(क) श्री मोती माया लिम्बु, बाबु : श्री आस बहादुर लिम्बु, बाजे : श्री रख बहादुर लिम्बु
(ख) श्री आस बहादुर लिम्बु, बाबु : श्री रख बहादुर लिम्बु, बाजे : श्री राम विर लिम्बु
ठेगाना : मोरङ जिल्ला, बारङी गा.वि.स वडा नं. ७
कर्जा : विपन्न वर्ग कजा
धितो सुरक्षणको विवरण : श्री आस बहादुर लिम्बुलाई ऋणि कायम गरी कोशी अञ्चल यातायात व्यवस्था कार्यालय, सुनसरीमा यस बैंकको नाममा दर्ता कायम रहेको कम्पनी : Piaggio, मोडल : Ape City, दर्ता नं. : को २ ह ८२६९ च्यासिस नं. : MBX0005AFXA795395, ईन्जिन नं. : TBPAXAW3002510 को टेम्पु थान १।

तुल्सिपुर शाखा :

ऋणी : श्री सुधिर जंग शाह, बाबु : श्री हुकुम जंग शाह, बाजे : श्री गेहेन्द्र बहादुर शाह
ठेगाना : दंगीशरण गा.पा. वडा नं. ६, दाङ
व्यक्तिगत जमानीकर्ताहरु :
(क) श्री सुधिर जंग शाह, बाबु : श्री हुकुम जंग शाह, बाजे : श्री गेहेन्द्र बहादुर शाह
(ख) श्री दुर्गा न्यौपाने, बाबु : श्री तुल्सीराम न्यौपाने, ससुरा : श्री हुकुम जंग शाह, पति : श्री सुधिर जंग शाह
ठेगाना : दंगीशरण गा.पा. वडा नं. ६, दाङ
कर्जा : विपन्न वर्ग कर्जा
धितो सुरक्षणको विवरण : श्री सुधिर जंग शाहलाई ऋणि कायम गरी राप्ती अञ्चल यातायात व्यवस्था कार्यालय, दाङमा यस बैंकको नाममा दर्ता कायम रहेको कम्पनी : Piaggio, मोडल : Ape City, दर्ता नं. : रा १ स ४५४६ च्यासिस नं. : MBX0005LBXK945232, ईन्जिन नं. : TBPALKX3003398 को टेम्पु थान १।

निजगढ शाखा :

ऋणी : श्री सुक बहादुर जिम्बा, बाबु : श्री सोम बहादुर जिम्बा, बाजे : श्री खडक बहादुर जिम्बा
ठेगाना : सिन्धुली जिल्ला, हरिहरपुरगढी गा.वि.स. वडा नं. २
व्यक्तिगत जमानीकर्ताहरु :
(क) श्री काली माया जिम्बा, बाबु : श्री दुध राज बल, ससुरा : श्री सोम बहादुर जिम्बा, पति : श्री सुक बहादुर जिम्बा
(ख) श्री सुक बहादुर जिम्बा, बाबु : श्री सोम बहादुर जिम्बा, बाजे : श्री खडक बहादुर जिम्बा
ठेगाना : सिन्धुली जिल्ला, हरिहरपुरगढी गा.वि.स. वडा नं. २
कर्जा : विपन्न वर्ग कर्जा
धितो सुरक्षणको विवरण : श्री सुक बहादुर जिम्बालाई ऋणि कायम गरी मधेश प्रदेश यातायात व्यवस्था कार्यालय वीरगञ्ज, पर्सामा यस बैंकको नाममा दर्ता कायम रहेको कम्पनी : Piaggio, मोडल : Ape City, दर्ता नं. : प्र. २ ०३ ००१ ह २०३ च्यासिस नं. : MBX0005AFXB812058, ईन्जिन नं. TBPAXBW3003364 को टेम्पु थान १।

नेपालगञ्ज शाखा :

ऋणी : श्री राम बहादुर बोहरा, बाबु : श्री गोबर्धन बोहरा, बाजे : श्री हनुमान थापा
ठेगाना : बाँके जिल्ला, नेपालगञ्ज उ.म.न.पा. वडा नं. ४
व्यक्तिगत जमानीकर्ता :
श्री कविता जोशी (बोहरा), बाबु : श्री देव कृष्ण जोशी, ससुरा : श्री गोबर्धन बोहरा, पति : श्री राम बहादुर बोहरा
ठेगाना : बाँके जिल्ला, नेपालगञ्ज उ.म.न.पा. वडा नं. ४
कर्जा : विपन्न वर्ग कर्जा
धितो सुरक्षणको विवरण : श्री राम बहादुर बोहरालाई ऋणि कायम गरी लुम्बिनी प्रदेश यातायात व्यवस्था कार्यालय बाँकेमा यस बैंकको नाममा दर्ता कायम रहेको कम्पनी : Piaggio, मोडल : Ape City, दर्ता नं. : भे १ स ७९३५ च्यासिस नं. : MBX0002JFWJ708632, ईन्जिन नं. TBPEMHW3020813 को टेम्पु थान १।

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको रा‌ष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)
केन्द्रीय कार्यालय दरबारमार्ग, काठमाण्डौं फोन नं. ०१-५३६८१५३, ५३६८७१९
कर्जा असूली विभाग थापाथली, काठमाण्डौं फोन नं. ०१-५९१९२१९/५९११५१९/२०
सबल बैंक, सफल सहकार्य
www.mahalaxmibank.com

■ उपत्यकाका अधिकांश सडक हिलाम्य-धुलाम्य

बर्खाको बहानामा खाल्डाखुल्डी टाल्न बेवास्ता

शिवहरि घिमिरे/नयाँ पत्रिका

भक्तपुरको सल्लाघारी हुँदै कमलविनायक निस्कने सडकखण्ड दुई लेनको मात्रै छ। तर, त्यही सडकको दायाँ-बायाँ करिब एक लेन ढाक्ने गरी विद्युत् प्राधिकरणले तार भूमिगत गर्ने बहानामा भत्काएर अलपत्र छाडेको छ। सडकको दुवैतिर ठाउँ-ठाउँमा भत्काएका कारण ठूला सवारीसाधन मुस्किलले छिर्छन् भने पदैलयात्रीका लागि त बाटै छैन। प्राधिकरणले तार भूमिगत गरिसके पनि सडक मर्मत भने गरेको छैन। सडक खन्दा निकालेको माटो किनारमै थुप्रिएको छ। सल्लाघारीदेखि कमलविनायकसम्ममा करिब एक सय ठाउँमा यस्ता खाल्डाखुल्डी छन्।

दूधपाटीका विनय सुवालका अनुसार सडकका खाल्डाखुल्डी र माटो थुप्रिँदा चार महिनादेखि स्थानीयले सास्ती भोगिरहेका छन्। तार भूमिगत सकिए पनि खाल्डाखुल्डी नपुर्दा कालोपत्रे सडकसमेत हिलाम्य भएको छ। 'साँघुरो सडक भत्काएर त्यसै छाड्दा हिँडिनसक्नुभएको छ,' सुवालले भने, 'प्राधिकरणले काम सकेर पनि खाल्डो पुर्न चासो देखाएन।' दूधपाटीमा चारवटा अस्पतालसहित दमकल कार्यालय पनि छ। सडक यसरी अस्तव्यस्त बनाउँदा बिरामी बोकेका एम्बुलेन्स र दमकलले समेत सास्ती भोग्ने गरेका छन्।

सल्लाघारी-दूधपाटी सडक खण्ड त प्रतिनिधि उदाहरण मात्रै हो। बर्खा लागेसँगै काठमाडौं उपत्यकाका अधिकांश सडक पानी पर्दा हिलाम्य र घाम लाग्दा धुलाम्य हुने गरेको छ। नियमअनुसार बर्खाका वेला सडक कालोपत्रे गर्न मिल्दैन, तर खाल्डाखुल्डी टाल्न भने मिल्छ। तर, बर्खाको बहाना बनाउँदै सम्बन्धित निकायले मुख्य सडककै खाल्डाखुल्डी टाल्न आलटाल गरिरहेका छन्। काठमाडौंका सडक मर्मत तथा टाल्ने जिम्मा



काठमाडौं र ललितपुरको सीमा बालकुमारी पुलमुनि सडकमा रहेको खाडल। **तस्बिर : अमुल थापा/नयाँ पत्रिका**



काठमाडौं महानगरपालिकाको कार्यालय काठमाडौं प्लाजाअगाडिको सडकको खाडल। यो महिनौंदेखि पुरिएको छैन।

सडक विभाग, काठमाडौं महानगरपालिका, सडक डिभिजन कार्यालय काठमाडौं, नेपाल विद्युत् प्राधिकरण, उपत्यका विकास प्राधिकरणलगायतको हो। यी निकायको बेवास्ताले उपत्यकाका सडक अस्तव्यस्त र धरापपूर्ण बनिरहेका छन्।

■ सडक मर्मतलाई सरकारले प्राथमिकता नदिएको आरोप

यातायातविज्ञ आशिष गजुरेलले सरकारले सडक र यातायातलाई प्राथमिकतामा नराख्दा पदयात्री र सवारीचालकले सास्ती खेप्नुपरेको बताए। 'उपत्यकाका सडक संरचना यसै पनि यात्रुमैत्री छैनन्, त्यसमाथि पनि मनलाग्दा खाल्डा टाल्ने, मन नलाग्दा बेवास्ता गर्ने सरकारी प्रवृत्ति छ,' उनले भने, 'सडक पूर्वाधार जीर्ण बन्दा सवारी ओहोरदोहोरमा समस्या भएको छ।'

सडक विभागका महानिर्देशक सुशीलबाबु ढकालले भने पर्याप्त बजेट नहुँदा खाल्डाखुल्डी टाल्न नसकेको बताए। 'असारअघिसम्म उपत्यकालाई लगभग खाल्डाविहीन बनाएका थियौं, त्यसयता भने खाल्डा टाल्ने काम भएको छैन, यसमा बजेटको समस्या पनि हो,' उनले भने, 'अर्थ मन्त्रालयसँग बजेट माग गरेका छौं, १५ भदौसम्म खाल्डा पुरिन्छन्।' उनले बालुवाटार क्षेत्रको सडक र करिडोर सडक घिनलाग्दो अवस्थामा भइसकेको बताए। यसलाई छिटो व्यवस्थित गर्ने दाबी पनि गरे। उनका अनुसार बर्खामा पानी निकास व्यवस्थित नहुँदा उपत्यकाका सडक बिग्रन्छन्।

यस्तै, यहाँका सबै सडक मर्मत विभागको मात्रै जिम्मामा नरहेको उनको भनाइ छ। करिडोर सडक उपत्यका विकास प्राधिकरण, तार भूमिगत गर्दा खनेको सडक विद्युत् प्राधिकरण, सहायक भित्री सडक महानगरपालिका, चक्रपथ सडक डिभिजन तथा चक्रपथ सुधार आयोजनालगायतले गर्नुपर्ने महानिर्देशक ढकालले बताए। तर, ठूला सडक टाल्ने तथा कालोपत्रे गर्ने जिम्मा विभागकै हो।

■ सिंहदरबारसँगै जोडिएका सडकमा खाल्डैखाल्डा

देशको प्रमुख प्रशासनिक केन्द्र सिंहदरबारसँगै जोडिएका सडकमा परेका खाल्डाखुल्डीसमेत पुरिएको छैन। पुतलीसडक हुँदै माइतीघरतर्फ जाँदा सर्वोच्च अदालतको गेटनजिकै सडकमा खाल्डो परेको छ। यो एक सातादेखि मर्मत हुन सकेको छैन। यसैका कारण सवारीसाधनको गति कम हुँदा कार्यालय समयमा ट्राफिक जाम हुने गरेको छ।

यस्तै, कमलादीस्थित काठमाडौं महानगरको नयाँ कार्यालय काठमाडौं प्लाजाअगाडिको सडकका खाल्डाखुल्डी महिनौंदेखि अलपत्र अवस्थामा छ। आफ्नै भवनअगाडिका खाल्डाखुल्डीसमेत महानगरले टालेको छैन। एक वर्षअघि (भदौ ०७९) महानगरले खाल्डाखुल्डी पुर्न पूर्वाधार एम्बुलेन्ससमेत सञ्चालनमा ल्याएको थियो। तर, उक्त एम्बुलेन्स पाँच महिनामै बन्द भएको थियो। उक्त एम्बुलेन्स हाल महानगरको वातावरण विभागपरिसरमा थन्किएको छ।

■ खाल्डामा पानी जम्दा डेंगुको डर

सडकका खाल्डामा पानी जमेका कारण लामखुट्टेले लार्भा पार्ने र डेंगुको जोखिमसमेत बढेको जनस्वास्थ्यविज्ञले बताएका छन्। 'सबैतिर अहिले डेंगु फैलिएको छ, डेंगु नियन्त्रण गर्न लार्भा नष्ट गर्नुको विकल्प छैन। यसका लागि कतै पनि पानी जम्न दिनुहुँदैन,' स्वास्थ्य सेवा विभाग उपचारात्मक महाशाखा प्रमुख अनुप बाँस्तोलाले भने, 'तर उपत्यकाका सडकका खाल्डाखुल्डीमा पानी जमेको छ, त्यहाँ पनि लामखुट्टेले लार्भा पार्छ।' डेंगु नियन्त्रण गर्न सडकमा पानी जम्ने दिन नहुने उनी बताउँछन्।



■ **सुशीलबाबु ढकाल**
महानिर्देशक, सडक विभाग

असारअघिसम्म उपत्यकाका सडक लगभग खाल्डाविहीन थिए। तर, त्यसयता काम गर्न पाएका छैनौं। बर्खाका वेला खाल्डा टाल्ने नहुने भन्ने पनि होइन। यसको मुख्य कारण लगातार पानी पर्नु र हामीसँग बजेट नहुनु हो। अहिले करिडोर सडक झन् घिनलाग्दा भएका छन्। अर्थ मन्त्रालयले बजेट निकासा गरेपछि १५ भदौसम्म खाल्डाखुल्डी पुरिसक्छौं।

■ कहाँ-कहाँ छन् खाल्डाखुल्डी ?

सबैभन्दा धेरै खाल्डाखुल्डी त्रिपुरेश्वर-कलंकी सडकखण्डमा छन्। यस्तै, कोटेश्वरदेखि माइतीघरसम्म पनि फाट्टफुट्ट खाल्डाखुल्डी देखिन्छन्। भक्तपुर सल्लाघारी-कमलविनायक, कोटेश्वर-सल्लाघारी, सूर्यविनायक-जगाती, जगाती-च्यामासिंह, ललितपुरको मंगलबजार-ग्वार्को, कुमारीपाटी-जावलाखेल, सातदोबाटो-हरिसिद्धि, चापागाउँ दोबाटो-चापागाउँ, काठमाडौंको थापागाउँ-अनामनगर, चक्रपथको चाबहिल र गौशाला खण्ड, पुरानो बानेश्वर-मैतीदेवी, रत्नपार्क-जमल, कमलादीस्थित काठमाडौं प्लाजाअगाडि, पुतलीसडक माइतीघर, मैतीदेवी, कमलपोखरी, रातोपुल, बागमती करिडोर, विष्णुमती करिडोर, धोबीखोला करिडोर, चुच्चेपाटी-महाँकाललगायत सडकमा खाल्डाखुल्डी छन्।

■ हिँडिसक्नु छैन करिडोर सडक

उपत्यकाका मुख्य सडकमा हुने सवारीसाधनको चाप घटाउन करिडोर र सहायक सडकले प्रभावकारी भूमिका खेलिरहेका छन्। तर, पछिल्लो सयम करिडोर तथा सहायक सडकका खाल्डाखुल्डीले हिँडिसाध्य छैन। बागमती करिडोर, विष्णुमती करिडोर, धोबीखोला करिडोरलगायत सडकखण्ड अहिले हिलाम्य, धुलाम्य र खाल्डाखुल्डीका कारण जोखिमयुक्त छन्।

बागमती करिडोरको सिनामंगल पुलमुनि ढलान गरेर अझै सकिएको छैन। तिनकुनेको पुलमुनि ढलान भए पनि भिएस निकेतन कलेज हुँदै ललितपुरतर्फ जाने करिडोर सडक खाल्डाखुल्डीकै कारण जोखिमयुक्त छ। यस्तै, धोबीखोला करिडोरअन्तर्गत बिजुलीबजार पुलमुनिको सडक अझै खोलिएको छैन।

बिहीबार उपत्यकामा

भोटाहिटी : विभिन्न सामाजिक सञ्जालमार्फत ठगी गरेको अभियोगमा प्रहरीले दुईजनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा पर्सा बहुदामाई नगरपालिका-८ बस्ने ३० वर्षीय राजकुमार पण्डित र रौतहट कटहरिया नगरपालिका-१ बस्ने २१ वर्षीय उमेशकुमार यादव रहेका छन्। उनीहरूले सामाजिक सञ्जाल टिकटक, फेसबुक, ह्वाट्सएपमा जमजम इलेक्ट्रोनिक्समार्फत लक्की ड्रमा आइफोन जितेको र कस्टम क्लियरेन्सका लागि पैसा पठाउनुपर्छ भन्दै सर्वसाधारणलाई ठग्दै आएका थिए। पीडितलाई विभिन्न बैंक खातामा रकम जम्मा गर्न लगाई ठगी गरेको उजुरीका आधारमा नेपाल प्रहरी प्रधान कार्यालय साइबर ब्युरो भोटाहिटीबाट खटिएको प्रहरीले उनीहरूलाई ललितपुर, कुपण्डोल गुसिंगालबाट पक्राउ गरेको हो। उनीहरूबाट ४९ लाख ९५ हजार रुपैयाँ, सात थान मोबाइल, एक सय ८३ थान सिम, एटिएम कार्ड १२ थान र राउटर एक थान प्रहरीले बरामद गरेको छ। उनीहरूविरुद्ध विद्युतीय माध्यम सम्बद्ध ठगी कसुरमा काठमाडौं जिल्ला अदालतबाट सात दिन म्याद थप अनुमति लिई प्रहरीबाट आवश्यक अनुसन्धान भइरहेको छ।

विमानस्थल : त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट अवैध रूपमा लुकाई-छिपाई बाह्य मुलुकतर्फ लैजान लागेका एक सय दरका ३१ थान, २० दरका पाँच थानसहित जम्मा तीन हजार दुई सय अमेरिकी डलर र एक हजार दरका तीन सय थान, पाँच सय दरका ११ सय थान गरी आठ लाख ५० हजार नेपाली रुपैयाँसहित फिलिपिन्सका ३२ वर्षीय अर्सेनिओ जुनियर मेसालाई प्रहरीले पक्राउ गरेको छ। फ्लाई दुबईको उडानद्वारा दुबई जान लागेका उनलाई विमानस्थलको अन्तर्राष्ट्रिय उडानतर्फको प्रस्थान ह्यान्ड ब्यागेज चेकिङ एरियामा उक्त मुद्रासहित फेला पारी पक्राउ गरेको हो। उनलाई आवश्यक अनुसन्धान एवं कानुनी कारबाहीका लागि राजस्व अनुसन्धान विभाग हरिहरभवन पुल्चोक ललितपुर पठाइएको छ।

टुँडिखेल : काठमाडौं उपत्यकामा बसोवास गर्दै आएका सुदूरपश्चिमवासीले टुँडिखेलमा गौरापर्व मनाएका छन्। ७ देखि ९ भदौसम्म चल्ने उक्त पर्वको पहिलो दिन सुदूरपश्चिम तथा मध्यपश्चिमका मानिसको उल्लेख्य उपस्थिति थियो। काठमाडौंको टुँडिखेलमा प्रशंसा संरक्षण समूहको आयोजनामा भएको मेलामा सुदूरपश्चिम र कर्णाली प्रदेशको कला तथा सांस्कृतिक नृत्य प्रस्तुत गरिएको थियो। गौरा (पार्वती)को पूजा गरी मनाइने यस पर्वमा आत्मशान्तिसँगै मोक्ष प्राप्त हुने विश्वास जनमानसमा छ। कार्यक्रममा उपस्थित खडकबहादुर सिजापतीले आफ्नो कला संस्कृति र धर्मलाई बचाइराख्न सबै सुदूरपश्चिम, कर्णाली र मध्यपश्चिमका मानिसलाई लक्षित गरी मनाउने गरिएको बताए।

■ न्यायपालिकाको आदेशमा व्यवस्थापिकामा असन्तुष्टि

संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रममा सर्वोच्चले रोक लगाएपछि सांसदहरू आक्रोशित

कमलराज भट्ट/नयाँ पत्रिका

संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम कार्यान्वयनमा रोक लगाउन सर्वोच्च अदालतबाट आएको अन्तरिम आदेशको सांसदहरूले आलोचना गरेका छन् । प्रतिनिधिसभाको बिहीबार बसेको बैठकको विशेष समयमा काग्रेस, एमाले र लोसपाका सांसदले न्यायपालिकाबाट विधायिकी अधिकार हनन भएको टिप्पणी गरेका हुन् ।

संघ र प्रदेशको बजेटमा व्यवस्था गरिएको सांसद विकास कोष खारेजीको माग गर्दै परेको रिटमा सर्वोच्चले बुधबार सांसद आफैंले निर्वाचन क्षेत्रमा विकास कार्यक्रम गर्दा स्वार्थ बाझिने भएकाले संघ र प्रदेशका संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम तत्काल कार्यान्वयन नगर्न अन्तरिम आदेश दिएको थियो । सांसदहरूले आदेश शक्ति पृथकीकरणको सिद्धान्तविपरीत रहेको र यसलाई गम्भीरतापूर्वक लिनुपर्ने पक्षधर सांसदहरूको मत छ ।

सर्वोच्चको आदेश शक्ति पृथकीकरणको सिद्धान्तविपरीतको अत्यन्त गम्भीर भएको काग्रेस सांसद श्यामकुमार घिमिरेले टिप्पणी गरे । विगत वर्षहरूमा खारेज भएको सांसद विकास कोष बजेटमा पार्न चर्को लबिङ गरेका घिमिरेले सर्वोच्चबाट रोक लागेपछि प्रतिनिधिसभामा पाएको १० मिनेटसम्म आलोचना गरेका हुन् । सर्वोच्चको आदेश व्यवस्थापिकाको कार्यक्षेत्रलाई दख्खल अन्दाजी गर्ने खालको भएको उनको भनाइ थियो । 'अदालतको स्वायत्तता र सर्वोच्चताका लागि लडेको मान्छे हुँ । तर, हिजोको फैसलाले अत्यन्त दुःखी बनाएको छ,' उनले भने । घिमिरेले कानुन बनाउने तथा बजेट पास गर्ने संसद्को क्षेत्राधिकार भएको र यो अधिकार क्षेत्रलाई कसैले पनि हनन गर्न नसक्ने जिकिर गर्दै भने, 'बजेट पनि एउटा अर्थ विधेयककै रूपमा आएको छ । एउटा अंशलाई झिकेर कसैलाई पनि यो बजेटलाई खण्डित गर्ने अधिकार कुनै पनि निकाय न कार्यपालिकालाई छ न न्यायपालिकालाई छ ।'

सर्वोच्चको अहिलेको व्याख्याले संविधानको सम्पूर्ण संरचनालाई खलल पार्ने काम गरेको भन्दै घिमिरेले सिंगो संसद् एक भएर प्रतिवाद गर्नुपर्ने धारणा राखे । 'पाँच करोडको कुरा महत्त्वपूर्ण होइन । हामी एक-अर्काका क्षेत्राधिकारभित्र प्रवेश गर्न थाल्यौं भने हामीले अँगालेको लोकतान्त्रिक व्यवस्था के हुन्छ भन्ने महत्त्वपूर्ण हो । संसद्ले यतातर्फ ध्यान आकर्षित गर्नुपर्छ,' उनले भने ।

अदालतले क्षेत्राधिकार नाघेको स्मरण गराउन घिमिरेले संविधानसँग बाझिएमा मात्रै अदालतले व्याख्या गर्न पाउने जिकिर गरे । 'यो (बजेट) कानुनकै रूपमा आएको छ । संविधानसँग बाझियो भने प्रश्न उठाउन पाइन्छ । तर, संविधानसँग नबाझिएका कानुनहरूलाई कसैले पनि काट्न पाउँदैन । न्यायपालिकाले व्याख्या गर्न पाउँदैन । संविधानसँग यो कहाँ बाझिएको छ ? बजेट बनाउने सम्पूर्ण अधिकार संसद्मै अन्तरनिहित छ । यो अधिकार प्राप्त गरेको सार्वभौम संसद्ले बनाएको बजेटको विषयमा प्रश्न उठाउने अधिकार संविधानको कुन दफा, कुन बुँदाले काटेको छ ?' उनले प्रश्न गरे । न्यायालय कार्यपालिका र विधायिकी क्षेत्रभित्र प्रवेश गर्दा लोकतन्त्र नै खतरामा पर्ने जिकिरसमेत घिमिरेले गरेका थिए । 'यसले भोलि हामी पाकिस्तानको बाटो, निरंकुशतन्त्रको बाटोमा उन्मुक्त हुने हो कि भन्ने खतरा छ । यो खतराप्रति जननिर्वाचित संसद् एक हुनुपर्छ,' उनले भने ।

एमाले सांसद सूर्यबहादुर थापा क्षेत्रीले सर्वोच्चको आदेशले बजेट पारित गर्ने सार्वभौम संसद्को विशेषाधिकारको अपमान गरेको बताए । 'बजेट वक्तव्य पारित गर्दा सार्वभौम संसद्को विधायिकी अधिकार प्रयोग भएको छ । यसलाई सर्वोच्चको संवैधानिक इजलासले गरेको आदेशले सम्मान गरेको छ कि अपमान गरेको छ ?' उनले प्रश्न गरे, 'बजेटसम्बन्धी निर्णय गर्ने अधिकार संसद्बाहेक अरू कसैलाई छैन । संसद्ले गरेको निर्णयमाथि कहीं प्रश्न उठ्ने र त्यसबारेमा अन्यथा आदेश गरेर अनुचित न्यायिक सक्रियता देखाउने फुर्तीफार्ती पनि स्वीकार हुन सक्दैन । यो संसद्ले यसमा सही उपचार खोज्नुपर्छ ।'

जसपा सांसद रेखा यादवले लोकतन्त्र मास्ने गरी



अमरेशले गरे स्वागत

स्वतन्त्र सांसद अमरेश सिंहले देश गम्भीर आर्थिक संकटमा रहेका वेला सांसदलाई पैसा बाँड्नु उपयुक्त नभएको बताए । 'सर्वोच्चको आदेशलाई सेल्युट गर्न चाहन्छु । त्यो जनताको हितमा हो । आफूखुसी त्यो बजेट बाँड्न पाइँदैन,' उनले भने । केही समयअघि सुदूरपश्चिम प्रदेशमा विश्वासको मत पाउन सांसद विकास कोषलाई मोलमोलाइ गरिएको दाबी गर्दै सिंहले भने, 'अस्ति भर्खर सुदूरपश्चिम सरकारले विश्वासको मत लिनलाई पाँच करोड प्रदेश सांसदलाई बाँड्न मिल्छ ? यो के हो ? जनताले कर दिएको पैसाबाट चल्ने मुलुक जनताप्रति उत्तरदायी हुनुपर्छ । जनताप्रति उत्तरदायी नभएको सरकारलाई सर्वोच्च अदालतले ऐना देखाएको छ ।'

उनले आदेशले गठबन्धनको नेताका लागि छुट कानुन हुँदैन भन्ने सन्देश दिएको बताए । 'सरकार र गठबन्धनका कुन नेताले भन्छ- अदालतको फैसला गलत हो । बन्दकोठामा अदालत सक्रिय भयो भनिन्छ । यो होइन, देशमा नियम-कानुन सबैका लागि हो, गठबन्धनको नेताका लागि छुट हुँदैन भन्ने सन्देश दिएको छ,' उनले भने ।

प्रधानमन्त्रीसँग प्रश्नोत्तर मंगलबार

बैठकमा सभामुख घिमिरेले १२ भदौ (मंगलबार)मा प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर कार्यक्रम निर्धारण गरिएको पनि जानकारी गराएका थिए । यसका लागि मंगलबार बिहान ११ बजे प्रतिनिधिसभा बैठक बोलाइएको छ । 'कार्यक्रमका लागि यसअघि नै समूह विभाजन भइसकेको छ । समूह २ मा रहेका सांसदले प्रश्न सोध्नका लागि भदौ ८ गते दिनको ३ बजेभित्र लिखित रूपमा प्रश्न दिन सक्नुहुनेछ,' सभामुख घिमिरेले भने ।

■ **श्यामकुमार घिमिरे**, काग्रेस सांसद



सर्वोच्चको आदेश व्यवस्थापिकाको कार्यक्षेत्रलाई दख्खल अन्दाजी गर्ने खालको छ । बजेट पनि एउटा अर्थ विधेयककै रूपमा आएको छ । एउटा अंशलाई झिकेर यो बजेटलाई खण्डित गर्ने अधिकार न कार्यपालिकालाई छ, न न्यायपालिकालाई छ ।

■ **सूर्यबहादुर थापा**, एमाले सांसद



सर्वोच्चको आदेशले बजेट पारित गर्ने सार्वभौम संसद्को विशेषाधिकारको अपमान गरेको छ । बजेटसम्बन्धी निर्णय गर्ने अधिकार संसद्बाहेक अरू कसैलाई छैन । अनुचित न्यायिक सक्रियता देखाउने फुर्तीफार्ती पनि स्वीकार हुन सक्दैन । यो संसद्ले यसमा सही उपचार खोज्नुपर्छ ।

■ **रामप्रकाश चौधरी**, लोसपा प्रमुख सचेतक



चुनावको समयमा सबै सांसदले केही वाचा गरेका आएका छौं । त्यो कसरी पूरा गर्छौं ? के हामी कानुन निर्माता मात्रै हौं, के विकासविरोधी त होइनौं ? यदि होइनौं भने सर्वोच्चले जुन अन्तरिम आदेश गरेको छ त्यसलाई सच्याई जनता र विकासको पक्षमा आदेश दिन आवश्यक छ ।

न्यायालयबाट आदेश आएको प्रतिक्रिया दिइन् । 'यो लोकतन्त्रमाथि प्रहार गर्न खोजेको हैन ? जनताले आफ्नो मत दिएर यहाँ पठाएपछि कसरी अविश्वास भयो ? त्यो बजेट कसरी खेर जान्छ ?,' उनले भनिन्, 'कानुन हामीले बनाउनुपर्छ । तर, जनताको हेराइ फरक छ । हामीले पनि विकास गर्छौं भन्ने सोचाइ जनतामा छ । हामी र लोकतन्त्रलाई मार्न षडयन्त्र गरेको हैन ? त्यसकारण बजेट रोक्ने पहल गरेको भन्ने मेरो मान्यता छ ।'

लोसपाका प्रमुख सचेतक रामप्रकाश चौधरीले सर्वोच्चको आदेशले एक सय ६५ क्षेत्रकै जनता मर्कामा परेको बताए । विकासको कार्यक्रम अवरुद्ध हुने उनको भनाइ छ । 'हामीले चुनावको समयमा सबै सांसदले केही वाचा गरेका आएका छौं । त्यो कसरी पूरा गर्छौं ? के हामी कानुन निर्माता मात्रै हौं, के विकासविरोधी त होइनौं ?' उनले सोधे, 'यदि होइनौं भने सर्वोच्चले जुन अन्तरिम आदेश गरेको छ त्यसलाई सच्याई जनता र विकासको पक्षमा आदेश दिन आवश्यक छ ।'

■ संसदीय समितिका लागि सोमबार निर्वाचन

१२ वटा समितिमा कुन दलबाट को उम्मेदवार ?

काठमाडौं/ संसदीय समितिको सभापतिका लागि आगामी सोमबार निर्वाचन हुँदै छ । समिति गठन भएको झन्डै चार महिनामा सभापति निर्वाचन घोषणासँगै दलहरूले उम्मेदवार पनि टुंग्याएका छन् ।

बिहीबार बसेको कार्य व्यवस्था परामर्श समिति बैठकले ११ भदौ दिउँसो ३ बजे चुनाव तोकेको हो । सभामुख देवराज घिमिरेले विषयगत समितिका सभापतिको निर्वाचनबारे सभामा जानकारी गराएका छन् । प्रमुख प्रतिपक्षी एमाले र सत्तारूढ पाँच दलबीच समितिको बाँडफाँट यसअघि नै भइसकेको छ । काग्रेस चार, एमाले तीन, माओवादी दुई, जसपा एक, एकीकृत समाजवादी एक र जनमतले एक समितिको नेतृत्व लिने सहमतिअनुसार दलहरूले उम्मेदवार तय गरेका हुन् ।

चार समितिको नेतृत्व पाएको काग्रेसले राज्य व्यवस्था तथा सुशासन समितिमा रामहरि खतिवडालाई उम्मेवार बनाउने भएको छ । यसैगरी कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिमा आरजु राणा देउवालाई अघि सार्ने भएको छ ।

> काग्रेस चार, एमाले तीन, माओवादी दुई, जसपा एक, एकीकृत समाजवादी एक र जनमतले एक समितिको नेतृत्व लिने सहमतिअनुसार उम्मेदवार तय

संसदीय सुनुवाइ समितिमा ज्ञानेन्द्र कार्की, ईश्वरी न्यौपाने र जीवन परियारको नाम चर्चामा छ । अर्थ समितिमा विनोद चौधरी र सन्तोष चालिसेमध्ये एकजना हुनेछन् ।

काग्रेसका एक सांसद भन्छन्, 'यी दुई समितिमा एउटाको नेतृत्व शेखर कोइराला समूहलाई दिनुपर्छ । सुनुवाइ दिने कि भन्ने छ । यो भयो भने जीवन परियार बन्नुहुन्छ । अर्थमा विनोद चौधरी आउनुहुन्छ । सुनुवाइ समिति संस्थापनतिरै भयो भने ज्ञानेन्द्र कार्कीको बढी सम्भावना छ । अर्थमा सन्तोष आउनुहुन्छ ।' तीन समिति पाएको एमालेले सार्वजनिक लेखा समितिमा ऋषिकेश पोखरेललाई सभापतिको उम्मेदवार बनाउने भएको छ । राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्यांकन समितिमा राष्ट्रिय सभा सदस्य विमला घिमिरेलाई उम्मेदवार तोकेको छ । महिला तथा सामाजिक समितिमा किरणकुमार साहलाई उम्मेदवार बनाउने निर्णय भएको एमाले एक नेताले जानकारी दिए ।

दुई समिति पाएको माओवादीले कानुन, न्याय तथा मानव अधिकार समितिमा विमला सुवेदी र पूर्वाधार विकास समितिमा माधव सापकोटालाई उम्मेदवार बनाएको छ । अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समिति पाएको जसपाले राजकिशोर यादव, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति पाएको एकीकृत समाजवादीले भानुभक्त जोशी र उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता समिति पाएको जनमतले अब्दुल खानलाई सभापतिको उम्मेदवार बनाएको छ । सभापतिको निर्वाचन कार्यक्रम आइतबारदेखि सुरु हुने संसद् सचिवालयले जनाएको छ ।

अहिलेसम्म कानुनविपरीत काम नगरेको ओलीको दाबी



कानुनले हतकडी लगाउने काम गरेको छैन

केपी ओली, अध्यक्ष, एमाले

मलाई पञ्चायतले हुँदै नभएका मुद्दामा १० वर्ष कैद गऱ्यो, १० वर्ष भुक्तान भएपछि पनि चार वर्ष त्यसै थुन्यो । त्यस्तै गर्ने हो भने त बेग्लै कुरा हो, तर कानुनले हतकडी लगाउन सक्ने कुनै ठाउँ केपी ओलीले राख्दै राख्दैन, अहिलेसम्म राखेको छैन ।

नयाँ पत्रिका

पूर्वप्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी ओलीले शक्तिको दुरुपयोग गरेर अहिलेसम्म कानुनविपरीत काम नगरेको दाबी गरेका छन् । झापाको गिरीबन्धु टी इस्टेटको जग्गा सट्टापट्टासम्बन्धी छानबिन भए एमाले अध्यक्ष ओली तानिन सक्ने कतिपयको आशंकालाई लक्षित गर्दै ओलीले बिहीबार भक्तपुरमा आयोजित एक कार्यक्रममा चुनौतीसहित प्रतिवाद गरेका हुन् ।

प्रधानमन्त्री प्रचण्डले अघिल्लो साता गिरीबन्धुको टी इस्टेटसम्बन्धी निर्णय पनि छानबिन हुने बताएका थिए भने एकीकृत समाजवादीका सांसद मेटमणि चौधरीले मंगलबार सुनकाण्डमा ओली मुछिएको ठोकुवा गर्दै उनी यस वर्ष नै जेल पर्ने दाबी गरेका थिए । दुवैजनाको अभिव्यक्तिलाई लक्षित गरेरै ओली आक्रामक प्रतिवादमा उत्रिएका हुन् ।

> प्रधानमन्त्री हुँदा, परराष्ट्रमन्त्री हुँदा या गृहमन्त्री हुँदा मेरा कामकारबाहीमा एक शब्द नचिप्लियोस् भनेर मैले कानुन पल्टाइपल्टाइ निर्णय गर्ने गरेको छु । त्यसकारण तिनीहरूका जस्तासुकै इच्छाले केपी ओलीलाई फसाउन सक्दैन, माकुराको जालामा भैंसी पर्दैन भन्ने कुरा बुझ्नुपर्छ ।

'यत्रो भ्रष्टाचार र तस्करीका काण्ड भएका छन्, ती सबै छोप्न सजिलो भएको छ । एमालेले राम्रो केही गरेन, नराम्रो मात्रै गऱ्यो भन्छन्,' ओलीले भने, 'मलाई पञ्चायतले हुँदै नभएका कुरामा १० वर्ष कैद गऱ्यो, १० वर्ष भुक्तान भएपछि पनि चार वर्ष त्यसै थुन्यो । १४ वर्ष जेल बर्सें । त्यस्तै गर्ने हो भने त बेग्लै कुरा हो, झुटमै जाने हो भने । तर, कानुनले हतकडी लगाउन सक्ने कुनै ठाउँ केपी ओलीले राख्दै राख्दैन, अहिलेसम्म राखेको छैन ।'

प्रधानमन्त्री, गृहमन्त्री र परराष्ट्रमन्त्रीका रूपमा काम गर्दा कानुनभन्दा बाहिर गएर कुनै पनि काम नगरेको दाबी गर्दै ओलीले जतिसुकै जालझेल र षड्यन्त्र गरे पनि कसैले आफूलाई जेल पठाउन नसक्ने ठोकुवा पनि गरे । 'विरोधीहरूले पाएसम्म न्यायका विरुद्ध, सत्यका विरुद्ध द्रोह गर्छन्, तीनले सत्यका विरुद्ध काम गर्छन् । ती तत्त्वहरू हाम्राविरुद्ध आइलाग्न सक्छन् । कानुनी रूपमा पनि कहींकतै एक शब्द नचिप्लियोस् भनेर मैले बढी नै सर्तक अपनाएको छु । प्रधानमन्त्री हुँदा, परराष्ट्रमन्त्री हुँदा, गृहमन्त्री हुँदा मेरा कामकारबाहीमा एक शब्द नचिप्लियोस् भनेर मैले कानुन पल्टाइपल्टाइ निर्णय गर्ने गरेको छु,' ओलीले भने, 'त्यसकारण तिनीहरूका जस्तासुकै इच्छाले केपी ओलीलाई फसाउन सक्दैन, माकुराको जालोमा भैंसी पर्दैन भन्ने कुरा बुझ्नुपर्छ ।'

आफूलाई भौतिक रूपमै समाप्त पार्न षड्यन्त्र भएको दाबी गर्दै उनले देश बनाउने अभियानबाट कहिल्यै पछि नहट्ने पनि प्रतिबद्धता जनाए । 'यिनीहरू माकुराको जालो बनाइरहेका छन्, केपी ओलीलाई मार्न । केपी ओलीको न खुट्टाले थाहा पाउँछ, न सिङले थाहा पाउँछ, न जिउले थाहा पाउँछ । केपी ओली आफ्नो देश बनाउने अभियानमा अगाडि बढिरहेको छ ।'

८० लाखसहित पक्राउ परेका पुनलाई सम्पत्ति शुद्धीकरणमा सफाइ

काठमाडौं/ विशेष अदालतले सम्पत्ति शुद्धीकरणका दुई प्रतिवादीलाई सफाइ दिएको छ । सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले ३ माघ ०७९ मा चित्रबहादुर पुनमगर र ममता बुढाथोकीलाई प्रतिवादी बनाई मुद्दा चलाएको थियो । जसमाथि विशेषले दुवैजनामाथि कसुर कायम नहुने फैसला गरेको हो । बिहीबार न्यायाधीशत्रय यमुना भट्टराई, शालिग्राम कोइराला र खुसीप्रसाद थारूको इजलासले यस्तो फैसला गरेको हो ।

उनीहरूमाथि सम्पत्ति शुद्धीकरणको कसुर पुष्टि नभएको ठहर विशेषको छ । तर, मगरका साथ बरामद ८० लाख रुपैयाँ भने जफत हुने फैसला भएको छ । विशेषले बैंकिङ प्रणालीमार्फत कारोबार नगरेको भन्दै उक्त रकम जफत हुने निर्णय सुनाएको हो ।

बाग्लुङ पाण्डवखानी घर भएका मगरलाई प्रहरीले मध्यपुर ठिमी नगरपालिका- १ बाट ३० लाख रुपैयाँ नगदसहित नियन्त्रणमा लिएको थियो । बा.४९प ८५६५ नम्बरको स्कुटरको डिकीमा उक्त रकम भेटिएको थियो भने कोटेश्वरस्थित मगरको कोठामा छापा मार्दा थप ५० लाख नगद फेला परेको थियो । स्कुटरसमेत बुढाथोकीको नाममा दर्ता पाइएको छ । स्रोत खुलाउन नसकेको कुल ८० लाख रकम तथा स्कुटर जफत र सम्पत्ति शुद्धीकरण गरेको दाबीसहित सजाय माग्दै मुद्दा दायर भएको थियो । तर, विशेषले आंशिक ठहर हुने फैसला गरेको हो ।

फास्ट ट्र्याकको डिपिआर परिवर्तन गर्न स्वीकृति



नयाँ पत्रिका

सरकारले काठमाडौं-तराई मधेस द्रुतमार्ग (फास्ट ट्र्याक) सडक आयोजनाको विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) परिमार्जन गर्न स्वीकृति दिने निर्णय गरेको छ । ०७१ देखि सेनाले निर्माण गरिरहेको यो आयोजना पटक-पटक म्याद र लागत थप्दासमेत अझै सम्पन्न हुन सकेको छैन । आयोजना सुरु भएको नौ वर्षपछि गत ३० साउनमा बसेको मन्त्रिपरिषद् बैठकले डिपिआर परिमार्जन गर्ने निर्णय गरेको हो ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले अघिल्ला दुईवटा मन्त्रिपरिषद् बैठकका निर्णय एकैपटक सार्वजनिक गरेको छ । ३० साउनमा विभिन्न १३ निर्णय भएकामा पछिल्लो ६ साउनको बैठकबाट १६ वटा निर्णय भएका छन् । पछिल्लो मन्त्रिपरिषद् बैठकले धुलिखेल अस्पताल ट्रमा तथा आपत्कालीन केन्द्र सुधार परियोजनाका लागि जापान सरकारबाट प्राप्त हुने जापानी येन तीन अर्ब २९ करोड ६० लाख अनुदान स्वीकार गर्ने, कर्जा सुरक्षण (चौथो संशोधन) नियमहरू, २०८० स्वीकृत गर्ने, आगामी असोजको ८ र ९ गते इजिप्टको सार्म एल सेखमा आयोजना हुने एसियाली पूर्वाधार लगानी बैंकको बोर्ड अफ गभर्नर्सको आठौं वार्षिक बैठकमा अर्थमन्त्री नेतृत्वको प्रतिनिधिमण्डललाई सहभागी हुन स्वीकृति दिनेलगायत निर्णय गरेको छ ।

त्यस्तै, धितोपत्र दर्ता तथा निष्कासन (सातौं संशोधन) नियमावली, २०८० संशोधन गर्न स्वीकृति प्रदान गर्ने, नेपाल इन्जिनियरिङ सेवा, केमिकल इन्जिनियरिङ समूह, राजपत्राङ्कित प्रथम श्रेणी (प्राविधिक) मा बढुवा गर्ने, राष्ट्रिय खानेपानी, सरसफाइ तथा स्वच्छता नीति, २०८० स्वीकृत गर्ने, उमेर, जात र नाम सच्याउने (तेस्रो संशोधन) नियमहरू, २०८० स्वीकृत गर्नेलगायत निर्णय पनि मन्त्रिपरिषद्ले गरेको छ । यसैगरी, वन मन्त्रालयअन्तर्गत चालू आर्थिक वर्षमा सञ्चालन हुने संरक्षित क्षेत्र र जैविक मार्गका लागि एकीकृत भूपरिधि व्यवस्थापन आयोजनालगायत १७ आयोजना तथा कार्यक्रमका लागि राजपत्राङ्कित श्रेणीका २८ अस्थायी दरबन्दी सिर्जना गर्न स्वीकृति दिने, चिकित्सा शिक्षा आयोग र शिक्षा मन्त्रालयअन्तर्गत निकायका लागि राजपत्राङ्कित श्रेणीका ७४ अस्थायी दरबन्दी स्वीकृत गर्ने, सहरी विकास मन्त्रालयअन्तर्गत नयाँ सहर आयोजनालगायत निकायको चालू आवका लागि राजपत्राङ्कित श्रेणीका चार सय ६९ अस्थायी दरबन्दी स्वीकृत गर्ने निर्णय पनि मन्त्रिपरिषद् बैठकले गरेको छ ।

तमोर करिडोर दुई महिनादेखि ठप्प हेवाखोलामा बनेन बेलिब्रिज

झापाबाट **चिरञ्जीवी घिमिरे**

तमोर करिडोरअन्तर्गत पाँचथरको फिदिम नगरपालिका- ४ र हिलियाङ गाउँपालिका- ७ खण्ड दुई महिनादेखि अवरुद्ध छ । २ असारको बाढीले हेवाखोलाको बेलिब्रिज र पाँच सय मिटर सडक बगाएपछि करिडोर अवरुद्ध भएको थियो । हेवाखोलामा १० दिनभित्र बेलिब्रिज बनाउने घोषणा भौतिक पूर्वाधारमन्त्री प्रकाश ज्वालाले गरे पनि अझै काम भएको छैन । मेची राजमार्गको विकल्पमा रहेको करिडोर ताप्लेजुङ र तराईसँग जोड्ने छिटो राजमार्ग हो ।

पुलसँगै सडक पनि बगाएकाले तत्काल सडक सञ्चालन गर्न नसकिएको पाँचथरका प्रमुख जिल्ला अधिकारी मेखबहादुर मग्रातीले बताए । 'क्षति धेरै भएकाले तत्काल बनाउन सक्ने अवस्था छैन । सडक विभागले योजना बनाउँदै छ, यसको विकल्प मेची राजमार्ग छ,' उनले भने । सडक विभागले पाँच करोडको क्षतिको आकलन गरेको छ । तमोर करिडोर निर्माणाधीन सडक हो, ग्राभेल सडकमा यातायात भने सञ्चालन हुँदै आएको



थियो । यद्यपि, कालोपत्रेका लागि ठेक्का भने लागिसकेको छ । चतरा-मूलघाट-सुभाङ खोला सडक योजना धरानका प्रमुख विनोद भट्टराईका अनुसार माझीटारदेखि हेवाखोलासम्म विभिन्न ठाउँमा एक किलोमिटर सडक बिग्रिएको छ । हेवाखोलामा पानीको बहाव कम भएपछि डाइभर्सन निर्माण गरेर यातायात सञ्चालन गरिने उनले बताए ।

बागमती प्रदेशमा सार्वजनिक सवारीको भाडा वृद्धि

मकवानपुर/ बागमती प्रदेश सरकारले काठमाडौं उपात्यकासहित प्रदेशका विभिन्न स्थानमा चल्ने सार्वजनिक सवारीसधानको भाडा वृद्धि गरेको छ । प्रदेश सरकारले बिहीबार प्रदेश राजपत्रमा सूचना जारी गर्दै प्रदेशभित्रका सार्वजनिक सवारीसाधनको भाडा समायोजन गरिएको जानकारी दिएको हो । प्रदेशको श्रम, रोजगार तथा यातायात मन्त्रालयका अनुसार वृद्धि भएको भाडा बिहीबारदेखि नै लागू भएको छ ।

मन्त्रालयका अनुसार काठमाडौं उपत्यकाभित्र चल्ने यात्रुवाहक सवारीसाधनको भाडा दर ८.३ प्रतिशतले वृद्धि गरिएको छ भने उपत्यकाबाहेकका स्थानमा चल्ने सवारीसाधनको भाडा दर ५.३१ प्रतिशतले वृद्धि गरिएको छ । जसअनुसार अब काठमाडौं उपत्यकामा पाँच किलोमिटरसम्मको न्यूनतम भाडादर एक रुपैयाँले बढेर १९ रुपैयाँ कायम भएको छ ।

यस्तै, १० किलोमिटरसम्मका लागि २६ रुपैयाँ, १५ किलोमिटरसम्मका लागि ३१ रुपैयाँ, २० किलोमिटरसम्मका लागि ३५ रुपैयाँ र २० किलोमिटरभन्दा माथिका लागि ४० रुपैयाँ भाडा कायम भएको छ । काठमाडौं उपत्यकाबाहिर प्रदेशका विभिन्न स्थानमा चल्ने मध्यम दूरीका यात्रुवाहक गाडीको साबिक भाडामा ५.३१ प्रतिशतले बढेको छ । यस्तै, पेट्रोलियम पदार्थबाट चल्ने ट्याक्सीको भाडादर ३.४४ प्रतिशत र मालवाहक सवारीसाधनको भाडादर प्रतिकिमि प्रतिटन ७.७७ प्रतिशतले वृद्धि भएको छ । पेट्रोलियम पदार्थको मूल्यमा घटबढ भएसँगै सवारीसाधनको भाडादर समायोजन गर्दै आएको छ ।

बागमतीमा बगेर मृत्यु

मकवानपुर/ बागमती नदीमा बिहीबार एक महिलाको शव फेला परेको छ। बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले दिएको जानकारीअनुसार भीमफेदी गाउँपालिका- ८ को मान्डु हुँदै बग्ने बागमती नदीमा अन्दाजी ३५ वर्षीया महिलाको शव फेला परेको हो। मंगोलियनजस्तो देखिने महिलाको पहिचान खुल्न नसकेको प्रहरीले जनाएको छ। यसअघि २७ साउनमा पनि सोही स्थानमा एक पुरुष र २१ साउनमा अन्दाजी १७ वर्षीया किशोरीको शव फेला परेको थियो।

एकीकृत समाजवादीको महाधिवेशन माघमा



नयाँ पत्रिका

एकीकृत समाजवादीको महाधिवेशन आगामी १४ देखि १८ माघसम्म काठमाडौंमा हुने भएको छ। बिहीबार सम्पन्न केन्द्रीय कमिटी बैठकले महाधिवेशनको मिति टुंगो लगाएको हो। पार्टी गठनपछि पहिलो महाधिवेशन हुन लागेको भए पनि एकीकृत समाजवादीले एमालेबाट विद्रोह गरेर पार्टी पुनर्गठन गरेको भन्दै दशौं महाधिवेशन भनेको छ।

'हामीले एमालेसँग विद्रोह गरेर पार्टी पुनर्गठन गरेका हौं। पार्टीका मूल सैद्धान्तिक, राजनीतिक, वैचारिक र संगठनात्मक सबै सीमाहरू क्रस गरेर एमाले चरम दक्षिणपन्थी, अवसरवादी बाटोमा गएको हुनाले त्यो पार्टी अब चल्न सक्दैन। त्यसले अबको नेपालको क्रान्तिको नेतृत्व पनि गर्न सक्दैन। समाजवादको दिशामा पनि जान सक्दैन। र, उसले जस्ता प्रवृत्ति बोकेको छ, त्यसले कम्युनिस्ट आन्दोलनलाई अगाडि बढाउन पनि सक्दैन भन्ने निष्कर्षका साथ पार्टीलाई पुनर्गठन गरेका हौं। पुनर्गठनपछि त्यो पार्टीको स्वामित्व हामीले ग्रहण गरेका छौं। र हामी दशौं महाधिवेशन गर्न जाँदै छौं,' उपमहासचिव जगन्नाथ खतिवडाले भने।

महाधिवेशनअगावै युवा विद्यार्थीलक्षित विशेष कार्यक्रम सञ्चालन गर्ने निर्णय पनि बैठकले गरेको प्रचार विभाग प्रमुखसमेत रहेका खतिवडाले जानकारी दिए। बैठकले महाधिवेशनसम्म जाँदा केन्द्रीय कमिटी र निकायमा सदस्यको जिम्मेवारी हेरफेर गर्ने अधिकार सचिवालयलाई दिएको छ। 'ठूला राजनीतिक र सामाजिक पहलकदमीमा युवा समुदायको भूमिका सधैंभर स्थापित छ। पार्टीमा युवा विद्यार्थीको सहभागिता बढाउने उद्देश्यले महाधिवेशनअगावै युवा विद्यार्थीलक्षित विशेष कार्यक्रम सञ्चालन गर्ने निर्णय पनि बैठकले गरेको छ,' खतिवडाले भने।

उनले एमासिसी सम्झौता कार्यान्वयन अवस्थाको अनुगमन गर्न र पार्टीका तर्फबाट जनतालाई सुसूचित गर्न अनुगमन समिति बनाउने निर्णय पनि गरिएको जानकारी दिए। बैठकले अध्यक्ष माधवकुमार नेपालको राजनीतिक तथा वैचारिक प्रतिवेदन सुझावसहित सर्वसम्मत पारित गरेको छ। सम्मानित नेता झलनाथ खनालले पार्टीको विचारलाई समृद्ध बनाउन सुझाव दिएको खतिवडाले बताए।

■ यसकारण दशौं महाधिवेशन



जगन्नाथ खतिवडा
उपमहासचिव

पार्टीका मूल सैद्धान्तिक, राजनीतिक, वैचारिक र संगठनात्मक सबै सीमा क्रस गरेर चरम दक्षिणपन्थी, अवसरवादी बाटोमा गएकाले एमालेले कम्युनिस्ट आन्दोलनलाई अगाडि बढाउन सक्दैन भन्ने निष्कर्षका साथ पार्टी पुनर्गठन गरेका हौं। पुनर्गठनपछि त्यो पार्टीको स्वामित्व हामीले ग्रहण गरेका छौं। त्यसैले दशौं महाधिवेशन गर्न जाँदै छौं।

नेतृत्वदायी पार्टी बनाउने

एकीकृत समाजवादीलाई नेतृत्वदायी पार्टी बनाउने निर्णय बैठकले गरेको छ। 'आगामी ०८३ मा हुने स्थानीय तह निर्वाचनमा लड्ने र बहुसंख्यक तहमा बहुमत ल्याउन सक्ने गरी पार्टी निर्माण गरेर मात्रै यो अभियान पूरा गर्न सकिनेछ,' बैठकका निर्णयबारे जानकारी दिँदै उपमहासचिव खतिवडाले भने, 'राजनीतिक र सांगठनिक प्रयास आगामी निर्वाचनका लागि केन्द्रित हुनेछन्।

एकीकृत समाजवादीका मुद्दा राष्ट्रलाई सुनाउन आगामी असोजमा मुलुकको रूपान्तरणकारी एजेन्डाका साथ मेची-महाकाली राष्ट्रिय अभियान सञ्चालन गर्ने निर्णय पनि बैठकले गरेको छ। अभियानको विस्तृत योजना सचिवालयले तय गर्ने खतिवडाले जानकारी दिए। कार्यक्षेत्र विभाजन गर्दा संघीय निर्वाचन क्षेत्रलाई आधार बनाएर केन्द्रीय कमिटीका सदस्यको जिम्मेवारी तोक्ने निर्णय पनि बैठकले गरेको छ। मंसिर मसान्तसम्म कमिटी नभएका पालिका तथा वडामा कमिटी गठन गर्न र सबै कमिटीलाई सदस्यता वितरण गर्न पनि बैठकले आह्वान गरेको छ। सबै जनसंगठनले पार्टीको राष्ट्रिय महाधिवेशनलाई केन्द्रित गरी भदौ मसान्तसम्म संगठन तथा प्रचारको योजना बनाई कार्यान्वयन सुरु गर्न पनि बैठकले निर्देशन दिएको छ।

डुबेर महिलाको मृत्यु

कपिलवस्तु/ बाणगंगामा कुलाले बगाउँदा एक महिलाको मृत्यु भएको छ। बाणगंगा नगरपालिका-८ ढोडेकोलस्थित बाणगंगा नदीबाट सिँचाइका लागि बनाइएको कुलोमा बिहीबार माछा मार्ने क्रममा डुबेर ५० वर्षीया गुढ्डी थारूको मृत्यु भएको हो। इलाका प्रहरी कार्यालय पिपराका अनुसार बिहान माछा मार्ने क्रममा बगेकी महिलाको शव करिब एक किलोमिटर तल फेला परेको थियो।

यसैगरी, रामेछापको लिखु तामाकोसी गाउँपालिका-४ बिजुजीकोट कोलडाँडाकी ४५ वर्षीया सरिता तामाङको मृत्यु भएको छ। बुधबार मध्यरात आँगनमा निस्किएकी सरिता अकस्मात् चिप्लिएर लड्दा भुइँमा टाउको बजारिएको थियो। उनको घटनास्थलमै मृत्यु भएको परिवारका सदस्यलाई उद्धृत गर्दै जिल्ला प्रहरी कार्यालय रामेछापका प्रवक्ता रञ्जन गिरीले जानकारी दिए। परिवारका सदस्यले खबर गरेपछि इलाका प्रहरी कार्यालय धोबीडाँडामा गएको टोलीले सरिताको शव मन्थली अस्पताल ल्याएको हो। उनका छोरा जिल्लाबाहिर भएकाले पोस्टमार्टम हुन बाँकी रहेको प्रहरी प्रवक्ता रञ्जन गिरीले बताए। उनले घटनाबारे प्रहरीले अनुसन्धान सुरु गरेको पनि जानकारी दिए।

कोसी प्रदेश सभाको अधिवेशन अन्त्य

विराटनगरमा **गणेश लम्साल**

कोसी प्रदेश सभाको तेस्रो अधिवेशन अन्त्य भएको छ। सरकारको सिफारिसमा प्रदेश प्रमुख परशुराम खापुङले ६ भदौ राति १२ बजेदेखि प्रदेश सभाको तेस्रो अधिवेशन अन्त्य भएको घोषणा गरेका हुन्।

१५ असारदेखि अनिश्चितकालका लागि स्थगित भएको तेस्रो अधिवेशनको बैठक १ भदौमा सुरु भएको थियो। ४ भदौमा मुख्यमन्त्री उद्धव थापाले विश्वासको मत लिएपछि प्रतिपक्षी दल एमाले र राप्रपाले निरन्तर संसद् अवरोध गर्न थालेपछि सरकारले तेस्रो अधिवेशन अन्त्य गराएको हो। विपक्षी दलले नियमित रूपमा संसद् अवरोध गरेपछि सरकारले बजेटसमेत कार्यान्वयन गर्न सकेको छैन। अब ११ भदौमा अध्यादेश जारी गरेर बजेट कार्यान्वयन गराउने सरकारको तयारी छ।

कोसी प्रदेश सभाको हिउँदे अधिवेशनको पहिलो बैठक १७ पुस ०७९ मा सुरु भएको थियो। सोही अधिवेशनको अन्तिम बैठकले १७ फागुन ०७९ मा दुईतिहाइभन्दा बढी मतले तत्कालीन प्रदेश १ को नाम कोसी प्रदेश बनाएको थियो। कोसी प्रदेश सभाको हिउँदे अधिवेशन १३ वटा बैठकपछि १७ फागुनमा स्थगित भएको थियो। नामकरणको विरोधमा आन्दोलन चर्किएपछि २९ चैत ०७९ मा हिउँदे अधिवेशन अन्त्य भएको थियो।

१४ जेठ ०८० मा प्रदेश सभाको बजेट तथा बर्खे अधिवेशन सुरु भएको थियो। तर, माओवादी र जसपा सरकारबाट बाहिरिएपछि एमालेका मुख्यमन्त्री हिक्मतकुमार कार्कीको काम चलाउ सरकारले जेठ अन्तिममा अध्यादेशमार्फत नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गरेको थियो। त्यसपछि फेरि बर्खे अधिवेशन अन्त्य भएको थियो। काम चलाउ मुख्यमन्त्री कार्कीले १४ असार ०८० मा विश्वासको मत लिन तेस्रो विशेष अधिवेशन बोलाएका थिए। उनले विश्वासको मत प्राप्त गर्न नसकेपछि १५ असार ०८० मा विशेष अधिवेशन अनिश्चितकालका लागि स्थगित भएको थियो।

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२२/२२५)
फ्याक्स: +९७७-०१-४२६७६७५

NIC ASIA
एन आई सी एशिया बैंक लि.

धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री बोलपत्र आह्वान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको ऋणकर्जा बैकसँगको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गार्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगर्नु भएको र विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता गर्नको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गार्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भई ऋणीले बैकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋण कर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नको लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको उक्त सम्पतिहरु गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको चल अचल सम्पति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	जमानीकर्ताको विवरण
१)	नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा, दर्ता नं. २१३४८१/०७५/०७६ अन्तर्गत मिति २०७६/०१/०८ मा कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा (१) बमोजिम दर्ता भएको चितवन जिल्ला, भरतपुर म.न.पा., वडा नं. २ स्थित **दिप्जल ह्यो फार्म प्रा.लि.** **अध्यक्ष तथा जमानीकर्ता: अर्जुन नेपाली** स्थायी ठेगाना : चितवन जिल्ला, मेघौली गा.वि.स. वडा नं. ५ हालको ठेगाना : चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. २ बाबु : प्रेम बहादुर सार्की बाजे : बाले सार्की	**जनक राज शाही** स्थायी ठेगाना : लमजुङ जिल्ला, कुन्हा गा.वि.स. वडा नं. ७ हालको ठेगाना : चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. २ बाबु : सुन्दर राज शाही बाजे : गिरी बहादुर शाही
	धितोको विवरण	
	१) बाले सार्कीको नाती, प्रेम बहादुर सार्कीको छोरा, चितवन जिल्ला, मेघौली गा.वि.स. वडा नं. ०५ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. २ मा बस्ने अर्जुन नेपालीको नाममा मालपोत कार्यालय चनौली, चितवनको लगतमा दर्ता कायम रहेको, चितवन जिल्ला, मेघौली गा.वि.स. वडा नं. ०५ स्व (हाल भरतपुर म.न.पा. वडा नं. २७) स्थित कित्ता नं. ७८० र ७८१ को क्षेत्रफल क्रमश: १६२.३० र २४२९.६७ (व.मी.)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगायात समेत । २) दिप्जल ह्यो फार्म प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।	
२)	१) प्रदेश सरकार, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, बागमती प्रदेश, भक्तपुर प्रा.फ.र.नं. ३-३३-३७२-२३६/२०७८/७९, स्थानिय व्यापार अन्तर्गत मिति: २०७८/०५/०२ मा प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन २०७६ बमोजिम दर्ता भएको भक्तपुर जिल्ला, चाँगुनारायण न.पा.वडा नं. ८, सुडाल स्थित **मान्सी इन्टरप्राईजेज** **प्रोप्राईटर तथा जमानीकर्ता: साजन खड्का** स्थायी ठेगाना : भक्तपुर जिल्ला, सुडाल गा.वि.स.वडा नं. ५, हालको ठेगाना: भक्तपुर जिल्ला, चाँगुनारायण न.पा.वडा नं. ८, सुडाल बाबु : राज कुमार खड्का बाजे : निल बहादुर खड्का	१) गणेश बहादुर खड्काको नाति, निल बहादुर खड्काको छोरा भक्तपुर जिल्ला, सुडाल गा.वि.स.वडा नं. ५ स्थायी ठेगाना भइ हाल भक्तपुर जिल्ला, चाँगुनारायण न.पा.वडा नं. ८, सुडाल बस्ने राज कुमार खड्काको नाममा मालपोत कार्यालय भक्तपुरको लगतमा दर्ता कायम रहेको भक्तपुर जिल्ला, सुडाल गा.वि.स. वडा नं. ५स्व (हाल चाँगुनारायण न.पा.वडा नं. ८) स्थित कित्ता नं. ११८ को क्षेत्रफल १९०.७८ (व.मी)को घरजग्गा र सो घर जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगायात समेत । २) मान्सी इन्टरप्राईजेजको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	२) साजन खड्का स्थायी ठेगाना : भक्तपुर जिल्ला, सुडाल गा.वि.स.वडा नं. ५, हालको ठेगाना: भक्तपुर जिल्ला, चाँगुनारायण न.पा.वडा नं. ८, सुडाल बाबु : राज कुमार खड्का बाजे : निल बहादुर खड्का	
	जमानीकर्ताहरुको विवरण	
	१) राज कुमार खड्का स्थायी ठेगाना : भक्तपुर जिल्ला, सुडाल गा.वि.स.वडा नं. ५ हालको ठेगाना : भक्तपुर जिल्ला, चाँगुनारायण न.पा.वडा नं. ८, सुडाल बाबु : निल बहादुर खड्का बाजे : गणेश बहादुर खड्का	**२) साबित्री खड्का** स्थायी ठेगाना: भक्तपुर जिल्ला, सुडाल गा.वि.स.वडा नं. ५, हालको ठेगाना: भक्तपुर जिल्ला, चाँगुनारायण न.पा.वडा नं. ८, सुडाल बाबु : लाल बहादुर बस्नेत ससुरा : निल बहादुर खड्का पति : राज कुमार खड्का	**३) सन्दिपा श्रेष्ठ** स्थायी ठेगाना : बार्के जिल्ला, कोहलपुर गा.वि.स.वडा नं .८, हालको ठेगाना : भक्तपुर जिल्ला, चाँगुनारायण न.पा.वडा नं. ८, सुडाल बाबु : दिपेन्द्र कुमार श्रेष्ठ ससुरा : राज कुमार खड्का पति : साजन खड्का
३)	**कमल बहादुर घलान** स्थायी ठेगाना: मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ४ हालको ठेगाना: मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. १५ बाबु : माहीला लामा बाजे : धन बहादुर घलान	**विमला घलान** स्थायी ठेगाना: मकवानपुर जिल्ला, चुरियामाई गा.वि.स. वडा नं. ४ हालको ठेगाना : मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. १५ बाबु : राम बहादुर पाखिन ससुरा : माहीला लामा पति : कमल बहादुर घलान
	धितोको विवरण	
	राम बहादुर पाखिनकी छोरी, माहीला लामाकी बुहारी, कमल बहादुर घलानकी पत्नी, मकवानपुर जिल्ला, चुरियामाई गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. १५ बस्ने विमला घलानको नाममा मालपोत कार्यालय मकवानपुर, हेटौंडाको लगतमा दर्ता कायम रहेको, मकवानपुर जिल्ला, रातोमाटे गा.वि.स. वडा नं. ३ (हाल हेटौंडा उ.म.न.पा. वडा नं. १५) स्थित कित्ता नं. २३११ को क्षेत्रफल ०-५-० (विगाहा)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगायात समेत ।	
४)	**सचिन लामा** स्थायी ठेगाना: मकवानपुर जिल्ला, चुरीयामाई गा.वि.स. वडा नं. ३ हालको ठेगाना: मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. १५, रातोमाटे बाबु : बलराम बज्यु बाजे : जमान सिं बज्यु	सुकुमान बज्युको नाति, जमान सिं बज्युको छोरा, मकवानपुर जिल्ला, चुरीयामाई गा.वि.स. वडा नं. ०३ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. १५, रातोमाटे बस्ने बलराम बज्युको नाममा मालपोत कार्यालय मकवानपुर को लगतमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, रातोमाटे गा.वि.स. वडा नं. ३ (हाल हेटौंडा उ.म.न.पा. वडा नं. १५) स्थित कित्ता नं. २६०७ को क्षेत्रफल ०-२-१०-० (विगाह)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगायात समेत ।
	जमानीकर्ताहरुको विवरण	
	१) बलराम बज्यु स्थायी ठेगाना: मकवानपुर जिल्ला, चुरीयामाई गा.वि.स. वडा नं. ३ हालको ठेगाना: मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. १५, रातोमाटे बाबु: जमान सिं बज्यु बाजे: सुकुमान बज्यु	**२) कमला लामिछाने** स्थायी ठेगाना: काठमाण्डौं जिल्ला, भोर महाँकाल गा.वि.स. वडा नं. ९ हालको ठेगाना : मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. १५, रातोमाटे बाबु : हरिराम लामिछाने ससुरा : बलराम बज्यु पति : सचिन लामा	**३) सचिन लामा** स्थायी ठेगाना: मकवानपुर जिल्ला, चुरीयामाई गा.वि.स. वडा नं. ३ हालको ठेगाना: मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. १५, रातोमाटे बाबु: बलराम बज्यु बाजे: जमान सिं बज्यु	**४) राधिका बज्यु** स्थायी ठेगाना: मकवानपुर जिल्ला, चुरीयामाई गा.वि.स. वडा नं. ३ हालको ठेगाना: मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. १५, रातोमाटे बाबु: विर बहादुर सिंतान ससुरा: जमान सिं बज्यु पति: बलराम बज्यु

नोट: ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरीएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैँया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थिर भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बाग्लुङ
गण्डकी प्रदेश, नेपाल
फोन नं. ०६८-४२११००, ४२११०१
इमेल : jaiminimun@gmail.com
वेभसाइट : jaiminimun.gov.np

करारमा पदपूर्ति गर्ने सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/०५/०८

यस जैमिनी नगरपालिकाको लागि तपसिल बमोजिमका रिक्त पद करार सेवाबाट पदपूर्ति गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिकहरूले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा राजश्व तिरेको रसिद सहित दरखास्त दिनुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

विज्ञापन नं, पद, सेवा, समूह र आवश्यक पद संख्या:

क्र.स.	विज्ञापन नं.	पद	सेवा	समूह	तह	संख्या	परीक्षाको किसिम	कैफियत
१	02-080/081	कृषि प्राविधिक सहायक	स्थानीय कृषि सेवा	कृषि प्रसार	पाचौं	१ (एक)	लिखित र अन्तर्वार्ता	
२	03-080/081	अ.सव-ईन्जिनियर	स्थानीय इन्जिनियरिङ्ग	सिभिल	चौथो	२ (दुई)	लिखित, प्रयोगात्मक र अन्तर्वार्ता	
३	04-080/081	अ.न.मी.	स्थानीय स्वास्थ्य	क.न.	चौथो	१ (एक)	लिखित र अन्तर्वार्ता	
४	05-080/081	रिटर्नी स्वयंसेवक			तहविहीन	१ (एक)	अन्तर्वार्ता	
५	06-080/081	कार्यालय सहयोगी			तहविहीन	४ (चार)	अन्तर्वार्ता	

परीक्षा केन्द्र: जैमिनी गरपालिका वडा नं १ को सभाहल ।

दरखास्त दस्तुर र विधि: विज्ञापन नं. ०२ को लागी रु ७००।- (सात सय), विज्ञापन नं ०३ र ०४ को लागि रू. ५००।- (पाँच सय), र विज्ञापन नं. ०५ र ०६ को लागि रू ३००।- (तीन सय) यस जैमिनी नगरपालिकाको ग्लोबल आई.एम.ई. बैंकको शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ०४५०४०१०००००५ मा जम्मा गरेको भौचरको सक्कल प्रति सहित दरखास्त बुझाउनु पर्नेछ ।

दरखास्त दिने अन्तिम मिति: २०८०/०५/२२ गते (कार्यालय समय भित्र) ।

सम्पर्क मिति: २०८०/०५/२४ गते

उम्मेदवारको उमेर हद: कम्तीमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको (महिला र अपाङ्गताहरूको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको) ।

बुझाउनु/अपलोड गर्नुपर्ने कागजातहरू: नागरिकताको प्रतिलिपी, चारित्रिक प्रमाणपत्र प्रतिलिपी, न्यूनतम योग्यताको लब्धांक प्रमाणपत्रको प्रतिलिपी, २ प्रति पासपोर्ट आकारको फोटो, अनुभव खुल्ने कागजातको प्रतिलिपी ।

परीक्षा कार्यक्रम र अन्तर्वार्ता हुने मिति: सम्पर्क मितिमा जानकारी गराइनेछ ।

पदमा रहि गर्नुपर्ने कामको विवरण: सेवा, समूह सम्बन्धी ।

दरखास्तको लागि: जैमिनी नगरपालिकाको कार्यालयमा स्वयं उपस्थित भई अथवा नगरपालिकाको अनलाईन एप्लिकेसन https:\\jaiminimun.gov.np/content/vacancy बाट पेश गर्न सकिनेछ । (अनलाईन फाराम विज्ञापन नं. ०२, ०३, ०४ को लागि मात्र उपलब्ध रहेको छ अन्य विज्ञापन नं अनुसारका पदको आवेदकले स्वयं कार्यालयमा उपस्थित भई दरखास्त दिनु पर्नेछ ।)

कामगर्नु पर्ने स्थान : जैमिनी नगरपालिका वा अन्तर्गतका कार्यालयहरू

पारिश्रमिक र सेवा सुविधा: संभौतामा उल्लेख भए अनुसार हुनेछ ।

आवश्यक न्यूनतम योग्यता:

क) प्रचलित कानूनद्वारा अयोग्य नभएको हुनुपर्नेछ ।

ख) असिष्टेण्ट सव-ईन्जिनियर पदको लागि:
- अ) सिभिल ईन्जिनियरिङमा एस.एल.सि/एस.ई.ई. वा सो सरह उत्तिर्ण गरी सम्बन्धित विषयमा तालिम प्राप्त वा प्राविधिक शिक्षालयबाट सम्बन्धीत विषयमा टि.एस.एल.सी. कोर्ष उत्तिर्ण गरेको ।
- आ) कम्तिमा ट महिना सम्मको सम्बन्धित विषयमा कार्य गरेको ।

ग) प्रा. स. (कृषि प्राविधिक सहायक) पदको लागि:
- अ) मान्यता प्राप्त शिक्षण संस्थाबाट तीन वर्षे डिप्लोमा इन कृषि उत्तिर्ण भएको ।

घ) अ.न.मी पदको लागि:
- अ) मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी वा सो सरहको कोर्ष उत्तिर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको (नविकरण सहितको) दर्ता प्रमाणपत्र प्राप्त भएको ।

ङ) रिटर्नी स्वयंसेवक पदको लागि:
- अ) न्यूनतम कक्षा १० उत्तिर्ण गरि वैदेशिक रोजगार (खाडी मुलुक र मलेसिया) मा गई कम्तीमा १ वर्ष काम गरेको अनुभव भएको र तोकिएको मुलुकमा वैदेशिक रोजगारीमा गई फर्केको VISA सहितको राहदानीको प्रतिलिपी ।
- आ) महिला उम्मेदवारलाई विशेष प्राथमिकता दिईने छ ।

च) कार्यालय सहयोगी पदको लागि:
- अ) न्यूनतम कक्षा ८ उत्तिर्ण गरेको ।

नोट: कुनै विषेश कारणवस विज्ञापित पदमा पदपूर्ति गर्ने वा विज्ञापन रद्द गर्ने सम्बन्धी सम्पूर्ण अधिकार सूचिकरण तथा अन्तर्वार्ता समितिमा रहनेछ ।

पुनश्च: सूचनामा उल्लेख नभएका कुरा प्रचलित कानून तथा सूचिकरण तथा अन्तर्वार्ता समितिको निर्णयानुसार हुनेछ ।

अल्लु अर्जनुलाई नेसनल अवार्ड



तेलगू अभिनेता अल्लु अर्जुनले ६९औँ नेसनल फिल्म अवार्डअन्तर्गत पुष्पाबाट उत्कृष्ट अभिनेताको अवार्ड जितेका छन् । गंगुबाई काठियावान्डीका लागि आलिया भट्ट र मिमीबाट कृति सेननले संयुक्त रूपमा उत्कृष्ट अभिनेत्रीको अवार्ड जिते । 'रकेट्री : द नाम्बी इफेक्ट' उत्कृष्ट फिल्म घोषित भयो ।

'माइती देशको घाउ' सार्वजनिक




राधिका अधिकारीको शब्द रहेको नयाँ तिज गीत 'माइती देशको घाउ' सार्वजनिक भएको छ । गीतमा गायिका काव्य आचार्य र मीना नेपालीले स्वर दिएका छन् । गीतमा दीपक शर्माको संगीत तथा राजेन्द्र बजागाईंको संगीत संयोजन छ । अधिकारीले अञ्जु पन्तको स्वरमा आफ्नो गीत रेकर्ड गराएर गीत लेखनको औपचारिक यात्रा सुरु गरेकी हुन् ।

ट्याटु खोप्दा नगर्नुस् हेलचेक्रयाइँ

नयाँ पत्रिका

पछिल्लो समय विशेष गरी युवापुस्तामा शरीरमा ट्याटु खोप्ने फेसन चलेको छ । विशेष गरी टिनएजमा यो मोह अचम्मलाग्दो छ । पहिले-पहिले सहरमा मात्रै सीमित रहेको ट्याटु ट्रेन्ड अहिले ग्रामीण भेगमा पनि फैलिएको छ । युवाहरू शरीरका विभिन्न अंगमा आफ्नो प्रिय आइकन, कलाकार, प्रेमी-प्रेमिकाको आकृति कुँदाउने गर्छन् । कतिपयले आफूलाई मन पर्ने जनावर, देउताको पनि आकृति बनाएको देखिन्छ ।



ट्याटु हाउसका सञ्चालक सन्दीप लामा आफ्ना प्रेरक पात्रको सम्झनामा ट्याटु खोपाउने जमात ठूलो रहेको बताउँछन् । 'छोरा-छोरीले बुबा-आमाको चित्र बनाउँछन्, कतिपयले आफ्नो श्रीमान्-श्रीमतीको फोटो राखेर पनि बनाउँछन् । घरमा पालेका पेट (कुकुर-बिरालो) खोपाउने पनि हुन्छन्,' लामाले बताए ।

उनले आफूले ग्राहकलाई ट्याटुबारे बुझ्काएर मात्रै खोप्ने गरेको बताए । 'सबैले ट्याटु खोप्न मिल्दैन । ट्याटु खोप्नुअघि आफ्नो स्वास्थ्य जाँच गर्न आवश्यक छ । शारीरिक रूपमा अशक्त तथा सुगर, ब्लडप्रेसरजस्ता समस्या भएको अवस्थामा ट्याटु खोप्नु उचित हुँदैन । शरीरमा सुगर ब्यालेन्समा छ भने मात्रै खोप्दा हुन्छ,' उनले भने, 'ब्लडप्रेसरको समस्या भएका व्यक्ति फेन्ट हुन सक्ने खतरा हुन्छ । त्यसैले यस्तो समस्या भएका व्यक्तिले ट्याटु नखोप्दा हुन्छ ।' १८ वर्षभन्दा माथिका व्यक्तिलाई मात्रै ट्याटु खोप्न दिइने उनले बताए ।

फेसनेबल देखिन शरीरमा ट्याटु खोप्दा भने विशेष ख्याल गर्नैपर्छ । कस्ता किसिमका सामग्री प्रयोग गरेर खोपाइँदै छ भन्ने कुरा विचार गर्नुपर्छ । निर्मलीकरण गरिएका सामग्रीले ट्याटु खोपाउँदा ठूलो समस्या आउँदैन । तर, निर्मलीकरण नै नगरिएका सामग्री ट्याटु खोप्न प्रयोग गरिएको छ भने गम्भीर खालका रोग पनि सर्न सक्छ ।

छालारोग विशेषज्ञ डा. ईशा पौडेल ट्याटु खोप्दा हेलचेक्रयाइँ गर्न नहुने बताउँछिन् । उनी भन्छिन्, 'ट्याटु खोप्नु भनेको सियोका माध्यमबाट छालाको विभिन्न तहमा इंकलाई पुऱ्याउनु हो । निडलका माध्यमबाट छाला हुँदै रगतमा संक्रमण पुग्न सक्छ । जथाभावी ट्याटु खोपाउँदा रगतबाट सर्ने रोग, छालामा एलर्जी लगायत अन्य समस्या देखिन सक्छ । तुरुन्तै नदेखिए पनि पुरानो हुँदै गएपछि विभिन्न खालको समस्या देखिन सक्छ ।'

उनका अनुसार ब्याक्टेरियल इन्फेक्सन, फंगस इन्फेक्सन र भाइरल इन्फेक्सन हुन सक्छ । 'विभिन्न खालका कीटाणुको संक्रमण हुन सक्छ । ब्याक्टेरियन इन्फेक्सन इस्टाफेलकोल इन्फेक्सन (घाउ पाक्ने, पिप आउनेजस्ता लक्षण देखिन्छ । कतिपयलाई ज्वरो पनि आउन सक्छ । घाउ हुने, कतिपयलाई पानीफोका पनि हुन सक्छ । सारो गाँठोजस्तो पनि हुन सक्छ ।'



डा. ईशा पौडेल, छालारोग विशेषज्ञ
एस्थेटिक औरा स्किन एन्ड हेयर क्लिनिक

यस्ता समस्या देखिन सक्छन्

फंगस : छालाको संक्रमण प्रायः फंगसको कारणले हुने गर्दछ । फंगस इन्फेक्सन भएको व्यक्तिलाई प्रयोग गरिएका सामग्री निर्मलीकरण नगरी सामान्य मान्छेमा प्रयोग गरेमा यो सर्ने सम्भावना हुन्छ । विशेष गरी दाद, छालाको एलर्जी सर्ने सम्भावना हुन सक्छ । इंकको कलर रियाक्सन पनि हुन्छ ।

टिटानस : ट्याटु खोप्दा औजारमा खिया लागेको छ वा छैन विचार गर्नुपर्छ । यदि खिया लागेका सामग्री छ भने त्यसले टिटानस हुने खतरा हुन्छ ।

एलर्जी : कसैलाई ट्याटु खोप्दा एलर्जी हुन सक्छ । तर, यो समस्या व्यक्तिको छालाअनुसार हुन सक्छ । ट्याटु बनाउँदा प्रयोग हुने रङ र केमिकललाई छालाले सहन नसक्दा यस्तो समस्या हुन सक्छ । कतिपयलाई इंकको कारणले गर्दा एलर्जी पनि हुने गर्छ । शरीरले बाहिरी कुरा भित्र छिर्दा रियाक्सन गर्छ । खोप्नासाथ समस्या नदेखिए पनि केही हप्ता वा महिनापछि देखिन सक्छ । दुबीलगायत पहिले नै छालामा समस्या भएकालाई झन् समस्या हुन्छ ।

एचआइभी/हेपाटाइटिस : रगतका माध्यमबाट हेपाटाइटिस 'बी', सी र एचआइभी सर्न सक्छ । कुनै व्यक्ति यी रोगबाट संक्रमित छन् र ती व्यक्तिलाई खोप्न प्रयोग गरिएका सामग्री निर्मलीकरण नगरी स्वस्थ मानिसमा प्रयोग गर्दा रोग सर्ने जोखिम बढी हुन्छ । तसर्थ, ट्याटु खोप्न जाँदै हुनुहुन्छ भने सबै सामग्री निर्मलीकरण गरिएका छन् वा छैनन् भनेर राम्ररी विचार गर्दा राम्रो हुन्छ । सानो कुरामा ध्यान नदिँदा जिन्दगीभर पछुताउनुपर्ने हुन सक्छ ।

बर्गैंचालाई चिटिक्क बनाउने उपाय



कृष्ण थापा
प्रबन्ध निर्देशक
थापा नर्सरी

धेरै जात र रङका फूलले बर्गैंचाको सुन्दरता बढाउनुका साथै रमाइलो वातावरण सिर्जना गर्छ । सुन्दर बर्गैंचा इज्जतको प्रतीक पनि मानिन्छ । नेपालमा हिजोआज बर्गैंचाका सौखिन पनि बढी छन् । मौसमी तथा सदावहार बोटबिरुवाले घरको सौन्दर्य वृद्धि गर्ने हुनाले बर्गैंचामा ठूला रूख, फूल राखेर आकर्षक बनाउन सकिन्छ । मौसमी फूल, ग्रिन प्लान्टदेखि बाह्रमासे फूल लगाउन सकिन्छ । सूर्यको किरण कुन ठाउँबाट आउँछ, त्यसमा ध्यान दिएर रोप्नु उचित हुन्छ । बर्गैंचालाई आकर्षक बनाउने केही तरिका :



- फूल रोप्दा फूलको प्रजातिअनुसार दूरीको ख्याल राख्नुपर्छ । मौसमी फूललाई हेरचाह पनि गरिरहनुपर्छ ।
- फूलको बर्गैंचा मलिलो र उब्जाउ हुने जमिनमै बनाउनुपर्छ । बर्गैंचा बनाएपछि उक्त जमिनमा उम्रेका झारपात समय-समयमा उखेल्नुपर्छ । मल हाल्नुपर्छ र गोडमेल गर्नुपर्छ ।
- कुन मौसममा कस्तो फूल रोप्ने भन्ने अधिकांशलाई थाहा नहुन पनि सक्छ । त्यसैले घरमा सधैं आकर्षक देखिने मौसम र माटोसुहाउँदो फूल रोप्नुपर्छ । बर्गैंचामा १२ महिना फुल्ने र सिजनमा फुल्ने दुवै थरी फूल लगाउनुपर्छ । जसकारण १२ महिना नै बर्गैंचामा फूल फुल्छ र घर आकर्षक देखिन्छ । यसका लागि नर्सरीमा राम्रोसँग बुझेर रोप्दा हुन्छ ।
- बर्गैंचामा थरीथरी, रंगीन फूल लगाउँदा राम्रो हुन्छ । यसले गर्दा बर्गैंचाको सुन्दरता पनि बढाउन सहयोग पुग्छ ।
- बर्गैंचामा ३० देखि ६० दिनमा सुकेको पात निकालेर फ्याल्नुपर्छ, ती पातलाई मलको रूपमा पनि प्रयोग गर्न सकिन्छ । गुणस्तरीय बिरुवाको छनोट, मौसम र हावापानीसुहाउँदो बिरुवा लगाउनुपर्छ । कुहिएको पात र फूललाई व्यवस्थापन गर्नुपर्छ ।

लामखुट्टेको टोकाइबाट बच्न...

- डेंगु, मलेरियालगायत सरुवा रोगबाट जोगिन लामखुट्टेको टोकाइबाट बच्नु आवश्यक छ । त्यसैले घरमा फूल रोप्ने गमलामा पानी जम्न दिनुहुँदैन ।

पानी जमेको ठाउँमा लामखुट्टेले बढी प्रजनन गर्ने भएकाले खाल्डाखुल्डी पुर्नुपर्छ । ढल र पानी जम्ने ठाउँ हप्तैपिच्छे सफा गर्नुपर्छ । पानीलाई जम्न नदिई बग्ने बनाउनुपर्छ । यसले लामखुट्टेको प्रजननमा बाधा पुऱ्याउँछ र नियन्त्रण गर्न सजिलो हुन्छ ।



- राति सुत्दा अनिवार्य रूपमा झुल प्रयोग गर्नुपर्छ । -घरका झ्याल-ढोकामा लामखुट्टे छिर्न नसक्ने जालीको अनिवार्य प्रयोग गर्नुपर्छ ।
- लामखुट्टेको टोकाइबाट बच्न एक किसिमको लोसन पाइन्छ । सुत्ने वेलामा जिउमा लोसन लगाउने र बिहान नुहाउने गर्नुपर्छ ।
- तराई तथा अत्यधिक गर्मी हुने ठाउँमा फुल बाहुला भएको कपडा लगाउनुपर्छ । कतिपयले गर्मी भयो भनेर हाफ बाहुला भएको कपडा लगाउने गर्छन् । तर, लामखुट्टेको टोकाइबाट बच्न अनिवार्य फुल बाहुला लगाएर हिँड्ने गर्नुपर्छ । प्रदूषित ठाउँमा तथा झाडीमा जाँदा पनि यस्तो कपडा लगाउनु आवश्यक हुन्छ ।
- लामखुट्टे मार्न टोल-टोलमा विषादी छर्कने गर्न सकिन्छ । तर, यस्तो विषादी पानीको मुहानमा पर्ने गरी छर्कनुहुँदैन ।

चन्द्रयान- ३ बारे फिल्म बनाउन दौडधुप

भारतीय यान (चन्द्रयान- ३) ले बुधबार चन्द्रमाको दक्षिणी ध्रुवमा सफल अवतरण गरेको छ । यस सफलतालाई फिल्ममा देखाउन धेरै निर्माता तथा निर्देशक अघि सरेका छन् । मुम्बईस्थित आइएमपिपिए, प्रोड्युसर्स गिल्ड अफ इन्डिया र आइएफटिपिसी कार्यालयमा 'चन्द्रयान- ३' शीर्षक आधिकारिक रूपमा आफ्नो नाममा दर्ता गर्नका लागि धेरै फिल्ममेकरको पत्र आएको छ । 'चन्द्रयान- ३, मिसन चन्द्रयान- ३, चन्द्रयान- ३ : द मुन मिसन, विक्रम ल्यान्डर, भारत चान्द परलगायत शीर्षक दर्ता गराउन विभिन्न निर्माता तथा निर्माण कम्पनीले आग्रह गरेका छन्,' आइएमपिपिएका अधिकारीलाई उद्धृत गर्दै भारतीय सञ्चारमाध्यम न्युज १८ ले लेखेको छ, 'आगामी साता यी सबै आग्रहलाई हामी रिभ्यु गर्नेछौं र केहीले मात्रै अनुमति पाउनेछन् ।'

जुत्ताको गन्ध कसरी हटाउने ?



- वर्षामा पानीले मोजा-जुत्ता भिज्ने गर्छ । पानी नपर्दा पनि पसिनाले मोजा भिज्छ । यसरी भिजिसकेको जुत्ता गन्हाउन थाल्छ । सुकेपछि अझै गनाउँछ । केही उपाय लगाएर यस्तो समस्याबाट छुटकारा पाउन सकिन्छ ।
- यसको उपाय पनि छ, तपाईंले च्याकमा जुत्ता राख्नुअघि जुत्ताभित्र सेनिटाइजर छर्कनुस् र एक-एकवटा ग्रिन टीको ब्याग राखिदिनुस् । ग्रिन टीको ब्यागले पसिनाको चिल्लो पनि सोस्छ र गन्ध फैलाउने ब्याक्टेरियालाई पनि हटाउँछ । कागती वा अदुवामिश्रित ग्रिन टी अझै प्रभावकारी हुन्छ । यसले तपाईंको जुत्तालाई फ्रेस राख्छ ।
- जुत्ताको गन्ध हटाउनका लागि बेकिङ सोडा पनि प्रयोग गर्न सकिन्छ । जुत्ताभित्र एक चम्चा बेकिङ सोडा छर्किदिनुस् । बिहानसम्म बेकिङ सोडाले पसिना सोसिसकेको हुन्छ । त्यस्तै, गन्ध फैलाउने ब्याटेरिया हटिसकेको हुन्छ ।
- कटनको मोजा पसिना सोस्न सक्षम हुँदैन । त्यसैले जुत्ताको गन्ध हटाउनका लागि पसिना सोस्ने खालका मोजा लगाउनु राम्रो विकल्प हुन सक्छ । यस्ता मोजाले चाँडै पसिना सोस्छन् र ब्याक्टेरियालाई विकसित हुनबाट रोक्छन् । जसकारण, जुत्ता र खुट्टाबाट गन्ध आउँदैन ।
- लेभेन्डर आयलले पनि गन्ध हटाउन सहयोग गर्छ । तपाईंको जुत्ताभित्र एक वा दुई थोपा लेभेन्डर तेल हालिदिनुस् । यसमा एन्टिअक्सिडेन्ट गुण हुन्छ, जसकारण गन्ध आउँदैन ।
- सधैं सफा मोजा मात्रै लगाउनुपर्छ । कुनै कारणले स्पोर्टस् सुज भिजेको छ भने त्यसलाई तत्काल धोएर सुकाउनु राम्रो हुन्छ ।

प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
कोशी प्रदेश
स्वास्थ्य निर्देशनालय

दरखास्त आव्हान सम्बन्धि सूचना

सूचना नं. ०१/०८०/८१
प्रकाशित मिति २०८०/०५/०८

यस जिल्ला अस्पताल ताप्लेजुङमा तपसिल अनुसारका पद/तहका कर्मचारीहरु खुल्ला प्रतिस्पर्धाबाट समिति सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएको हुँदा इच्छुक योग्यता पुगेका उम्मेदवारहरुलाई मिति २०८०/०५/०८ गते सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र दरखास्त पेश गर्न हुन आव्हान गरिएको व्यहोरा सूचित गरिन्छ ।

तपसिल

सि.न	विज्ञापन नं.	पद/तह	माग पद संख्या	परीक्षा दस्तुर	पारिश्रमिक	कैफियत
१	०१/०८०/८१	ल्याब टेक्निसियन	२	४००।-	नियामानुसार	समिति करार
२	०२/०८०/८१	हेल्थ असिस्टेन्ट	१	४००।-	"	"
३	०३/०८०/८१	फार्मेसी सहायक	२	४००।-	"	"
४	०४/०८०/८१	कम्प्युटर सहायक अपरेटर	१	४००।-	"	"
५	०/०८०/८१	सुरक्षा गार्ड	२	३००।-	"	"

आवश्यक उम्मेदवारका लागि दरखास्त फारममा पेश गर्नुपर्ने कागजातहरु

१. **उमेरको हद :** दरखास्त पेश गर्ने समयमा १८ वर्ष पुरा भइ पुरुषको हकमा ३५ वर्ष र महिलाको हकमा ४० वर्ष ननाघेको,
२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी,
३. **शैक्षिक योग्यता :** ल्याब टेक्निसियन, फार्मेसी सहायक र हेल्थ असिस्टेन्ट पदका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट उतिर्ण गरेको SLC/SEE सहितको प्रमाण-पत्र, सम्बन्धित पदको बिषयमा मान्यता प्राप्त शैक्षिक संस्थाबाट उतिर्ण गरेको प्रमाणपत्र तथा काउन्सिल दर्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपी, कम्प्युटर सहायक अप्रेटर पदका लागि १२ उतिर्ण गरि कम्प्युटर सम्बन्धि डिप्लोमाको प्रमाणपत्रको प्रतिलिपी तथा सुरक्षा गार्डको हकमा आठ कक्षा उतिर्ण गरेको र सुरक्षा सम्बन्धि तालिम प्राप्त व्यक्तिलाई प्राथमिकता दिइनेछ ।
४. हेल्थ असिस्टेन्ट पदका लागि कम्प्युटरमा डिप्लोमा गरेको हुनुपर्ने र निजले तथ्याङ्क सम्बन्धि कार्य गर्नुपर्नेछ ।
५. स्थानियतालाई प्राथमिकता दिइने छ, यसका लागि प्रमाणित गर्न सकिने कागजातहरु अनिवार्य संलग्न राख्नुपर्ने छ ।
६. **करार अवधि :** ६ महिनाको रहनेछ ।
७. **कार्य विवरण :** सम्बन्धित कार्यालयले तोके बमोजिम हुनेछ ।
८. **परिक्षाको किसिम :** ल्याब टेक्निसियन, फार्मेसी सहायक,हेल्थ असिस्टेन्ट तथा स.क.अ. का लागि लिखित र अन्तर्वार्ता दुवै तथा सुरक्षा गार्डको हकमा मौखिक परिक्षा मात्र हुनेछ ।
९. **परिक्षा दस्तुर :** अस्पताल विविध खाता नं.- ख २ ६-०६२०२०००००२००६०००००१ नेपाल बैंक लि., ताप्लेजुङमा जम्मा गर्नुपर्नेछ ।
१०. **सम्पर्क मिति :** २०८०/०५/१७ गते कार्यालय समयभित्र र परिक्षा मिति सम्पर्क मितिको दिन तोकिने छ ।
११. सम्पर्क मितिका दिन प्रवेश कार्ड अनिवार्य लिनुपर्नेछ अन्यथा परिक्षामा समावेश हुनपाइने छैन ।

विज्ञापन सम्बन्धि थप कुरा बुझ्न परेमा यस कार्यालयको फोन नं. ०२४-४६०१८८, ९८५२६६०१८८, ९८४०९९३११२ तथा कार्यालय समयमा सम्पर्क गर्न सकिनेछ ।

नि. मेडिकल सुपरिटेन्डेन्ट

Thakre Rural Municipality
Office of Rural Municipal Executive
Mahadevbesi, Dhading
Bagamati Province, Nepal

Invitation for Bids for the Supply, Delivery and Installation of Furniture and Furnishing goods for Administrative Building

Contract Identification No: 1/SQ/GOODS/THAKRE/080/081
Date of publication : 25-08-2023 12:00

1. The Government of Nepal has allocated funds to cover eligible payment under the Contract for Supply, Delivery and Installation of Furniture and Furnishing goods for Administrative Building **(IFB No: 1/SQ/GOODS/THAKRE/080/081).** Bidding is open to all eligible Nepalese and Foreign Bidders.
2. **Thakre Rural Municipality** invites sealed and or electronic bids from eligible bidders for the procurement of Supply, Delivery and Installation of Furniture and Furnishing goods for Administrative Building under National Competitive Bidding procedures specified in Public Procurement Act and Regulations.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Thakre Rural Municipality, Thakre, Dhading, Bagmati Province, Nepal** or may visit PPMO egp system website **www.bolpatra.gov.np/egp.**
4. The Elligible Bidder may download the bidding documents for e-submission from PPMO's website **www.bolpatra.gov.np/egp.** Bidders submitting their bid electronically, should deposit a non-refundable fee of **3000.0 NRs** till 10-09-2023 12:00. in the details given below.
   Name of the Bank : Prabhu Bank Ltd., Mahadevbesi, Dhading
   Name of the Office : Thakre Rural Municipality
   Office Account no : 0510101118900121
5. Electronic bids must be submitted to the office **Thakre Rural Municipality, Thakre, Dhading, Bagmati Province Nepal** through PPMO website **www.bolpatra.gov.np.** on or before **10-09-2023 12:00.** Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 10-09-2023 14:00 hours at the office of **Thakre Rural Municipality, Thakre, Dhading, Bagmati Province, Nepal.** Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of **60000 NRs** which shall be valid for **30 days** beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Employer reserve the right to accept and reject, wholly or partly any or all the bids without assigning reason whatsoever.
9. Matters not covered by this notice shall be in accordance with bid document, PPA and PPR and its ammendments to descending order of priority from Bid Document, PPR of GRM- 2078, PPA and PPR.

Chief Administrative Officer

निद्राबाट ब्युँझिने कि ?

देशमा अनाचार र भ्रष्टाचार यही गतिमा रहने हो भने जनताको असन्तोष र अविश्वास धान्ने शक्ति कुनै पनि पार्टीमा रहँदैन



● किशोर नेपाल

अग्रलेख

सुन तस्करीको छानबिन गर्न 'शक्तिशाली आयोग' गठन गर्ने सहमतिपछि 'सार्वभौम' संसद् चल्न थालेको छ। देशमा दशकौंदेखि भइरहेको सुनको नियमित तस्करीमा सांसदको अभिरुचि जागृत हुनु अनुचित होइन। तर, अब गठन हुने शक्तिशाली आयोगले सुन तस्करी रोक्न कस्तो उपाय अपनाउनेछ ? कस्तो सुझाब दिनेछ ? कसकसलाई समायोजन गर्नेछ ? यसको उत्तर छिट्टै पाइएला। सार्वभौम संसद्सामु तेर्सिएको अर्को भीमकाय समस्यामा कसैको पनि गम्भीर दृष्टि परेको देखिएन। त्यो भीमकाय समस्या अर्थात् गणतन्त्र नेपालका सार्वभौम नागरिकलाई भुटानी शरणार्थी बनाएर वैदेशिक रोजगार बजारमा बिक्री गर्न गरिएको दुस्साहसपूर्ण घटनामा सार्वभौम संसद्ले कुनै आयोग बनाएन। यसको रहस्य के हो ? वैदेशिक रोजगार बजारमा बेचिएका मानिसको मूल्य काठमाडौंका सडक-गल्लीमा छ्यापछ्याप्ती पाइने सुनको जति पनि छैन ? राजनीतिक संयोजनका हिसाबले अहिलेको संसद् प्रभावशाली देखिएको छैन। सार्वभौम भनिएको संसद्को काम एक थान सरकार बनाउनु मात्रै हो भने कुरो अर्कै हो। लोकतान्त्रिक गणतन्त्रमा यस्तो किन भइरहेको छ ? सन्दर्भलाई बुझ्न देशको निकट इतिहासको अलिकति पर्यवेक्षण जरुरी छ। प्रजातन्त्र बहालीको माग राख्दै भएको बृहत् विद्यार्थी आन्दोलन र राजा वीरेन्द्रको 'सदाशयता' मा ०३६ मा भएको निर्दल र बहुदलबीचको जनमत संग्रहमा निर्दल पक्षको 'सुधारिएको पञ्चायत'ले विजय प्राप्त गऱ्यो। जनमत संग्रहको असहज परिणामलाई बहुदलीय पक्षका 'आइकनिक' नेता बिपी कोइरालाले स्वीकार गर्नुभयो भने नेपाली कम्युनिस्ट आन्दोलनका सर्वाधिक प्रतिष्ठित नेता मनमोहन अधिकारीले जनमत संग्रहमा धाँधली भएको गम्भीर आरोप लगाउनुभयो खुलामञ्चबाट। जनमत संग्रहमा पराजयपछि देशका 'प्रबुद्ध' नागरिक 'निरन्तरता' र 'परिवर्तन'को बहसमा अल्झिए। ती बुद्धिजीवी वीरेन्द्रको सौम्य र शालीन अनुहारबाट प्रभावित थिए। उनीहरू वीरेन्द्रले 'सनातन' लाई निरन्तरता दिँदै देशमा परिवर्तन ल्याउनेमा विश्वस्त थिए। यही थियो 'कन्टिन्युटी एन्ड चेन्ज'को फुलझडी। तर, त्यस्तो केही भएन। ०४२ मा मेरा गोर्खाली मित्र वीरेन्द्र पोखरेलले गोर्खाबाट राष्ट्रिय पञ्चायतको चुनाव जिते। उनी आर्थिक समितिका सदस्य भए। उनले छिटै यो ज्ञान प्राप्त गरे : पञ्चायत व्यवस्थामा निरन्तरता र परिवर्तनको परिकल्पना सम्भव छैन। रुखको जरोकिलो पत्तो नलगाएसम्म हाँगाबिँगा काटेर समस्या सुल्झँदैन। आर्थिक समितिमा बसेर पोखरेलले थाहा पाएका थिए : राजाका वरिपरि घेरा जमाएर बसेका शक्तिकेन्द्रबाट आएको एक कल टेलिफोनका भरमा संविधानमा लेखिएका अक्षर निस्तेज र निष्प्रभावी हुने देशमा निरन्तरता र परिवर्तन अर्थहीन हो। त्यतिबेला एकथरी कर्मचारी टेलिफोनबाट आउने शक्तिकेन्द्रको दबाबमा काम गर्न बाध्य थिए भने अर्काथरी शक्तिकेन्द्रका कर्मचारी दबाबमा पारेर काम गराउन स्वतन्त्र थिए।

पहिलो राष्ट्रिय जन-आन्दोलनपछिको संसदीय चुनावमा अन्तरिम सरकारका प्रधानमन्त्री तथा कांग्रेस सभापति कृष्णप्रसाद भट्टराईले चुनाव हार्नुभयो। उहाँपछि प्रधानमन्त्रीका रूपमा कांग्रेस महामन्त्री गिरिजाप्रसाद कोइरालाको सत्तारोहण भयो। एकपटक फेरि राजनीतिक वृत्तमा निरन्तरता र परिवर्तनको नीति हाबी भयो। राजा नरहे देश रहँदैन भन्ने 'न्यारेटिभ'लाई पछ्याउँदै प्रधानमन्त्री कोइराला मध्यावधिमा पुनुभयो। त्यसअघि, झापाको कलबलगुडीमा आयोजित कांग्रेस कार्यकर्ता भेलामा लोकतान्त्रिक पद्धतिको परिपालन गर्न जन-आन्दोलनका सर्वमान्य नेता गणेशमान सिंहले गरेको आर्तनादलाई कोइरालाले लत्याइदिनुभयो। अहिले त देश संघीय गणतन्त्रमा प्रवेश गरेको पनि दुई दशक हुन लागिसकेको छ। संघीय गणतन्त्र स्थापनापछि कांग्रेस नेतृत्वले संस्थापक नेताहरूको आदर्शलाई थोरै पनि निरन्तरता दिएका छैनन्। संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रसहितको ०४७ को संविधान कांग्रेस र एमालेको राजनीतिक नेतृत्वको कमजोरीका कारण धराशयी भयो। नेपाली नागरिकका हक र अधिकारका गुढ प्रश्नलाई पन्छाएकाले पहिलो निर्वाचित सरकार असफल भयो। आफ्नै कमी-कमजोरीका कारण निर्वाचित संसद्ले एक अवधि पनि पूरा गर्न पाएन। तत्कालीन प्रधानमन्त्री कोइरालाले आफ्नै पार्टीभित्रको आन्तरिक विग्रह मिलाउन नसकेपछि मध्यावधि चुनाव घोषणा गर्नुभयो। मध्यावधि चुनाव र माओवादी आन्दोलन झन्डैझन्डै एकै समय सुरु भए। माओवादी आन्दोलन प्रकारान्तरले जनविद्रोहको प्रारम्भ थियो। यसले देशका दुर्गम पहाडी भूभागमा तीव्र गतिको विस्तार लिइरहेको थियो। परिवर्तनको उज्यालोमा कहिल्यै जगमगाउन नपाएका पहाड-पर्वत र खोंच-उपत्यकाका नागरिकमा बिस्तारै जागृतिको भावना आउन थाल्यो। ०४७ पछिका परिवर्तनले 'सहरिया' र 'सहरबाहिरका' जनतालाई विद्रोह र संघर्षको गति तीव्र बनाउन सक्रिय तुल्याएका थिए। नेपाली जनतामा परिवर्तनको हुटहुटी बढ्दो थियो। यो समयमा पहाड-पर्वत र खोंच-उपत्यकामा विद्रोहको विस्तार भइरहेको थियो भने समयको यही रेखामा मधेस आन्दोलन तीव्र गतिले अगाडि बढ्यो। पहाड र मधेसका यी दुइटा मुख्य संघर्षलाई अन्य कुनै पनि तथ्यले नकार्न सक्दैन। के कमी थियो त ०४७ को संवैधानिक राजतन्त्र र बहुदलीय लोकतान्त्रिक व्यवस्थाको ? संविधानका प्रमुख अभियन्ता तत्कालीन प्रधानमन्त्री भट्टराईले यो संविधानलाई 'विश्वकै सर्वोत्कृष्ट' भन्नुभएको थियो। तर, यसलाई देशको



दुर्भाग्य मान्ने हो कि दुर्घटना ? भट्टराईजस्ता निर्लिप्त र ज्ञानी मान्छेले विश्वकै सर्वोत्कृष्ट भनेको संविधानलाई १० वर्ष पनि नबिदै च्यातच्युत पार्नुपर्ने अवस्था आयो। परिवर्तनको सन्देश बोकेर गाउँ-गाउँ हिँडेका माओवादीले त्यसलाई क्षतविक्षत् तुल्याए। संविधानमा जेजति तत्त्व बाँकी थियो, त्यसलाई ज्ञानेन्द्रले सिध्याए।

नेपालमा अहिले संघीय गणतान्त्रिक व्यवस्था आएको छ। नेताहरू कुर्लिएका छन्, 'हिजोकोजस्तो व्यवस्था होइन यो। यो त लोकतान्त्रिक गणतन्त्र हो।' यो राजनीतिक अवस्था ल्याउनमा माओवादीको ठूलो योगदान छ भन्न साइत जुराइरहनुपर्दैन। लौ त, यसलाई कसले औंला ठड्याउँछ हेरूँ त !' कांग्रेस, एमाले, माओवादी र अन्य राजनीतिक दलका नेताको स्वार्थ एउटै छ। सबै 'पावर सेन्टर'मा बसेर शासन 'हाँक्न' चाहन्छन्। ०४७ र ०६२ को जन-आन्दोलनले देशका धेरै कुरा सम्यायो। तर, शक्तिको अनुशासित र उचित प्रयोग प्रारम्भ गरेन। आजको कोलाहलको मूल कारण यही हो।

> राजनीतिक संयोजनका हिसाबले अहिलेको संसद् प्रभावशाली देखिएको छैन। सार्वभौम भनिएको संसद्को काम एक थान सरकार बनाउनु मात्रै हो भने कुरो अर्कै हो। नत्र लोकतान्त्रिक गणतन्त्रमा यस्तो किन भइरहेको छ ?

देशमा अनाचार र भ्रष्टाचार यही गतिमा रहने हो भने जनताको असन्तोष र अविश्वास धान्ने शक्ति कुनै पनि पार्टीमा रहँदैन। अहिले सरकारका मन्त्रीहरूको मुखबाट अर्थ न बर्थका 'वाणी' प्रकट भइरहेका छन्। कुरो के हो त ? सबै दलको नेतृत्व तहमा रहेका महानुभावलाई जनताले शासन व्यवस्थाबारे प्रश्न गरे भने जवाफ आउँछ, 'होइन, यिनीहरूले काम गर्न नसकेको हो। मैले भए सबैलाई मिलाएर लैजान्थ्यो।'

देशमा माओवादी संकटका समयमा पनि 'मैले सक्छु' भनेकै भरमा बारम्बार प्रधानमन्त्री फेरिएका थिए। 'अरूले गर्न सकेनन्, मैले भए गर्छु' भनेर किशुनजीलाई हटाउनुभयो गिरिजाप्रसादले। त्यसपछि उहाँ प्रधानमन्त्री बन्नुभयो। किशुनजी अचानक 'अलमलमा पर्नुभयो। बूढो हुनुभो।' किशुनजीको मनमा एकपटक निर्वाचित प्रधानमन्त्री हुने स्वाभाविक चाहना थियो। उहाँले आफ्नै लोकप्रियताको बलबुतामा निर्वाचन जितेर प्रधानमन्त्री बन्नुभयो। उहाँको इच्छा पूरा भयो। गिरिजाप्रसादले किशुनजीलाई हटाउनुभयो र आफैंले शासनको भार धान्न खोज्नुभयो। तर, सक्नुभएन। यसै क्रममा शेरबहादुर देउवाले घोषणा गर्नुभो, 'म माओवादीलाई मिलाउँछु।' उहाँ पुनः प्रधानमन्त्री हुनुभयो। तर, माओवादीलाई मिलाउन सक्नुभएन। अहिले पनि नेताहरूलाई लागेको हुन सक्छ, म मिलाउँछु। म प्रधानमन्त्री भए देशलाई १० वर्षभित्र चीन र भारतभन्दा स्तरीय बनाउँछु। सम्बन्धित पात्र अर्थात् प्रधानमन्त्री बन्न इच्छुक महोदयको मनमा कसरी त्यस्ता दुस्साहस उत्पन्न हुन्छ ? परिहासमय वाक्यले बनेको हुन्छ, त्यस्तो वक्तव्य। के कुनै व्यक्ति, कुनै प्रधानमन्त्रीले चाहँदैमा मुलुकको वृद्धिदर १० वर्षमा रातारात उकासिन सक्छ ? त्योभन्दा पनि हास्यास्पद पक्ष देशमा यत्रा विद्वान्, बुद्धिजीवी, पत्रकार, पढे-लेखेका व्यक्ति छन्। कसैले पनि ती नेताका कथनको हास्यास्पद पक्ष औंल्याउँदैनन्। यी बौद्धिक वा एलिट भनेर कहलिएकाहरूलाई लाग्दो होला- जंगी स्वभावका, ठाडा, ठाउँका ठाउँ कारबाही गर्ने मान्छेले मात्रै परिवर्तन गर्छन्। कसैले पनि आफू प्रधानमन्त्री हुनका लागि 'म समस्याको समाधान गर्छु' भन्नु र 'म प्रधानमन्त्री बन्छु' भन्नु आफैंमा ठूलो होइन। त्यो प्रधानमन्त्री बन्ने चाहना भएका नेताको आत्मगत सोचाइ हो। कुनै समय माओवादी समस्या समाधान गर्ने दाबी गर्नुहुने देउवाले अहिले हातमा वास्तविक सत्ता नहुँदा पनि माओवादी नेतृत्वमा सत्ताधारीको जस्तो व्यवहार छाड्नुभएको छैन।

अहिलेको व्यवस्थालाई सबैले बुझेका छन्, यो संसदीय व्यवस्थाकै एउटा अर्को संस्करण हो। सुरुका दिनमा माओवादीले अहिलेको यो व्यवस्थासँग चित्त बुझाएका थिएनन्। उनीहरूले विभिन्न उपाधि र विशेषण, प्रत्यय र उपसर्ग प्रयोग गरेर यो संसदीय व्यवस्थालाई 'होइन हामीकहाँ संसदीय व्यवस्थामा प्रवेश गरेका हौं र ?' भन्थे। तर, जे भने पनि यो संसदीय व्यवस्था नै हो। अहिलेको अवस्थामा चल्ने यो व्यवस्थाले केही गर्न सक्दैन। त्यसैले होला, सबै पार्टीका महत्त्वपूर्ण भनिने नेताले भन्ने गरेका छन्- हामीले संसदीय व्यवस्था बनाउन खोजेका होइनौं। कांग्रेस समाजवाद चाहन्छ। कम्युनिस्ट साम्यवाद। समाजवाद र साम्यवादका परिभाषा बहुराष्ट्रिय कम्पनीले तोक्छन्, किस्सा खतम।

आमूल परिवर्तनको खोजमा हिँडेका नेता कहीं पुगेनन्। ती कतै नपुगेपछि अहिले नेपालमा के भएको छ त ? धन्न, अहिले माओवादी अध्यक्ष प्रचण्डको नेतृत्वमा मिलिजुली सरकार छ। प्रचण्डले खुट्टा दह्रो टेक्न खोज्नुभएको छ। जुलुस र नारामा लागेका एमालेका नेता-कार्यकर्ता मच्चियो मच्चियो, थच्चियोको अवस्थामा छन्। रह्यो कांग्रेसको कुरा। कांग्रेस चीरनिद्रामा छ। उसको निद्रा अझै खुलेको छैन। भदौमा आँखा फुटेको गोरु सधैं हरियो देख्छ भनेझैं छ कांग्रेसलाई। बारम्बार सताच्युत हुँदा पनि कांग्रेस सत्ता प्राप्तिका लागि कर्म गर्दैन, चाहना मात्र राख्छ। सत्ताको चरित्र फेरिनुपर्छ भन्ने अनुभूति कांग्रेसमा छैन। प्रधानमन्त्री जोसुकै भए पनि जस्ताको तस्तै सत्तामा गएर राज्य संयन्त्रमा आमूल परिवर्तन गर्न सकिने केही छैन। बजारमा सीमित उपभोग्य सामग्री छन्। उपभोक्ता तिनै सामग्री किन्न बाध्य छन्। त्यसरी नै हामी पनि राजनीतिक स्वतन्त्रताका नाममा आधा दर्जनजति पार्टीमध्ये एउटालाई रोज्न अभिशप्त छौं। बेलायतमा पनि यही देखिएको छ। त्यहाँ कि लेबर छन् कि कन्जरभेटिभ। अमेरिकाजस्तो देशमा पनि यही देखिएको छ। भारतमा पनि यही छ। सबै मुलुकमा वेलावेलामा झिनो स्वरमा आवाज उठ्ने गरेको छ, जनप्रतिनिधिलाई फिर्ता बोलाउने अधिकार हुनुपर्छ जनताको। तर, जनप्रतिनिधिलाई फिर्ता बोलाउने अभिक्रम कहीं सुरु भएको छैन।

स्पष्ट छ, नेपालमा आजसम्म जति पनि विद्रोह र संघर्ष भएका छन्, तीभन्दा झन् ठूलो, झन् व्यापक र झन् बहु-आयामिक क्रान्तिको पूर्वसन्ध्या हो अहिलेको समय। यतिबेला फुर्सदमा बसिरहेका युवाको बाटो के त ? तपाईं बारम्बार सोध्नुहुन्छ। निरन्तर दिनुपर्ने उत्तर स्पष्ट छ : बाटो विद्रोहकै हो। बहुआयामिक क्रान्तिको प्रारम्भ कुनै एकजना महापुरुषले, विष्णु भगवान्का अवतार रामले झैं, धनुष तोडेर, गर्ने कुरा होइन। यसका लागि प्रत्येक व्यक्ति जिम्मेवार हुनुपर्छ। तीन करोड नेपालीमध्ये सबैलाई एकैचोटि जिम्मेवार हुनुपर्छ भन्न नसकिएला। कमसेकम नेपालजस्तो मुलुकमा प्रत्येक पालिकाका प्रत्येक वडामा दर्जनभर तन्नेरी निस्केर समस्यासँग लड्नुपर्छ। यो देश हाम्रो हो। देशका युवावर्गमा 'हामीले अमेरिका गएर भाँडा माझ्ने र भारतमा चौकीदारी गर्ने होइन' भन्ने प्रच्छन्न राष्ट्रभाव नआएसम्म समस्या समाधानको बाटोमा लाग्न सक्दैनन्।

---

३ प्रश्न

संघीयताविज्ञ **खिमलाल देवकोटा**लाई



संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम रोक्ने सर्वोच्चको अन्तरिम आदेशलाई कसरी हेर्नुभएको छ ?

अस्थायी नै भए पनि यो एउटा ऐतिहासिक आदेश हो। संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम निर्लज्जताको पराकाष्ठा हो। यो कार्यक्रम सबै मिलेर जसरी हुन्छ, राज्यको ढुकुटी रित्याउने खेल हो। यसले अहिलेको संघीय गणतान्त्रिक व्यवस्थालाई नै कमजोर बनाएको छ। विगतमा पटकपटकको संसद् विघटन प्रतिगामी हुँदाहुँदै पनि बजेटको मुखमा सांसद नै नरहेपछि यो कार्यक्रम पनि खारेज हुने भयो भनेर म निकै खुसी भएको थिएँ। देशको बजेटमा स्रोत छैन, सांसदका नाममा यसरी बजेट छुट्याउन कसरी मिल्छ। बजेट भाषणमा यो कार्यक्रम समावेश गरिएको सुनेपछि म बजेट भाषण हुँदाहुँदै बिचमै संसद् छाडेर हिँडेको थिएँ। यसलाई सधैंका लागि रोक्नुपर्छ।

संघीयतामा यस कार्यक्रमको औचित्य कति छ ?

कत्ति पनि छैन। स्थानीय तहको विकास निर्माणका लागि सिंगै स्थानीय सरकार छ। उसैलाई दिए भैगो नि यो बजेट। अहिले एकपटकका लागि यसलाई स्विकारियो भने आगामी दिनमा यो बजेट झन्झन् मोटाउँदै जान्छ। संघको रोग प्रदेशमा समेत सरिसकेको छ। यसले प्रणालीलाई ध्वस्त पार्न बेर छैन।

प्रतिनिधिसभाका सांसदहरूले संसद्मै सर्वोच्चको आदेशको विरोध गर्नुलाई के भन्नुहुन्छ ?

उहाँहरूले संविधान राम्रोसित हेर्नुपऱ्यो। संविधानले कहाँनिर सांसदलाई यस्तो अधिकार दिएको छ ? सर्वोच्चले त संविधान हेर्छ नि ! सांसदले आफ्नो भूमिका बुझ्न नसकेपछि विरोध हुनु अनौठो होइन।

प्रेरक प्रसंग

भगवान्, मलाई मोबाइल बनाइदिनुहोस्

उनी एक प्राथमिक विद्यालयकी शिक्षिका थिइन्। उनले दिउँसो बालबालिकाको परीक्षा लिएर परीक्षणका लागि उत्तरपुस्तिका घरमा ल्याएकी थिइन्। साँझ घरमा बसेर उत्तरपुस्तिका परीक्षण गर्दै गर्दा उनका आँखाबाट आँसु बग्न थाल्यो। उनका पति नजिकै सोफामा पल्टिएर मोबाइल चलाइरहेका थिए। उनले पत्नीसित रुनुको कारण सोधे।



पत्नीले आँसु पुछ्दै भनिन्- आज मैले विद्यार्थीलाई 'मेरो सबैभन्दा ठूलो इच्छा' शीर्षकमा केही लेख्न लगाएकी थिएँ। एक बालकले लेखेको रहेछ- 'भगवान्, मलाई मोबाइल बनाइदिनुहोस्।' पत्नीको कुरा सुनेर पति हाँस्न थाले। पत्नीले भनिन्- अगाडि उसले के लेखेको छ, त्यो त सुन्नुहोस्। उसले लेखेको छ- यदि म मोबाइल बनें भने घरमा म सबैको साथमा हुनेछु। सबैजना मलाई ध्यानपूर्वक सुन्नेछन्, हेर्नेछन् र रमाउनेछन्। मलाई कसैले रोकटोक गर्नेछैन र मसँग कसैले सवालजबाफ पनि गर्नेछैन। जब म मोबाइल बन्नेछु, तब अफिसबाट आएपछि थाकेको भए पनि मेरा बाबा मसँगै हुनुहुनेछ। आमालाई जब तनाव हुनेछ, तब उहाँले मलाई गाली गर्नुहुनेछैन। उल्टो मेरै साथ रहनुहुनेछ। मेरा दाजु र दिदीबीच मलाई हेर्न र चलाउन झगडा पर्नेछ। जब मोबाइल बन्द गरिनेछ, तब पनि मेरो निकै राम्रो हेरचाह हुनेछ। अँ साँच्ची, मोबाइलका रूपमा म सबैलाई खुसी दिन पनि सक्नेछु। यो सुनेपछि पति पनि थोरै गम्भीर भए र भने- हे भगवान् ! बिचरो बच्चा ! उसका बाबुआमाले त उसलाई कत्ति पनि ध्यान दिँदा रहेनछन्, हगि ?

पत्नीले आँसुले टिलपिल भरिएका आँखाले पतितिर हेरिन् र प्रश्न गरिन्- थाहा छ, यो बालक को हो ? यो अरू कोही नभएर हाम्रो आफ्नै छोरो हो, हाम्रै कान्छो !

कतै यो 'कान्छो' तपाईंको आफ्नै बच्चा त होइन ?

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

'ठूला माछा' कहिले समात्ने ?

ललितानिवास जग्गा प्रकरणमा पूर्वप्रधानमन्त्रीद्वय माधव नेपाल र डा. बाबुराम भट्टराईलाई उन्मुक्ति दिएर सरकारले यहाँ ठूलालाई चैन नै चैन भन्ने प्रमाणित गरेको छ। हस्ताक्षर गरेकै आधारमा पूर्वमन्त्रीदेखि पूर्वसचिवसमेतलाई प्रतिवादी बनाइए पनि त्यहीं हस्ताक्षर गरेका नेपाल र डा. भट्टराईलाई चाहिँ उन्मुक्ति किन ? तर, पूर्वमन्त्री र पूर्वसचिवहरूलाई प्रतिवादी बनाइएको २४ घन्टा बितिसक्दा पनि अहिलेसम्म 'हाइप्रोफाइल' भनिएकाहरू कोही पक्राउ परेका छैनन्। जब कि चार पूर्वमन्त्रीलाई पक्राउ गर्न अदालतले समेत आदेश दिएको थिए। प्रधानमन्त्री प्रचण्डले सरकार ढले ढलोस्, ठूला माछा पनि छाड्दिनँ भन्न सक्नुपऱ्यो। यसबाट सरकार ढले पनि जस प्रधानमन्त्री प्रचण्ड र माओवादीले नै पाउने हुन्।

● **मान तामाङ**, काठमाडौं

सांसदलाई बजेट किन चाहियो ?

सर्वोच्च अदालतले संघ र प्रदेश संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम रोक्न अन्तरिम आदेश दिएपछि संसद्मा सांसदहरूले त्यसको खुलेर विरोध गरेका छन्। देश संघीयतामा गएपछि स्थानीय तह निकै शक्तिशाली बनेका छन्। तिनीहरूसित विकास बजेट पनि ठूलो छ। उता प्रदेशले पनि विकासका नाममा रकम खर्च गर्दै आएका छन्। संघीय सरकारको पनि विकास बजेट हुने नै भयो। यस्तोमा सांसदलाई किन चाहियो छुट्टै बजेट ?

● **बलराम नेपाली**
बबरमहल, काठमाडौं

अनुमति पत्र रद्द गर

बुधबार त्रिशूलीमा खसेको बस चालकको लापरबाहीका कारण खसेकोमा शंका छैन। जब बायाँ लेनमा चलाउनुपर्ने सवारीलाई दायाँ लेनमा चलाइयो भने हुने दुर्घटना नै हो। यहाँ दुई सय ६० पटकसम्म सवारी अनुशासन उल्लंघन गर्ने चालक पनि रहेछन्। यस्ता चालकबाट पनि हुने भनेको दुर्घटना नै हो। त्यसैले, यस्ता चालकलाई कडा दण्ड, जरिवाना गरेर अनुमति पत्र रद्द गरिएन भने यिनले थप दुर्घटना गराउनेछन्।

● **सुविस्ता रायमाझी**,
सामाखुसी, काठमाडौं

किन हराउँदै छ मानवता ?

६ भदौको नयाँ पत्रिका दैनिकमा छापिएको 'बच्चा बिक्री गर्ने डाक्टर पक्राउ' शीर्षकको समाचारले दिमाग हल्लायो। यो समाचारले हाम्रो समाज कता गइरहेको छ, प्रस्ट देखाएको छ। नेपाल त्यो प्राचीन सभ्यताको देश हो, जहाँ ढुंगाको मूर्तिलाई भगवान् देख्ने, जिउँदो कुमारी कन्यालाई देवी मानी पूजा गर्ने, युद्ध हुँदा शरण माग्ने शत्रुलाई पनि माफी दिने संस्कार पुस्तौंदेखि कायम छ। बुद्धको शान्ति भूमि, ऋषिमुनिको तपोभूमि नेपाल, आज पैसाकै लागि आफ्नो देशको नागरिकलाई अनागरिक बनाउने, भर्खरै जन्मँदै गरेको शिशुलाई अस्पतालबाटै एउटी आमाको काख उजाड पार्नेजस्ता आपराधिक सोच कहाँबाट आए ? मानिसको विकासक्रम हेर्दा ढुंगे युगदेखि अहिलेको प्रविधिमैत्री युगसम्म आइपुग्दा मानिसको सहारा मानिस नै हो। यो सहाराअन्तर्गत हिजोका दिनमा धामी, झाँक्री र वैद्यलाई मानिसले भगवान्का रूपमा हेर्थे, समाज विकासका क्रममा चिकित्सा शिक्षा पढेका चिकित्सक भगवान् बनेर आए। तिनको ज्ञान, सीप र परिश्रमले लाखौं मानिसले दीर्घजीवन पाउँदै आएका छन्। तिनलाई सलाम गर्नैपर्छ। तर, त्यस्ता डाक्टर पनि हुँदो रैछन्, जुन कोसी अस्पतालबाट समाचारमा आए।

के कार्लमार्क्सले भनेजस्तै समाज आर्थिक रूपमा सिर्जिएको वर्गीय खाडल नै हो त ? नत्र विशेषज्ञ तहको चिकित्सक भएर पनि कोसी अस्पतालका चिकित्सक बच्चा बेचेर किन पैसा थुपार्ने होडमा लाग्दा हुन् र ? यस्ता चिकित्सक भएपछि बिरामी हुँदा कसरी ढुक्क भई बाँच्नु ?

● **दीपेश सिंजाली मगर**, रामेछाप
हाल : भक्तपुर
sinjalee.magar@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

पश्चिमले अफगानिस्तानसँग संवाद बढाउनुपर्छ

युद्ध, कब्जा र नाकाबन्दीले अफगानिस्तानमा राजनीतिक एवं सामाजिक परिवर्तन ल्याउन सक्दैन, बरु पश्चिमले संवाद, कूटनीति र आर्थिक अनुकूलनका उपाय अपनाउनुपर्छ



देश / विदेश

● अशोक स्वैन

अमेरिकाको नेतृत्वमा रहेको नेटो सेनाको उथलपुथलपूर्ण बहिर्गमनपछि अफगानिस्तानमा तालिबानले पुनः आफ्नो नियन्त्रण जमाएको दुई वर्ष भइसकेको छ। यस अवधिमा तालिबानले आफूलाई अफगानिस्तानमा प्रमुख शासकीय प्राधिकारी बनाउँदै हैसियतलाई बलियो बनाएको छ।

तालिबानका सदस्यले आफ्ना प्रभावशाली नेता हिबतुल्लाह अखुन्दजादालाई पछ्याएर एकता कायमै राखेका छन् र छिमेकी मुलुकसँगको लगानीसम्बन्धी छलफलमा भाग लिएर अर्थतन्त्रलाई प्रभावकारी रूपमा क्रियाशील बनाएका छन्। यसबाहेक तालिबानले दाएसजस्ता (आइएस) संगठनलाई नियन्त्रण गरेर र अफिम खेतीलाई प्रभावकारी रूपमा नियन्त्रण गरेर आन्तरिक सुरक्षा सुधार गर्ने रणनीति लागू गरेको छ। पछिल्ला दुई वर्षमा अफगानिस्तानले घरेलु सुरक्षा वृद्धि गरेको छ र यसका कारण हिंसात्मक घटनामा मृत्यु हुने मानिसको संख्यामा कमी आएको छ। उप्सला कन्फ्लिक्ट डाटा प्रोग्रामको अभिलेखले सन् २०१८ देखि २०२१ सम्म अफगानिस्तानले विश्वव्यापी रूपमा सबैभन्दा रक्तपातपूर्ण द्वन्द्व भोगेको देखाउँछ। तर, सन् २०२२ मा मुलुकको हिंसामा तीव्र गिरावट आएको छ। अफिम खेतीमा भएको गिरावट अप्रिल २०२२ मा तालिबान प्रमुखले देशमा अवैध लागुऔषध गतिविधिका सबै पक्षलाई कडाइसाथ निषेध गर्ने आदेश जारी गरेपछि आएको हो। प्रतिबन्धले तालिबान एकाइलाई अफिम खेती हटाउन अनुमति दिएको थियो। कुनैबेला यी एकाइ अफिमको प्रमुख विश्वव्यापी उत्पादक थिए। थुप्रै प्रतिवेदनले मुलुकभित्र भ्रष्टाचारमा उल्लेखनीय कमी भएको संकेत गर्छ। यो परिवर्तनलाई ट्रान्सपरेन्सी इन्टरनेसनलले प्रकाशित गरेको श्रेणीले पनि पुष्टि गर्छ अर्थात् सन् २०२१ देखि २०२२ सम्ममा अफगानिस्तान २४ स्थानले उक्लेको थियो।

यद्यपि यी उपलब्धिलाई तालिबानको लैंगिक विभेद (अपर्थाइड) को नीतिले छायामा पारेको छ। तालिबानले अफगान महिलामाथि व्यापक सीमा र बन्देज लगाएका छन्। पार्क, जिम, सौन्दर्य सैलुन, विश्वविद्यालय जाने, रोजगारी खोज्ने र गैरसरकारी संस्था एवं अन्तर्राष्ट्रिय निकायमा संलग्न हुनेलगायत सार्वजनिक गतिविधिमा महिलालाई रोक लगाइएको छ। तालिबानले यी प्रतिबन्धलाई ९० को दशकको अन्त्यताकाको आफ्नो शासन व्यवस्था देखाएर जायज ठहऱ्याइरहेको छ।

यी मध्ययुगीन प्रतिबन्धलाई लिएर पश्चिमा मुलुक, मानवअधिकार संगठन र विश्वव्यापी निकायले निन्दा गरेका छन्। राष्ट्र संघले यी प्रतिबन्धलाई अफगानिस्तानको वैध सरकारका रूपमा तालिबानलाई मान्यतामा रोक लगाउने कारकका रूपमा लिएको छ। नतिजा पश्चिमा सहायता र समर्थनमा कमी आउनेछ। यसले अफगानिस्तानका जनतालाई ठूलो क्षति पुऱ्याउनेछ। तालिबानपहिलेका सरकारको बजेटको लगभग ८० प्रतिशत हिस्सा पश्चिमा राष्ट्रको सहायतामा निर्भर थियो र अहिले यो समर्थन निकै घटेको छ। नतिजा स्वास्थ्य सेवा, शिक्षा र पूर्वाधारको विकासजस्ता महत्त्वपूर्ण सेवा जोखिममा परेका छन्।

अफगानिस्तानले गम्भीर खाद्य संकटको सामना गरिरहेको छ र राष्ट्र संघको खाद्य एजेन्सीबाट हालैको एक चेतावनीले झन्डै ६० लाख अफगान नागरिकलाई तत्काल खाद्य सहायताको आवश्यकता रहेको जनाएको छ। तर, मुलुकको खाद्य संकटको उत्पत्तिका लागि तालिबानलाई जिम्मेवार ठहऱ्याउन सकिँदैन। अफगानिस्तानमा अमेरिकी उपस्थितिको दुई दशकको अवधिमा कृषि विकासमा जोड नदिइएकाले यो अवस्था निम्तिएको हो।



तस्बिर : रोयटर्स

अफगानिस्तानको अर्थतन्त्रमा कृषिले महत्त्वपूर्ण स्थान ओगट्छ। यसका बाबजुद सैन्य र पूर्वाधार खर्चको तुलनामा कृषि क्षेत्रमा लगानी निकै कम छ। गहुँजस्ता अत्यावश्यक बालीमा अपर्याप्त ध्यान र द्वन्द्वका कारण उत्पन्न कठिनाइले भोकमरी जारी राख्नमा भूमिका खेलेको छ। कृषि परियोजनाका अक्षमता भ्रष्टाचार र दाता एवं अमेरिका समर्थित सरकारबीचको समन्वयको अभावले पनि बढेको थियो।

यी कठिनाइका बाबजुद तालिबान सरकारले अफगानलाई अफिम खेतीबाट निरुत्साहित गर्दै जनतालाई कृषि र राष्ट्रभित्र सिँचाइसम्बन्धी पहलकदमीलाई प्राथमिकता दिने प्रयास गरिरहेको छ। अफगानी मुद्राको मूल्य बढेको छ र आवश्यक वस्तु पनि देशभित्र पहुँचयोग्य भएका छन्। अहिले तालिबानविरुद्ध विद्रोह गर्न सक्ने कुनै सशस्त्र वा राजनीतिक गुट छैन। तालिबानले चीन र काजाकस्तानजस्ता छिमेकी राष्ट्रसँग लगानी सुरक्षित गर्न र मुलुकका कठिनाइलाई कम गर्ने उद्देश्यले वार्ता सुरु गरेको छ।

सन् २०२३ को मेमा मुल्लाह मोहम्मद हसन अखुन्दलाई हटाउँदै तालिबानले अफगानिस्तानको नयाँ अन्तरिम प्रधानमन्त्रीको रूपमा मौलवी अब्दुल कबिरको चयनले संवाद र पारदर्शिताप्रति सरकारको झुकाव देखिन्छ। कबिरको नियुक्तिलाई तालिबानको दृष्टिकोणमा सम्भावित परिवर्तन झल्को दिने कदमका रूपमा हेरिएको छ।

विश्वव्यापी मञ्चमा बढ्दो प्रतिस्पर्धालाई हेर्दा नेतृत्वमा आएको यो परिवर्तन महत्त्वपूर्ण छ। तसर्थ, पश्चिमा शक्तिले यो परिवर्तनले ल्याउने सम्भावनालाई बेवास्ता गर्नुहुँदैन। विदेशी नेताले तालिबानले आफूलाई यसअघि अन्तर्राष्ट्रिय मञ्चमा संलग्न गराउन देखाएको इच्छालाई बेवास्

मधेससँग भएको सम्झौता नमान्ने हो भने विस्तृत शान्ति-सम्झौता पनि संकटमा पर्छ

सरकारले १७ वर्षअघि भएको गौर घटनाको फाइल खोल्ने गरी पीडित परिवारसँग सहमति गरेपछि जनता समाजवादी पार्टी (जसपा) र यस घटनामा मुछिएका जसपाका अध्यक्ष उपेन्द्र यादव झस्किएका छन्। यो सहमतिलाई लिएर जसपा सरकारमा रहँदारहँदै विरोधमा उत्रिएको छ। सहमतिले सत्ता गठबन्धनसँगै चिढिएको जसपा सरकार र हालै घोषणा भएको समाजवादी मोर्चाबाटै बाहिरिनेसम्मको चर्चा हुन थालेको छ। यसै सेरोफेरोमा रहेर नयाँ पत्रिकाका **अनिल यादव** र **सौरभ यादव**ले अध्यक्ष यादवसँग गरेको कुराकानी :



● **उपेन्द्र यादव**, अध्यक्ष, जनता समाजवादी पार्टी

तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

गठबन्धनको सरकार बन्दा तपाई जति उत्साही हुनुहुन्थ्यो, अहिले त्यति नै निराश देखिनुहुन्छ। सरकारले त्यस्तो के गऱ्यो र यति चाँडै निराशा र असन्तुष्टिका अभिव्यक्ति दिन थाल्नुभयो ?

निराश पनि छैन र असन्तुष्ट पनि छैन। गठबन्धन निर्माण गरेर केही लक्ष्य प्राप्तिका लागि अगाडि बढिएको हो। जस्तो कि राजनीतिक लक्ष्यमा संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने, संघीयतालाई बलियो बनाउन प्रदेशहरूलाई अधिकार सम्पन्न बनाउने, प्रशासन, प्रहरी, स्रोतसाधनलगायत आवश्यक कुरा उपलब्ध गराउने जुन संविधानमा पनि उल्लेख छ। तर, संविधान घोषणा भएको आठ वर्ष भइसक्दा पनि त्यसको कुनै अत्तोपत्तो छैन। राजनीतिक रूपले हामीले मुलुकलाई समावेशी बनाउनुपर्छ भन्यौं। केही निकायहरू त आंशिक रूपमा भए पनि समावेशी भए तर शासन प्रशासन र शक्तिकेन्द्रहरूको संरचना समावेशी हुन सकेन। अर्को हामीले खोजेका थियौं- यो मुलुकमा धेरै भाषाभाषी भएकाले सबैले अपनत्व महसुस गर्ने गरी बहुभाषिक नीति लागू होस्। तर, आज पनि एउटै भाषाको वर्चस्व यथावत् छ। अरू भाषाको अत्तोपत्तो नै छैन। हामीले राजनीतिक रूपले सबैभन्दा पछि परेका समुदायलाई अगाडि बढाउन खोजेका हौं। आर्थिक रूपले कृषि, उद्योगको क्षेत्रमा छलाङ मान्नुपर्ने वेला हो यो, ताकि कृषिलाई आधुनिकीकरण गर्ने, बन्द भएका उद्योग सञ्चालन गरेर नयाँ औद्योगीकरणलाई अगाडि बढाउन सकियोस्। त्यसबाट गरिबी र बेरोजगारीलाई अन्त्य गर्दै बिदेसिएका युवालाई आफ्नै भूमिमा रोजगारको अवसर सिर्जना गर्ने। तर, त्यो पनि सकिएन। ध्वस्त भइसकेको शिक्षा, स्वास्थ्यजस्ता क्षेत्रलाई राम्रो बनाएर विदेशका स्कुल-कलेजमा गइरहेको अर्बौं रकमलाई स्वदेशमै रोकौं भन्ने थियो। तर, संविधान जारी भएको यत्रो वर्ष बितिसक्दा पनि हामी यी कुरामा पछाडि गइरहेका छौं। जुन लक्ष्य प्राप्तिका लागि हामीले गठबन्धन बनाएर अघि बढेका थियौं, त्यसमा प्रयासहरू त भइरहेको छ तर कुनै पनि क्षेत्रमा उल्लेखनीय सफलता हासिल गर्न सकेका छैनौं। त्यसकारण देश र जनताप्रति चिन्तन गर्ने कुनै पनि व्यक्तिलाई यो कुराले जरुर चिन्तित बनाउँछ। तर, यसको प्रयासमा लाग्नुको सट्टा हामी कता हो कता, अलमलिरहेका छौं। यो अलमलको राजनीतिले मुलुकलाई अगाडि बढाउँदैन भन्ने सबैको चिन्ताको विषय हो।

> अन्तर्राष्ट्रिय मानवअधिकार आयोग, उच्चस्तरीय न्यायिक छानबिन समिति, बहालवाला न्यायाधीशहरूले छानबिन गरिसकेको गौर घटनामा १७ वर्षपछि फेरि प्रहरीबाट छानबिन गराउने जुन सहमति भएको छ, त्यो साँच्चै रहस्यमय छ। हिजो भएका छानबिन प्रतिवेदन सार्वजनिक नगर्ने अनि फेरि पुलिसबाट छानबिन गराउने ?

मुख्यतः सरकारसँग तपाई र तपाईको पार्टीका गुनासाचाहिँ के हुन् त ?

सरकार हामीले नै बनाएका हौं। हामीले जनतालाई डेलिभरी दिने र मुलुकलाई अगाडि बढाउने गरी आफ्ना नीति तथा योजना र कार्यक्रम ल्याउनुपर्थ्यो। त्यसका लागि दुइटा सम्भावना थियो। एउटा, सरकार नीति तथा कार्यक्रमको तर्फबाट अघि बढ्ने। अर्को सशक्त सम्भावना आर्थिक बजेटको नीतिबाट अगाडि बढ्ने। तर, दुवैमा कतै न कतै हामी चुक्यौं कि भन्ने अनुभूति भइरहेको छ।

प्रधानमन्त्रीले त सुशासन र नागरिकलाई सहज सेवा दिनेलगायत राम्रै काम भएको बताउनुभएको छ। सरकारको कार्य-सम्पादनमा कहाँनेर कमी भयो त ?

हामी प्रधानमन्त्रीले नराम्रो काम गर्नुभयो भनेर भनिरहेका छैनौं, तर के सत्य हो भने हाम्रो कार्यले जनताले राहत पाएको महसुस गर्न सकिरहेका छैनन्। हाम्रो अर्थतन्त्र अघि बढ्नुको सट्टा पछाडि गइरहेको छ। शिक्षा र स्वास्थ्यजस्ता आधारभूत क्षेत्र ध्वस्त हुँदै गएका छन्। कृषिको हालत उस्तै छन्। देशमा रहेको प्राकृतिक स्रोतसाधनको सही सदुपयोग गरेर मुलुको हितमा कति अगाडि बढ्यौ ? कहाँ अलमलमा पऱ्यौ ? यी प्रश्न महत्त्वपूर्ण छन्, जसमा हामीले पुनर्विचार गर्नैपर्छ

■ हामी प्रधानमन्त्रीले नराम्रो काम गर्नुभयो भनेर भनिरहेका छैनौं, तर जनताले राहत पाएको महसुस गर्न सकिरहेका छैनन्। आज त्यस्तो कुनै मन्त्रालय, कुनै कार्यालय, कुनै विकास निर्माणको काम छ, जुन कमिसनविना भइरहेको छ ?

■ हामीलाई सिके राउत नेतृत्वको जनमत पार्टी थ्रेट लागेको छैन। प्रत्यक्षतर्फ एक सिट जित्ने पार्टी, अलग देश नै बनाउँछु भन्ने पार्टी अब मधेसमा चर्चाको विषय नै रहेन, थ्रेट त परको कुरा।

अहिलेका ताजा परिदृश्यकै कुरा गरौं न। भ्रष्टाचार र सुन तस्करी नियन्त्रणमा सरकारको प्रयास ठिक छ कि संशयपूर्ण छ ?

ट्रान्सपरेन्सी इन्टरनेसनलले गरेको सर्भेअनुसार नेपाल अत्यन्तै भ्रष्ट मुलुकमा पर्छ। विदेशी मित्रराष्ट्रहरूको विश्लेषण पनि उनीहरूले दिएको सहयोगको केही अंश पनि राम्रोसँग सदुपयोग हुन सकेन भन्ने छ। सबै भ्रष्टाचार र कमिसनतन्त्रमा जान्छ। त्यसको अन्त्य गर्न जरुरी छ। भ्रष्टाचार हुने कारणलाई पो निर्मूल गर्नुपऱ्यो ! के कारणले भ्रष्टाचार बढिरहेको छ, त्यसको पनि खोजी हुनुपऱ्यो। त्यसपछि भ्रष्टाचारीलाई कानुनको दायरामा ल्याउने। यी दुवै कार्यलाई सँगसँगै लानुपर्छ। एकाध प्रतिनिधि घटनामा पक्राउ पर्नु सकारात्मक रूपमा लिएर सरकारलाई धन्यवाद नै दिनुपर्छ। तर, के यति मात्रैले मुलुकमा भ्रष्टाचार रोकिएको छ त ? भ्रष्टाचारका कारण के-के हुन् ? एकातर्फ केही व्यक्ति पक्राउ परिरहेका छन्, अर्कोतिर हरेक क्षेत्रमा दिन-प्रतिदिन हजारौंको संख्यामा भ्रष्टाचार बढिरहेकै छ। तलदेखि माथिसम्म कमिसनखोरकै राज्य छ। गाउँ टोल हुँदै वडासम्म पुगिसक्यो भ्रष्टाचार। कसैले मलाई बताइदेओस्, आज त्यस्तो कुनै मन्त्रालय, कुनै कार्यालय, कुनै विकास निर्माणको काम छ, जहाँ कमिसनविना भइरहेको छ ? यसबाट मुक्ति कसरी पाउने भनेर हामीले सोच्नुपर्छ भन्ने मेरो मत हो।

तपाईं आफैं पनि त पटक-पटक सरकारमा पुगनुभयो। यसबारे किन पहल गर्नुभएन त ?

हामी सरकारमा सधैं सहयोगीका रूपमा गयौं। तर, संसदीय प्रणालीमा निर्णायक भूमिका, जसको नेतृत्वमा सरकार बनेको हुन्छ, जुन दलले सत्ताको नेतृत्व गरेको हुन्छ, उसैको हुन्छ। सहयोगी निर्णायक हुँदैन, सल्लाह र सुझाब दिने मात्रै हो। त्यसैले मन्त्री हुँदैमा सुधार हुन सक्ने हुँदैन। यो पूरै सिस्टमको कुरा हो। यसमा सत्तापक्ष र प्रतिपक्ष दुवैको भूमिका उत्तिकै महत्त्वपूर्ण हुन्छ। त्यसैले यो विषयलाई समिष्टगत रूपमा हेर्दा अहिलेको अवस्थामा नेपाली जनता निराश छन्, मित्रराष्ट्रहरू नेपाललाई हेरेर चिन्तित छन्।

केन्द्रमा सरकारको नेतृत्व गर्न नपाए पनि मधेस प्रदेशमा त हिजो पनि जसपाकै नेतृत्वमा सरकार थियो, अहिले पनि छ। तैपनि भ्रष्टाचारका विषय त व्यापक उठे। त्यहाँ रोक्नचाहिँ केले छेक्यो नि तपाईंहरूलाई ?

प्रदेश सरकारहरूसँग के छ ? के ले नियन्त्रण गर्ने ? पुलिस छ ? प्रशासन छ ? कानुन, स्रोत के छ ? केही पनि छैन। मात्र सरकार छ। एउटा भन्डा छ, गाडी छ, अगाडि-पछाडि पुलिस उभिन्छन्। त्यति हो। त्यसैले हामीले भन्दै आएको के हो भने सबै प्रदेशहरूलाई अधिकार-सम्पन्न र कानुनी रूपमा मजबुत बनाउनुपर्छ। यहाँ त प्रदेश सरकारसम्बन्धी कानुनहरू संघीय कानुनबमोजिम हुने व्यवस्था छ, तर संघले कानुन नै बनाउँदैन। ७-८ वर्षसम्म पनि प्रदेश सरकारलाई प्रहरी र कर्मचारी हस्तान्तरण भएन। स्रोत-साधनमाथिको अधिकार सुनिश्चित भएन। त्यसैले यो अवस्थामा उनीहरूले केही गरेनन् भनेर मूल्यांकन गर्नु पनि अर्थहीन हुन्छ।

सरकारले पीडित परिवारसँग गौरकाण्डको फाइल खोल्ने सहमति गऱ्यो। तर, आतंकित तपाईंहरू हुनुभयो, किन ?

राजनीतिक रूपले दुःखद हो, गौर घटना। सबैभन्दा पहिले त्यो घटनाको कारक जान्न जरुरी छ। ०६३ माघ १ गते राति जब अन्तरिम संविधानको घोषणा भयो, त्यसले मधेसी, आदिवासी जनजाति, दलित, थारू, मुस्लिम, महिला, सीमान्तकृत समुदाय र समावेशिताका मुद्दा केही पनि सम्बोधन गर्न सकेन। गलत संविधान जारी भएको विरुद्धमा तत्कालीन मधेसी जनाधिकार फोरमले मधेस आन्दोलनको घोषणा गऱ्यो। आन्दोलनलाई हामीले शान्तिपूर्ण अहिंसात्मक जनसंघर्ष भनेका थियौं। माघ २ गते काठमाडौंमा अन्तरिम संविधान जलाएर विरोध गऱ्यो। राज्यले मलगायत २१ जनालाई गिरफ्तार गऱ्यो र आफ्नो हक माग्दा राजद्रोहको मुद्दा चलायो। त्यसपछि जनताले विरोध गरे। लहानमा माघ ४ र ५ गते आमहड्ताल भयो। आमहड्ताल भइरहेका वेला माओवादीका नेताहरू चढेको गाडीबाट फायरिङ गरेर रमेश महतोको निधन भयो। महतोको हत्याका विषयमा छानबिन नभएर न्याय नपाएसम्म शव नउठाउने भन्दै जनताले आन्दोलन गरे। चार दिनपछि राति १२ बजेतिर बन्दुक पड्काउँदै शव लिएर गए। त्यसपछि जनआक्रोश बढ्यो। अलिकति आक्रोश माओवादीविरुद्ध पनि भयो। माओवादीका केही गलत नेतृत्वका कारण मधेसी जनाधिकार फोरममाथि दमन गर्ने निर्णय भयो। त्यो निर्णयअनुसार भैरहवाको शान्तिपूर्ण सभामाथि माओवादी छापामारले आक्रमण गरे। संजोग भनौं, त्यहाँ कुनै हताहत भएन। त्यसपछि नेपालगन्जमा पनि आमसभामाथि आक्रमण भयो। बर्दियामा पनि हामीले आमसभा गरेकै ठाउँमा माओवादीले जर्बजस्ती आमसभा गऱ्यो। त्यसवेला माओवादी सरकारमा थियो र सेना पनि आफ्नै थियो। त्यो वेलाको दम्भ त बेग्लै थियो। निरन्तर हाम्रो शान्तिपूर्ण सभा बिथोल्ने र आक्रमण गर्ने घटना हुँदै गयो। हामीले गौरमा १२-१५ दिनअगाडि स्थानीय प्रशासनसँग अनुमति लिएर शान्तिपूर्ण आमसभामा राखेका थियौं। माओवादीले त्यही ठाउँमा आमसभा राख्ने घोषणा गऱ्यो। प्रशासन, बुद्धिजिवी, उद्योग वाणिज्य व्यवसायी संघ सबैले माओवादीलाई त्यो ठाउँमा सभा नगर्न आग्रह गरे। तर, माओवादीले सभा गर्नका लागि बाराको दरबार होटलमा छापामार बोलाएर आक्रमण गर्न तालिम दियो। त्यसपछि गौरमा हाम्रो सभा हुने लाग्दा छापामारहरू कम्ब्याट ड्रेसमा सभामा आक्रमण गर्न आइपुगे। त्यो आक्रमण गर्ने निर्णय नै गलत थियो। त्यहाँ बम पड्काइयो। हाम्रा सहभागी नेता-कार्यकर्ता सबैको भागाभाग भयो। तर, त्यहाँ हजारौं जनता भेला भइसकेका थिए। त्यो वेला माओवादीबाट त्यो क्षेत्र हेर्ने जिम्मा जसले पाएका थिए, उनीहरूले हरेक घरमा जनयुद्धका नाममा पैसा असुली गरेका थिए। जनता त्यसकारण आक्रोशित थिए। अन्ततिरका माओवादी मुक्तिका लागि लडिरहेका थिए, रौतहटका माओवादीचाहिँ जनतासँग असुली गरेर धन कमाउनतिर लागेका थिए। त्यही वेला विभिन्न भूभागबाट ल्याइएका माओवादीलाई गौरमा हामीमाथि आक्रमण गर्न लगाइयो। त्यसपछि त्यो दुःखद घटना हुन पुग्यो। अब हामीमाथि आक्रमण गर्नेहरू दोषी कि को दोषी ?

यो घटनामा अरूको त कुरै छोड्नुस्, माओवादी स्वयंले छानबिन समिति बनाएको थियो। उक्त समितिले गलत व्यक्तिको हठ र दम्भका कारण घटना भएको निष्कर्ष निकालेको थियो। खासगरी त्यसमा प्रभु साहको नाम लिइएको छ। गल्ती माओवादीको थियो भनेर स्विकारिएको थियो। म त त्यो दिन अर्कै कारण काठमाडौंमा थिए। त्यतिवेला राष्ट्र संघीय मानवअधिकार आयोगले घटनाको अनुसन्धान गरेर बुझाएको रिपोर्टमा पनि माओवादीको आक्रमण गर्ने निर्णयका कारण त्यो घटना भएको स्पष्ट लेखिएको छ। त्यसपछि नेपाल सरकारले उच्चस्तरीय न्यायिक छानबिन समिति गठन गऱ्यो। सर्वोच्च अदालतको बहालवाला न्यायाधीश खिलराज रेग्मीको संयोजकत्वमा बनेको उक्त समितिले समेत रिपोर्ट बुझायो। त्यसपछि पाटनका बहालवाला न्यायाधीशको अध्यक्षतामा छानबिन समिति बन्यो। मानवअधिकार आयोगले पनि छानबिन गऱ्यो। ती सबै छानबिन समितिका प्रतिवेदनहरू किन लुकाएर राखेको ? हामी त भन्छौं, सार्वजनिक गरौं।

वास्तवमा त्यो राजनीतिक द्वन्द्वका कारण भएको घटना हो। त्यसपछि नेपाल सरकार र मधेसी जनअधिकार फोरमबीच २२ बुँदे सम्झौता भयो। त्यसमा हाम्रा पक्राउ परेका कार्यकर्ता रिहाइ गर्ने, हाम्रा कार्यकर्तामाथि लागेका सम्पूर्ण मुद्दाहरू फिर्ता गर्ने सम्झौता भयो। अहिलेको संघीय लोकतान्त्रिक गणतन्त्र वास्तवमा त्यही सम्झौताको आधार हो। त्यसलाई कार्यान्वयनमा गर्न ढिलाइ भएपछि फेरि मधेस आन्दोलन भयो। मधेसी जनाधिकार फोरमसहित अन्य मधेसका दल मिलेर मधेसी मोर्चा नै बन्यो। त्यसपछि तात्कालिक प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला, माधवकुमार नेपाल, पुष्पकमल दाहाल प्रचण्ड सबैको उपस्थितिमा आठबुँदे सम्झौता भयो। हाम्रा कार्यकर्तामाथि लागेका सम्पूर्ण मुद्दा खारेज गर्ने सम्झौता भयो। संविधानसभाको निर्वाचन भयो र मुलुक नयाँ प्रक्रियामा प्रवेश गऱ्यो। पीडितलाई राहत दिने कुरा छँदै छ, सरकारले त्यतिवेला पनि दिएकै हो, सहिद घोषणा गरेकै हो। यसमा हाम्रो कुनै प्रतिक्रिया छैन। कोही छुटेका छन् भने अहिले पनि दिँदा कुनै आपत्ति छैन। तर, अहिले आएर घटना भएको १७ वर्षपछि अन्तर्राष्ट्रिय मानवअधिकार आयोग, उच्चस्तरीय न्यायिक छानबिन समिति, बहालवाला न्यायाधीशहरूले छानबिन गरिसकेको यो घटनामा फेरि प्रहरीबाट छानबिन गराउने जुन सहमति भएको छ, त्यो साँच्चै रहस्यमय छ। हिजो भएका छानबिनका प्रतिवेदन सार्वजनिक नगर्ने अनि फेरि पुलिसबाट छानबिन गराउने ? यदि त्यसो गर्ने हो भने सरकारले गरेको २२ बुँदे र आठबुँदे सम्झौता उल्लंघन गरेको भन्नुपऱ्यो। यो सम्झौता उल्लंघन गर्ने हो भने त विस्तृत शान्ति सम्झौता पनि उल्लंघन हुन्छ, १२ बुँदे सम्झौता पनि उल्लंघन हुन्छ नि ! त्यसरी उल्लंघन हुँदै गयो भने मुलुक फेरि कहाँ जान्छ ? खासमा यो निर्णय अनेक समस्याका बाबजुद पनि बिस्तारै शान्ति र स्थिरतातर्फ गइरहेको संघीय लोकतान्त्रिक गणतन्त्रलाई बिथोल्ने, हामीले बनाएको गठबन्धन र समाजवादी मोर्चालाई भताभुंग पार्ने र मुलुकलाई अस्थिरता र अन्योलतर्फ धकेलेर आन्दोलनबाट प्राप्त उपलब्धिलाई धराशयी पार्ने आन्तरिक र बाह्य खेल हो भन्ने हामीलाई लागेको छ।

यही विषयले गर्दा तपाईं र प्रधानमन्त्रीबीच दूरी बढेको अनुमान गरिएको छ नि ?

कुनै दूरी बढेको छैन। प्रधानमन्त्रीलाई केही व्यक्तिहरूले गुमराहमा राखेर यो प्रक्रिया अघि बढाउन खोजेको र मुलुकमा अनिष्ट ल्याउन खोजेको देखिन्छ।

गौर काण्डको फाइल खोल्ने सरकारको सहमतिपछि प्रधानमन्त्रीसँग तपाईंको के कुरा भयो ?

मसँग मात्रै होइन, सत्ता गठबन्धनको बैठकमै पनि प्रधानमन्त्रीले यो गलत भइराखेको छ भन्ने कुरा आफैंले राख्नुभएको थियो। आफैंले त्यस्तो महसुस गरेपछि प्रधानमन्त्रीसँग पनि शंका गर्नुपर्ने ठाउँ रहेन।

त्यसो भए कसले राख्यो त प्रधानमन्त्रीलाई गुमराहमा ?

यो पनि समयले बताउँछ। जसले यो मुलुकको संघीयता, लोकतन्त्र र गणतन्त्रविरुद्ध षड्यन्त्र गर्न खोज्दै छ, त्यसैले गरेको हो। त्यस्तो सहमति गर्न मिल्छ ? पुलिसलाई रोहबरमा राखेर संसारमा कहीं पनि सम्झौता हुन्छ ?

तपाईंको भनाइअनुसार प्रधानमन्त्रीलाई जानकारी नदिई गृहमन्त्रीले पीडित परिवारसँग सहमति गरेका हुन् ?

कहीं न कहीं ग्याप छ। प्रधानमन्त्रीलाई गुमराहमा राख्न खोजिएको छ। अहिले प्रधानमन्त्रीज्यू स्पष्ट हुनुभएकोजस्तो लाग्छ।

भनेपछि तपाईं अब यसको छानबिनको पक्षमा होइन ?

छानबिन नै गर्ने हो भने पनि हामीले अर्को विकल्प दिएका छौं। सर्वपक्षीय उच्चस्तरीय छानबिन समिति बनाऊ र सबै घटनाको छानबिन गरौं भनेर हामीले प्रस्ताव राखेका छौं। राज्यको पनि आफ्नो मान्यता हुन्छ नि ! २२ बुँदे र आठबुँदे सम्झौतालाई उल्लंघन गर्ने हो भने विस्तृत शान्ति-सम्झौता पनि संकटमा पर्छ। कुन नैतिकताले त्यो सम्झौता कायम गर्ने ? त्यो पनि द्वन्द्वकालीन समस्या, यो पनि द्वन्द्वकालीन समस्या। द्वन्द्वकालीन समस्याको समाधान विवेक र ढंग पुऱ्याएर गरिएन भने त्यसले फेरि अर्को विध्वंस र अनिष्टकारी द्वन्द्व निम्त्याउँछ। त्यसो नहोस् भन्ने हाम्रो चिन्ता हो।

सरकारमै बसेर सरकारको विरोध गर्नु नैतिक रूपमा ठिक नहोला नि ? सरकार सहमतिअनुसार अघि बढ्यो भने के गर्नुहुन्छ ?

सरकार त्यसरी अघि बढ्न मिल्दैमिल्दैन। मधेसका जनताले सबै कुरा बुझेका छन्। दूधका दूध पानीको पानी छुट्याएका छन्। यति सहजै अन्याय सहेर बस्लान् त ? त्यसपछि अरू मुद्दा पनि निस्केलान् नि ! माओवादी र प्रचण्ड दुवैका लागि यो कदम आत्मघाती हुन सक्छ। प्रधानमन्त्रीले त्यस्तो आत्मघाती कदम चाल्नुहोला भन्ने मैले कल्पना पनि गरेको छैन। किनभने मेरो बुझाइमा प्रचण्डलाई पार्टीभित्र र बाहिर दुवैतिरबाट धरापमा पार्ने खेल भइरहेको छ। १७ वर्षअघिको गौर घटनाको कुरा उठाउँदा त्यसबेलै सँगसँगै प्रचण्डमाथि दुइवटा मुद्दा दायर भएका छन्। एउटा, नाबालकलाई सेनामा भर्ती गरेको जसमा अन्तर्राष्ट्रिय कानुन नै आकर्षित हुन्छ। अर्को, १७ हजार होइन, पाँच हजार जनता मारेको भनेर स्वीकार गरेको मुद्दा। यो धरापमा पार्ने खेल होइन र ? यद्यपि माओवादीसँग हामीले सरकारमा रहँदा या नरहँदा धेरैपटक सहकार्य गरेका छौं। अहिले कुनै नै कुनै रूपमा त्यसलाई बिथोल्ने र सारा परिवर्तनलाई धरापमा पार्ने खेल भइरहेको छ। हामी गठबन्धनमा छौं, यसलाई तोड्न चाहँदैनौं। यद्यपि अहिले हामी गठबन्धनलाई बलियो बनाएर सरकारलाई अझ गतिशील र मजबुत बनाउन चाहन्छौं।

गौर काण्डको विषय अगाडि बढे त समाजवादी मोर्चामा पनि विवाद सुरु होला नि ?

बहसहरू हुन सक्छन्, तर समाजवादी मोर्चाले आफ्नो लक्ष्य स्पष्ट गरिसकेको छ। मुलुकमा रहेका विकृति, विसंगति, असमानता र विभेदलाई अन्त्य गर्दै संघीयता, सुशासन, समृद्धिको बाटो हुँदै समाजवादतर्फ लाने प्रयासस्वरूप यो मोर्चा बनेको हो। विवाद होला तर समाधान पनि होला। छलफल गर्दै अघि बढ्ने हो।

गौर काण्डको सहमति हुनु र त्यही समयमा जनमत सरकारमा कमब्याक हुनु संयोग मात्रै हो कि रणनीतिजस्तो लाग्छ ?

यस विषयमा अध्ययन-विश्लेषण गरौं। हतारहतारमा टीकाटिप्पणी गर्नु उचित हुँदैन। यसको मनसाय राम्रो पनि हुन सक्छ। यसलाई समयकै जिम्मामा छाडौं।

जनमत पार्टी सरकारमा सहभागी हुँदा तपाईंहरूलाई किन असहज लागेको हो ?

हामीलाई किन असहज लाग्नु ? हामी त सरकारमा आओस्, देशजनताका लागि काम गरोस् अनि न बजारको भाउ पत्ता चल्छ। कहाँ देश टुक्राएर अलग मधेस बनाउन दौडिएको मान्छे अहिले आएर सरकारमा आउँछ भने त्यो त जनमतको पराजय हो नि।

०७९ को निर्वाचन परिणामले मधेसका पुराना शक्ति खुम्चिए। विश्लेषकहरू मधेसका मुद्दा र मधेसी जनताको भावनाअनुरूप काम गर्न नसकेको परिणाम भन्छन्। तपाईंको बुझाई के छ ?

त्यस्तो होइन। मधेसका मुद्दा भनेको के हो ? संघीयता होइन ? त्यो पनि आयो। गणतन्त्र होइन ? त्यो पनि आयो। समावेशिता होइन ? आज आरक्षण छ देशमा। वर्षौंदेखि अल्झाइएको नागरिकताको मुद्दा थियो, त्यो पनि समाधान भएको छ। यसरी हेर्दा मधेसका मुद्दा त अगाडि बढेर गएका छन्। म सबै मुद्दा सम्बोधन भइसके भन्दिनँ, केही महत्त्वपूर्ण मुद्दा बाँकी छन्, तर मधेस आन्दोलनले मुलुकलाई जुन दिशा दियो, त्यसलाई उपलब्धि होइन भन्न मिल्दैन। त्यसैले मधेस आज बलियो भएको छ, कमजोर भएको छैन। यद्यपि चुनावका हिसाबले भन्दा त्यहाँ कल, बल, साधनस्रोत, शक्ति सबै चाहिने रहेछ। त्यसमा भने क्रान्तिकारी शक्ति पछाडि नै पर्ने रहेछन्। पुँजीवादी र विकृतिमूलक निर्वाचन प्रणालीमा कहिले पछाडि पर्नु, कहिले अगाडि आउनु स्वाभाविक हो। तर, राजनीतिक मुद्दा र विचार मूल कुरा हो, जसमा हामी पछाडि छैनौं, अगाडि नै बढिरहेका छौं।

मधेसमै सिके राउत नेतृत्वको जनमत पार्टी नयाँ शक्तिका रूपमा उदाएको छ। ०८४ मा मधेसको पहिलो शक्ति बन्ने उसको योजना देखिन्छ। कत्तिको थ्रेट महसुस गर्नुभएको छ ?

त्यस्तो तपाईंहरूलाई लागेको छ (हाँस्दै)। हामीलाई लागेको छैन। प्रत्यक्षतर्फ एक सिट जित्ने पार्टी, अलग देश नै बनाउँछु भन्ने पार्टी अब मधेसमा चर्चाको विषय नै रहेन, थ्रेट त परको कुरा।

तपाईं र सिके राउतबीच तिक्तता र प्रतिशोधको राजनीति छ। सप्तरी २ बाट बारा २ हुँदै उपराष्ट्रपति निर्वाचनसम्म आइपुग्दा यो छताछुल्ल भइसक्यो। आजको दिनमा तपाईं र सिके राउतबीचको सम्बन्ध कस्तो छ ?

हामीले त्यस्तो महसुस गरेका छैनौं। राजनीतिमा प्रतिस्पर्धा हुन्छ, तर मधेसलाई जात-जातको नारामा तोड्ने, जातकेन्द्रित राजनीति गरेर एउटालाई अर्कोविरुद्ध घृणा फैलाउने षड्यन्त्रमा त लाग्नु भएन नि ?

मधेसवादी शक्तिहरूबीच एकताको आवश्यकता देख्नुहुन्छ ?

एकता भनेको विचार, सिद्धान्त र मुद्दा मिल्नेसँग हुने हो। अनुहार हेर्दा उस्ताउस्तै देखियो भन्दैमा दुनियाँमा कतै एकता हुँदैन। युरोपियनहरू सबैको अनुहार उस्तै देखिन्छ तर त्यहाँजतिको हिंसा र युद्ध कहाँ भएको छ र ? अनुहार हेर्दा रुसी र युक्रेनी उस्तैउस्तै छन् नि, तर त्यहाँ त युद्ध भइरहेको छ। त्यसकारण अनुहार होइन, विचार, सिद्धान्त, लक्ष्य र मुद्दाका आधारमा एकता वा संघर्ष हुने हो। त्यसैले तत्काल मैले सम्भावना देखेको छैन।

लघुवित्तको खारेजी होइन, व्यवस्थापन आवश्यक

लघुवित्तले ग्रामीण तह र विपन्न वर्गमा वित्तीय साधन पुऱ्याएका छन्, यसकारण लघुवित्तको खारेजी होइन, व्यवस्थापन आवश्यक छ



अर्थ संवाद

• प्रकाशकुमार श्रेष्ठ

गरिबी निवारणको महत्त्वपूर्ण अंगका रूपमा लघुवित्त सेवा विश्वभर विकास हुँदै गएको छ। विश्वका धेरै मुलुकमा लघुवित्त सेवालाई गरिबी निवारणको महत्त्वपूर्ण औजारका रूपमा लिने गरिएको छ। नेपालले पनि सोहीअनुसार लघुवित्त सेवाको अवधारणा अघि बढाएको आधा दशकभन्दा बढी भइसकेको छ। विभिन्न चरण र माध्यम हुँदै लघुवित्त सेवा विकसित र विस्तार हुँदै आएको छ। वित्तीय पहुँचमार्फत गरिबी न्यूनीकरण गर्नु नै लघुवित्तको मुख्य उद्देश्य हो।

वित्तीय पहुँच बढाउने राज्यको नीतिअनुसार नै नेपालमा पनि लघुवित्त ल्याइयो। यसलाई राष्ट्र बैंकले प्रवर्द्धन नै गरेको हो। सरकारी लगानीमा पहिलो लघुवित्त वित्तीय संस्थाको रूपमा ग्रामीण विकास बैंक स्थापना भएको थियो। यसको मूल उद्देश्य भनेकै वित्तीय पहुँच बढाउनु थियो। गाउँगाउँका जनतालाई वित्तीय पहुँचमा जोड्नु थियो। उद्यमशीलता प्रवर्द्धन गर्नु थियो। र, सारमा गरिबी न्यूनीकरण गर्नु थियो।

सरकारको नीति तथा राष्ट्र बैंकको कार्ययोजनाअनुसार नै लघुवित्त वित्तीय संस्था विस्तार र विकसित हुँदै आए। यसले वित्तीय पहुँच पनि बढायो। गरिबी न्यूनीकरणमा पनि महत्त्वपूर्ण योगदान गरेको छ। सबै पालिकामा लघुवित्त पुगेको छ। यसमार्फत भएको वित्तीय पहुँच वास्तवमै 'इम्प्रेसिभ' देखिन्छ।

३२-३३ लाख कर्जा खाता रहेको लघुवित्तमा २३ लाखभन्दा बढी एकल ऋणी छन्। साथै, संस्थाले जम्मा चार-साढे चार खर्ब कर्जा प्रवाह गरेका छन्।

लघुवित्त सेवामा किन समस्या देखियो ? : पछिल्लो समय लघुवित्त विस्तार जुन रूपमा भयो, त्यसले वित्तीय पहुँच बढाएको छ। अहिले विस्तार बढी भएझैं देखिन्छ। बहुबैंकिङ देखिएको छ। एक व्यक्तिले २३-२४ संस्थामा कर्जा लिनु भनेको अथवा सीमाभन्दा बढी कर्जा लिनु भनेको पनि ओभर एक्सेस (पहुँच बढी) भएको भनेर बुझ्न सकिन्छ। पहुँचको दुरुपयोग पनि भयो। त्यसले गर्दा ऋणग्रस्त अवस्था सिर्जना भयो। त्यसमा माग र आपूर्ति दुवै पक्षको दोष छ।

खासमा आपूर्ति पक्ष (लघुवित्त)ले अन्धाधुन्ध लगानी गरे। माग पक्षले पनि पाइएजति लिऊँ भन्न थाले। यो समग्रमा प्रवृत्ति नै बन्यो। ऋण हो, तिर्नुपर्छ भन्ने किमिसको वित्तीय चेतना भएन। तर, यसरी आँखा चिम्लेर ऋण लिँदा/दिँदा कर्जा धेरै भयो।

कर्जा बढी प्रवाह हुने र माग पक्षले व्यवस्थापन गर्न नसक्ने कारण नै लघुवित्त सेवामा समस्या सिर्जना भएको हो। लघुवित्त अलि बढी नाफाकेन्द्रित भए। नाफाका लक्ष्यहरू निर्धारण गर्ने, प्रमुख कार्यकारी अधिकृत तथा कर्मचारीले व्यवसायको लक्ष्य पाउने, महत्त्वाकांक्षी लक्ष्य लिने अनि सोहीअनुसार काम गर्ने प्रवृत्ति विकास भयो। सारमा भन्नुपर्दा लघुवित्तीय सिद्धान्तअनुसार काम हुन नसकेको देखिन्छ। त्यसले गर्दा लघुवित्त क्षेत्रमा समस्या देखिएको हो। अर्कोतर्फ, ऋण लिएर सदुपयोग नगर्ने, ऋणलाई आयआर्जनमा भन्दा पनि उपभोगमा प्रयोग गर्दा पनि समस्या सिर्जना भयो।

ऋण पाएको वेला सामाजिक कार्य गर्ने, विवाह-व्रतबन्धमा खर्च गर्ने, धार्मिक कार्यमा खर्च गर्ने अनि पछि तिर्न नसक्ने अवस्था आयो। पाँचजना बोलाए हुने सामाजिक कार्यमा ऋणको पैसा खर्च हुने गरी पाँच सयजना बोलाउने प्रवृत्ति पनि नदेखिएको होइन। यसर्थ, लघुवित्तमा आपूर्ति पक्ष र माग पक्ष दुवैमा कमजोरी छन्।

लघुवित्त खारेजीको माग गलत : लघुवित्तमार्फत गरिबी घटाउन, विपन्न समुदायलाई वित्तीय साधनमा पहुँच पुऱ्याउन सहज हुन्छ। लघुवित्तले सहरबाट पैसा उठाएर गाउँमा पुऱ्याएका छन्। सेयर पुँजीबाट तथा वाणिज्य बैंकबाट कर्जा लिएर सहरको पैसा गाउँमा लगेका छन्। हुनेहरूको पैसालाई नहुनेमाझ पुऱ्याएका छन्। सहरबाट कसैले पनि त्यतिकै गाउँमा पैसा दिँदैनन्। तर, लघुवित्तले दिइरहेको छ। यसर्थ, लघुवित्त खारेज गरौं भन्ने आवाज उठ्नु गलत हो।

बैंकहरूसमेत जान नसकेका ठाउँमा लघुवित्त गइरहेका छन्। लघुवित्तले तुलनात्मक रूपमा ग्रामीण तहमा र विपन्न वर्गमा वित्तीय साधन पुऱ्याएका छन्। अझै पनि अति गरिबमाझ पुग्न सकेको देखिँदैन। त्यसमा स्थानीय तहले सक्रियता लिने हो। प्रभावकारी सहकार्य हुने हो भने कम ब्याजदरमै अति विपन्नले कर्जा पाउने अवस्था हुन्छ।

लघुवित्त खारेजी होइन, व्यवस्थापन आवश्यक छ। सबै पक्ष जिम्मेवार भएर लघुवित्त सेवा विस्तार र विकास गर्नु आवश्यक छ। यसमा माग र आपूर्ति पक्ष उत्तिकै जिम्मेवार हुनुपर्छ। ऋणीले ऋणको सदुपयोग गर्नुपर्छ। ऋण लिएर आयआर्जनमा लगाउनुपर्छ। अब लघुवित्तले सामाजिक बैकिङलाई नै जोड दिनुपर्छ। अति नाफामूलक हुनुहुँदैन। लघुवित्तीय सिद्धान्तलाई पालना गर्नुपर्छ। लगानीकर्ता, सञ्चालक एवं व्यवस्थापकले नाफामुखी क्षेत्रका रूपमा हेर्नुहुँदैन, त्यहीअनुरूप व्यवहार गर्नुहुँदैन।

समस्या समाधानमा राष्ट्र बैंकले पहल : लघुवित्तको समस्या विकराल छ। त्यसको समाधान राष्ट्र बैंक एक्लैले गर्न सक्दैन। सरकारले पनि समस्या समाधानको पहल गरिरहेको छ। राष्ट्र बैंकले आफ्नो ठाउँबाट पनि समस्या समाधानको प्रयास गरिरहेको छ। नेपाल राष्ट्र बैंकले लघुवित्तमा देखिएका समस्याको अध्ययन गर्न समिति बनाएको छ। समितिले समस्याहरू पहिचान गर्ने कार्य पनि गरिरहेको छ। यसक्रममा लघुवित्त क्षेत्रमा दर्जनभन्दा बढी समस्या पहिचान भएका छन्।

ऋणको व्यवस्थापन हुन नसकेको, ऋणको सदुपयोग हुन नसकेको, एउटै व्यक्तिले २० भन्दा धेरै संस्थाबाट समेत ऋण लिएको, १८-२० प्रतिशत हाराहारीले बहुकर्जा लिएको, एउटै व्यक्तिले फरक-फरक संस्थाबाट ५० लाखभन्दा बढीसम्म कर्जा लिएकोलगायत थुप्रै समस्या प्रारम्भिक रूपमा पहिचान गरिएका छन्।

समितिले प्रतिवेदन बुझाएपछि क्रमशः सुधारका कामहरू



> लघुवित्तले सेयर पुँजी तथा वाणिज्य बैंकबाट कर्जा लिएर सहरको पैसा गाउँमा लगेका छन्। हुनेहरूको पैसालाई नहुनेमाझ पुऱ्याएका छन्। यसर्थ, लघुवित्त खारेज गरौं भन्ने आवाज उठ्नु गलत हो।

पनि हुनेछन्। राष्ट्र बैंकले नियामकीय व्यवस्थामार्फत सुधार गर्ने हो। राष्ट्र बैंकले विभिन्न नियामकीय व्यवस्थामार्फत लघुवित्तलाई सिद्धान्तअनुसार नै हिँडाउने प्रयास पनि गरिरहेको छ। अहिल्यै पनि संस्था धेरै भए, बहुबैंकिङ भयो भनेर लघुवित्तको मर्जरलाई प्रोत्साहन गरिएको छ। अहिले लघुवित्तको मर्जरलाई प्राथमिकतामा राखिएको छ। धेरै भएकाले अझ घटाउनुपर्ने आवश्कता पनि छ। संख्यात्मक रूपमा धेरै छन्, तर गुणस्तर भएन भन्ने हाम्रो बुझाइ हो। लघुवित्त दरिलो हुनका लागि मर्जर हुनुपर्ने हुन्छ। साथै, बहुबैंकिङ रोक्न पनि मर्जर जरुरी छ।

लघुवित्त र स्थानीय तहको साझेदारी अपरिहार्य : लघुवित्तको समस्या समाधानमा स्थानीय तह अझ बढी जिम्मेवार हुन सक्छन्। यदि लघुवित्त र स्थानीय तहले साँच्चिकै सहकार्य र समन्वय गर्ने हो भने, समझदारी गर्ने हो भने दुईवटै पक्ष 'विन विन' हुन सक्छन्। यसबाट एकातर्फ वित्तीय पहुँच बढाउन सकिन्छ, अर्कोतर्फ लघुवित्तको व्यवहारगत त्रुटिहरू सच्याउन सकिन्छ। यदि स्थानीय तहले आधार दिने हो भने, ग्यारेन्टी गरिदिने हो भने लघुवित्तहरू गाउँगाउँ सहजै जान सक्छन्, ऋण दिन सक्छन्। यसले वित्तीय पहुँच बढ्छ। अर्कोतर्फ, निमुखा मान्छेले, सामान्य काम गर्छु भन्नेले केही गर्छु भन्दा वित्तीय साधन पनि पाउँछन्।

हो, लघुवित्तमा पनि केही समस्या छन्। कतिपय अवस्थामा उनीहरू जान्छन्, ऋण दिन्छन् र उठाउन सुरु गर्छन्। उनीहरूले जुन किसिमको प्रिन्सिपल लिनुपर्थ्यो, त्यो लिएका छैनन्। त्यसमा स्थानीय तहले हस्तक्षेप गरी 'हाम्रो यो ठाउँमा समस्या छ, यहाँ गरिबी छ, त्यहाँ विपन्न छ, त्यहाँ गएर लगानी गर्नु' भन्यो र त्यसमा सहजीकरण गऱ्यो भने त्यसले राम्रो नजिता दिन सक्छ। स्थानीय तहले लघुवित्तलाई 'म गरिबी र विपन्नलाई उद्यमशीलता दिन्छु, तालिम दिन्छु, तैंले पैसा हालिदे' भन्नुपर्छ। राष्ट्र बैंकले १५ प्रतिशतको ब्याज सीमा तोकिदिएको छ। यदि त्यो पनि बढी हुन्छ भने स्थानीय तहले अनुदान दिए हुन्छ। त्यो पनि एकदमै आवश्यक हुनेलाई मात्रै। त्यसमाथि अहिले गरिबी पनि घटिरहेको छ। यसर्थ, धेरैलाई अनुदान दिनुपर्ने अवस्था खासै छैन। यसो हेर्दा एकदमै गरिब भनेको ८-१० प्रतिशतजति होलान्। तिनीहरूलाई छानेर स्थानीय तह र लघुवित्त मिलेर उद्यमशीलतामा जोड्न सक्छन्। यसले गरिबी हट्छ र स्थानीय तहले पनि मेरो ठाउँमा गरिबी हटाएँ भनेर गर्व गर्न सक्छन्। यसर्थ, लघुवित्त र स्थानीय तहबीच सहकार्य अपरिहार्य छ।

(श्रेष्ठ नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक हुन्)

अर्थ ज्ञान

यसरी बनेको थियो नेपालकै पहिलो हाइड्रो फर्पिङ

काठमाडौंदेखि करिब १२ किलोमिटर दक्षिण-पश्चिममा रहेको उक्त आयोजना १९६८ मा बनेको हो। यसको निर्माण वि.सं. १९६४ मा सुरु भएको थियो। तत्कालीन प्रधानमन्त्री चन्द्रशमशेरले वि.सं. १९६४ मा बेलायत भ्रमण गरेर फर्किएपछि यो आयोजना निर्माण गर्ने काम अघि बढाएका थिए। उक्त आयोजनाको डिजाइन तथा योजना नेपाली सेनाका इन्जिनियर कर्णेल किशोरसिंह राणाले गरेका थिए। साथै, बेलायतको जनरल इलेक्ट्रिक नामक कम्पनीबाट लिन्जा नाम गरेका एक इन्जिनियरलाई पनि सरकारले ल्याएको थियो। तत्कालीन समयमा उक्त आयोजना बनाउन सात लाख १३ हजार रुपैयाँ खर्च भएको थियो। नेपालले इंल्यान्ड सरकारको आर्थिक सहयोगमा उक्त आयोजना बनाएको थियो। यसरी बनेको नेपालको पहिलो जलविद्युत् आयोजनालाई तत्कालीन राजा पृथ्वीवीरविक्रम शाहले उद्घाटन गरेका थिए। राजा शाहले वि.सं. १९६८ जेठ ९ गते साँझ ६:३० बजे टुँडिखेलबाट बत्ती बालेर उक्त आयोजनाको उद्घाटन गरेको इतिहास छ। चन्द्रशमशेरले बनाएको हुनाले उक्त आयोजनाबाट उत्पादित विद्युत्लाई श्री चन्द्रज्योति प्रकाश भनिन्थ्यो। उक्त आयोजनाको विद्युत् ११ केभीको वितरण प्रणालीमार्फत काठमाडौंमा ल्याइएको थियो। टुँडिखेलमा सबस्टेसन बनाएर उक्त विद्युत् काठमाडौं उपत्यकामा वितरण गरिएको थियो। तत्कालीन समयमा काठमाडौंमा बस्ने राणा र हुनेखाने वर्गका परिवारले मात्र उक्त विद्युत् प्रयोग गर्न पाएका थिए।

उक्त आयोजना सञ्चालन गर्न बिजुली अड्डा नामको एक संस्था स्थापना गरिएको थियो, जुन अहिले नेपाल विद्युत् प्राधिकरणको नाममा स्थापित छ।

यस आयोजनाबाट ६० वर्ष अर्थात् ०३८ सम्म विद्युत् उत्पादन गरियो। त्यसपछि काठमाडौं र ललितपुरका विभिन्न क्षेत्रमा खानेपानी आपूर्तिका लागि जलाशयको पानी, टर्बाइनमा प्रवेश नगराई प्रयोग गर्न थालेपछि विद्युत्गृह सञ्चालन बन्द भएको थियो। केन्द्रको मर्मत-सम्भार गरी पुनः ०६३ पुसबाट आवश्यक पर्दा सञ्चालन गर्न सकिने गरी चालू हालतमा राखिएको छ।

बिजनेस @

बैंकको शोषण, मानसिक स्वास्थ्य र आत्महत्या



राज गौतम
सोसल इन्फ्लुएन्सर

केही समयअघि इलामका एक व्यवसायीले काठमाडौंमा आत्मदाह गरे। त्यसको केही समयभित्रै दमकका एक हार्डवेयर (निर्माण सामग्री) व्यवसायीले बैंकको चर्को ब्याज तिर्न नसक्दा बैंकले दिएको मानसिक यातना खेप्न नसकेको कारण खुलाई पसलमै झुन्डिए। फेरि केही समयको अन्तरालमा बिर्तामोडका एक व्यसायीले बैंक ऋणकै करणले आत्महत्या गरेको खुल्यो। बिर्तामोडभन्दा अलि तलको गाउँमा त झन् बैंक (लघुबित्त)ले दिएको मानसिक यातना झेल्न नसक्दा तीनजना चेलीले रूखमा झुन्डिएर सामूहिक आत्मदाह गरेको घटना सर्वविदितै छ।

कुरो अलि पुरानो हो, लकडाउनको अन्तिम चरणतिर पूर्वका एकदम ठूला व्यवसायी, जसले भाटभटेनीजस्तो सुपर मार्टसंग प्रतिस्पर्धा गर्दै छ, त्यस्ता मार्टका सञ्चालकले विष सेवन गरी आत्महत्याको प्रयास गरेको खबर बाहिर आयो। कारण उही बैंक ऋण भन्ने सुनियो। कतिपय सहकारी संस्था व्यवसायी र सामान्य मानिसले आफ्नो पेट काटेर जम्मा गरेको रकम लिएर फरार छन्।


माथि उल्लेख गरिएका घटना, प्रतिनिधि पात्र मात्र हुन्। सिंगो देशभित्रको हालत के होला ? खस्किएको अर्थतन्त्रसँगै घट्दो व्यापार, बैंकको यातनाले आज हरेक सहरमा एक छोडेर अर्को पसल बिक्रीमा राखिएको छ, तर किन्ने कसले ? भनिन्छ, आत्महत्या मानसिक रोगका कारणले हुन्छ, मानसिक स्वास्थ्यसम्बन्धी जनचेतना फैलाउनुपर्छ। तर, कसैले यो बुझ्ने प्रयास गर्दैन कि अधिकांशको मानसिक स्वास्थ्य खराब हुँदै जानुको कारण के हो ? किन मानिस यसरी डिप्रेसनमा जाँदै छन् ? आजभोलि मानिसमा डिप्रेसनमा जाने र आत्महत्या गर्ने समस्या बढ्नुको धेरै कारण होलान्, तीमध्ये एक देशको खस्किँदो अर्थतन्त्र र बैंकहरूको बढ्दो ब्याजदर र शोषण पनि हो।

सेयर बजार

७ भदौ ०८०

नेप्से २,०१३.९३ ▼ -३१.५२ -१.५४%

कारोबार रकम	जम्मा सेयर
१,५५,०५,८२,६८५.३७	४६,५७,१३७



अर्थ-व्यवसायसँग सम्बन्धित कुनै पनि जिज्ञासा वा विचार भए हामीलाई इमेल गर्न सक्नुहुन्छ। प्राथमिकताका आधारमा क्रमशः प्रकाशन गर्नेछौं।
email: arthapatrika@gmail.com

समस्याग्रस्त चिनियाँ अर्थतन्त्र

कोभिड महामारीबाट तंग्रिएपछि गत वर्ष चीनमा आर्थिक गतिविधि त भए, यद्यपि आर्थिक वृद्धि अझै पनि रोकिएको छ

लामो समयदेखि चीन वैश्विक अर्थतन्त्रको मेरुदण्ड बन्दै आएको छ। तर, हालसालैका दिनमा चीनमा देखिएको आर्थिक सुस्तीले वैश्विक नेता र लगानीकर्तालाई चिन्तित बनाएको छ। यो दशकमै पहिलोपटक विश्वको दोस्रो ठूलो अर्थतन्त्रमा समस्या देखिन थालेको छ।

हङकङको हाङ सेङ सूचकांक (इन्डेक्स)मा गत शुक्रबार गिरावट आयो। यो गिरावट जनवरीमा देखिएको उच्च गिरावटभन्दा २० प्रतिशतले बढी हो। गत हप्ता चिनियाँ मुद्रा युआन पनि १६ वर्षयताकै न्यून बिन्दुमा आयो। जसले गर्दा केन्द्रीय बैंकलाई अनुमानित बजारमूल्यको तुलनामा डलरमा अधिक दर निर्धारित गरी आफ्नो मुद्राको रक्षा गर्न प्रेरित गऱ्यो।

कोभिड महामारीबाट तंग्रिएपछि गत वर्ष तीव्र रूपमा आर्थिक गतिविधि भए। यद्यपि, चीनको आर्थिक वृद्धि अझै पनि रोकिएको छ। उपभोक्ता मूल्यमा गिरावट आएको छ, घरजग्गा कारोबार संकटग्रस्त छ भने निर्यात पनि घटेको छ। युवा बेरोजगारी दर उच्च हुन थालेपछि सरकारले तथ्यांक प्रकाशन गर्ने बन्द गरेको छ।

यस्तै, प्रमुख घर निर्माण तथा लगानी गर्ने कम्पनीले आफ्ना लगानीकर्तालाई भुक्तानी दिन सकेको छैन। आवास बजार (हाउजिङ मार्केट)मा देखिएको निरन्तरको संकटले वित्तीय स्थिरतामा झन् जोखिम थपिने देखिन्छ। घरेलु मागलाई प्रोत्साहन गर्ने सरकारको ठोस उपायको कमी र संक्रमणको डरले विकास दरमा कमी आउन थालेको छ। यसैलाई हेरी धेरैजसो इन्भेस्टमेन्ट बैंकले चीनको आर्थिक वृद्धिको अनुमान घटाएर ५ प्रतिशतमुनि झारेका छन्। घरजग्गा व्यवसायमा आएको गिरावट, न्यून बाह्य माग र नीति समर्थनमा कमी आएकाले चीनको वास्तविक कुल गार्हस्थ्य उत्पादन अनुमान घटाएको युबिएसले आफ्नो रिपोर्टमा उल्लेख गरेको छ। यसको अर्थ चीनले उद्घोष गरेको ५.५ प्रतिशतको आर्थिक वृद्धि पछ्याउन सम्भव हुनेछैन।

सन् २००८ को वैश्विक आर्थिक संकटका बीचमा चीन विश्वमै ठूलो सहायता प्याकेज सार्वजनिक गर्ने र संकटबाट उत्रिने पहिलो प्रमुख देशसमेत थियो। यो महामारीको सुरुवाती दिनभन्दा पनि उल्टो हो, जब चीन मन्दीबाट बच्ने एक मात्रै अर्थतन्त्र थियो। त्यसोभए के गलत भयो त ?

सम्पत्ति संकट : यो वर्षको सुरुदेखि लय पक्रिएको चीनको अर्थतन्त्र अप्रिलयता मन्दीमा छ। तर, यो महिना सम्पत्ति (प्रोपर्टी) बिक्रीको हिसाबमा देशकै ठूलो डेभलपर कम्पनी कन्ट्री गार्डन र अर्को कम्पनी फोङरोङ ट्रस्ट डिफल्ट भएपछि थप चिन्ता बढ्न थालेको छ। युबिएसको रिपोर्टअनुसार कन्ट्री गार्डनले दुई अर्ब अमेरिकी डलर बोन्डमा ब्याज भुक्तानी कम गरेको छ। यसबाट लगानीकर्ता डराएका छन्। यसले हालसालै टाट पल्टिएको रियल इस्टेट कम्पनी इभरग्रान्डेको सम्झना दिलाएको छ।

यो महिनाको सुरुवातमा कर्पोरेट ग्राहक र धनीका लागि ८७ अर्बको कोष व्यवस्थापन गर्ने फोङरोङ ट्रस्टले कम्तीमा पनि चार कम्पनीलाई १९ अर्बबराबरको लगानी फिर्ता गर्न सकेन। लगानी फिर्ता गर्न नसकेपछि विरोधमा उत्रिएका प्रदर्शनकारीले ट्रस्ट कम्पनीअगाडि उच्च उपज उत्पादनमा भुक्तानीको माग गरेका छन्। क्यापिटल इकोनोमिक्समा चिनियाँ अर्थशास्त्रका प्रमुख जुलियन इभान्स प्रिचार्डले प्रोपर्टी सेक्टरको घाटाले वित्तीय अस्थिरता ल्याउन सक्छ। जबकि, एभरग्रान्डे अझै पनि ऋण पुनर्गठनको स्थितिबाट गुज्रिरहेको छ। यस्तै, कन्ट्री गार्डनको संकटले चिनियाँ अर्थतन्त्रमै चिन्ता सिर्जना गरेको छ।



> चीन सरकारले नेतृत्व लिएका पूर्वाधार परियोजनामा केन्द्रित कतिपय उपायले पनि अभूतपूर्व ऋण विस्तार तथा स्थानीय सरकारको उच्च कर्जालाई बढावा दिएका छन्। त्यसकारण पनि चीनको अर्थतन्त्र संघर्षकै चरणमा छ।

स्थानीय सरकारको ऋण : अर्को मुख्य चिन्ता स्थानीय सरकारको ऋण पनि हो। प्रोपर्टी बिक्रीमा आएको गिरावटले सरकारको राजस्व प्रभावित भएको छ। साथै, कोभिड महामारीमा लागू कोभिड नीतिले थप प्रभाव पारेको छ। स्थानीयस्तरमा देखिएको राज्यकोषमाथिको दबाबले चिनियाँ बैंकलाई ठूलो जोखिम रहेको त देखाउँछ नै, विकासलाई गति दिने र सार्वजनिक सेवा विस्तार गर्ने सरकारको क्षमतालाई पनि संकुचित बनाउँछ। राजधानी बेइजिङले अर्थतन्त्रलाई बढावा दिन लगातार वृद्धिका उपाय सार्वजनिक गरेको छ। यसमा ब्याजदर कटौती, प्रोपर्टी मार्केट र उपभोक्ता व्यापारलाई समर्थन गर्ने कदम छन्। तर, चीनले अन्य कुनै ठूलो कदम उठाउन चाहेको छैन। केही अर्थशास्त्री तथा विश्लेषकका अनुसार वैश्विक संकटका वेला चीनले आफ्नो अर्थतन्त्रलाई गति दिन १५ वर्षअगाडि वैश्विक वित्तीय संकटका वेलामा झैं अहिले चरम ऋणग्रस्त बनेको छ।

त्यतिवेला चिनियाँ नेताले वैश्विक संकटको प्रभाव कम गर्न ५८६ अर्ब डलर सहायता प्याकेज घोषणा गरेका थिए। तर, सरकारले नेतृत्व लिएका पूर्वाधार परियोजनामा केन्द्रित उपायले पनि अभूतपूर्व ऋण विस्तार तथा स्थानीय सकारको उच्च कर्जालाई बढावा दियो। त्यसकारण पनि चीनको अर्थतन्त्र संघर्षकै चरणमा छ।

अहिलेको मन्दीमा एउटा चक्रीय तत्त्व रहेको र त्यसले अधिक प्रोत्साहनलाई उचित ठहऱ्याउने इभान्सको भनाइ छ। उनका अनुसार चिनियाँ नीतिनिर्माता उनीहरूको पारम्परिक नीति योजनाले भुक्तानी गर्नुपर्ने ऋण वृद्धि हुनेमा चिन्तित छन्। यता, चीनको केन्द्रीय बैंक पिपुल्स बैंक अफ चाइनाका अनुसार वित्तीय नियामक र धितोपत्र नियामकले संयुक्त रूपमा यो चुनौतीसँग लड्न मिलेर काम गर्ने बताएका छन्।

जनसांख्यिक गिरावट : चीनले अहिले कम जनसंख्या तथा मुख्य व्यापार साझेदार युरोप-अमेरिकासँगको सम्बन्धमा खटपटजस्ता दीर्घकालीन चुनौतीको सामना गरिरहेको छ।

सरकारी स्वामित्वको जिमियन डटकमले हालसालै प्रकाशित गरेको एक रिपोर्टअनुसार देशको कुल प्रजनन दर (एक महिलाको जीवनमा बच्चाको औसत संख्या) घटेको छ। यस्तो दर दुई वर्षअघि १.३० रहेकामा यो वर्ष ऐतिहासिक १.०९ पुगेको छ। यसरी हेर्दा चीनको प्रजनन दर अब जापानको भन्दा पनि कम हो। जापानलाई लामो समयदेखि वृद्ध समाजका रूपमा चिनिँदै आएको छ।

यो वर्षको सुरुवातमा चीनले जारी गरेको तथ्यांकअनुसार त्यहाँको जनसंख्या ६ दशकमा पहिलोपटक घट्न थालेको छ। मुडिज इन्भेस्टर्स सर्भिसका विश्लेषकले जनसांख्यिक गिरावटले आर्थिक क्षमता विकासका लागि महत्त्वपूर्ण चुनौती दिने उल्लेख गरेका छन्।

श्रम आपूर्तिमा आएको गिरावट र स्वास्थ्य तथा सामाजिक खर्चमा भएको वृद्धिले चीनलाई उच्च राज्यकोष घाटा र कर्जाको बोझ बढ्न सक्छ। सानो कार्यदलले घरेलु बचतलाई समाप्त पार्न सक्छ। जसको परिणाम उच्च ब्याजदर र लगानीमा गिरावट देखिन सक्छ। साथै, लामो अवधिका लागि आवास (हाउजिङ) को मागमा पनि गिरावट आउन सक्छ।

जनसांख्यिक गिरावट, ग्रामीण इलाकाबाट सहरमा बसाइँसराइ र भूराजनीतिक लहर संरचनात्मक विषय हुन् र यी नीतिनिर्माताको नियन्त्रणभन्दा बाहिर पनि छन्।

- सिएनएनबाट

अर्थ पत्रिका
नयाँ पत्रिका
शुक्रबार ८ भदौ ०८०

सुदूरपश्चिमका पहाडी जिल्ला जोड्ने तीन सडक डेढ दशकदेखि अलपत्र

एकको ट्रयाक खुलेन, दुईको निर्माण कछुवा गतिमा

धनगढीमा **तेजराज भट्ट**
दार्चुलामा **नरेन्द्रसिंह कार्की**

भीमदत्त राजमार्ग सुदूरपश्चिमका सात पहाडी जिल्लालाई सडक यातायातमार्फत जोड्ने एक मात्र विकल्प हो। धनगढी-सहजपुर-बुडर-स्याउले-सतबाँझ-थाकतोली-दार्चुला जोड्ने सडक २२ साउन राति पहिरोका कारण अवरुद्ध हुँदा नौ दिनसम्म कैलाली-कञ्चनपुरसँग डडेल्धुरा, डोटी, अछाम, बझाङ, बाजुरा, बैतडी र दार्चुलाको सडक यातायात ठप्प रह्यो। कैलालीको गोदावरी नगरपालिका-४, बुढितोलामा पहिरोले चार सय मिटर सडक बगाएपछि एकतर्फी यातायात सञ्चालनमा ल्याउन नौ दिनसम्म कुर्नुपऱ्यो।

यही कारण पहाडी जिल्लाबाट आएका बिरामीलाई स्ट्रेचरमा बोकेर पहिरो पार गराउनुपऱ्यो भने ढुवानी रोकिएपछि पहाडी जिल्लामा खाद्यान्न अभाव भयो। पहाडबाट तरकारी आयात रोकिएपछि तराईमा तरकारीको अभाव भयो। हरेक वर्ष पहिरोले अवरुद्ध भइरहने भीमदत्त राजमार्गको विकल्पमा अन्य सडक आयोजना नभएका होइनन्। तर, तराई र पहाडलाई जोड्न अगाडि बढाइएका सेती लोकमार्ग, धनगढी-खुटिया-दिपायल फास्ट ट्रयाक र महाकाली करिडोर कार्यान्वयन कम, चुनावी एजेन्डा बढी बन्ने गरेका छन्।

■ सेती लोकमार्गको ट्रयाक पनि खुलेन

सरकारको प्राथमिकतामा पर्न नसक्दा सेती लोकमार्ग निर्माण सुरु भएको करिब डेढ दशकसम्म ट्रयाक खोल्ने कामसमेत पूरा भएको छैन। लोकमार्गको तीन सय ५९ किलोमिटरमध्ये हालसम्म दुई सय चार किलोमिटरमा मात्र ट्रयाक खोलिएको छ। ट्रयाक खोलिएको कच्ची सडकको धेरैजसो खण्डमा सवारीसाधन चल्दैनन्। यो लोकमार्गले कैलालीमा भारतसँगको सीमानजिक पर्ने टीकापुरदेखि डोटी-अछाम-बाजुरा हुँदै बझाङमा चीनको सीमा ताक्लाकोटसम्म जोड्छ।

दुई देशीय नाका जोड्ने भएकाले व्यापारिक र रणनीतिक रूपमा मात्र महत्त्वपूर्ण छैन, लोकमार्ग निर्माण हुन सके पाँच जिल्लाका दर्जनौँ विकट बस्ती यातायात सञ्जालसँग जोडिनेछन्। तर, सरकारले पर्याप्त बजेट विनियोजन नगर्दा र समयमै रूख कटानको आदेश नदिँदा आयोजना अलपत्र बनेको हो।

सेती लोकमार्गलाई टीकापुरदेखि चैनपुरसम्म दक्षिण र चैनपुरदेखि ताक्लाकोटसम्म उत्तर गरी दुई भागमा विभाजन गरेर ट्रयाक खोल्ने काम भइहेको छ। टीकापुरदेखि चैनपुरसम्मको दुई सय ४२ किलोमिटरमध्ये एक सय ६४ किलोमिटरमा ट्रयाक खोल्ने काम पूरा भएको दक्षिण खण्डका आयोजना प्रमुख रमेश भट्टराईले जानकारी दिए।


निर्माणाधीन महाकाली करिडोर। तस्बिर : नयाँ पत्रिका

टीकापुरदेखि डोटीको सिमाना ठुलीगाडसम्मको ७२ किलोमिटर खण्ड ट्रयाक ३४ करोडमा खोल्न ०७४ मा लुम्बिनी-नागार्जुन-बानियाँ जेभीसँग सम्झौता भएको थियो। तर, चार वर्षपछि ०७८ मा मात्र सरकारले रूख कटानको अनुमति दियो। आयोजना कार्यालयका अनुसार अहिले तीन किलोमिटरमा ट्रयाक खोल्न बाँकी छ।

ठुलीगाडदेखि अछाम र डोटीको सिमाना पर्ने लोडेघाटसम्म ४० किलोमिटर सडकको ट्रयाक खोल्न गत वर्ष मंसिरमा सम्झौता भएको थियो। तर, रूख कटान आदेश नपाउँदा यो खण्डको काम पनि अगाडि बढ्न सकेको छैन। 'हालसम्म रूख नभएको ठाउँमा डेढ किलोमिटर मात्र ट्रयाक खोल्ने काम भएको छ, थप काम गर्नका लागि रूख कटान आदेशको पर्खाइमा छौँ,' आयोजना प्रमुख भट्टराईले भने। करिब ६५ करोडको लागतमा सपना-जयमा-स्वर्गद्वारी जेभीले यो खण्डको ट्रयाक खोल्ने ठेक्का पाएको छ। आयोजना कार्यालयका अनुसार अछाममा ७२ किलोमिटरमध्ये ५१ किलोमिटरमा ट्रयाक खोल्ने काम पूरा भएको छ। अछाममा पनि रूख कटान आदेश नपाउँदा ठेक्का लगाएको ६ किलोमिटर खण्डमा ट्रयाक खोल्ने काम रोकिएको छ। २१ करोडको लागतमा कश्यप निर्माण सेवाले ठेक्का पाएको १३ किलोमिटरमध्ये ६ किलोमिटरमा काम हुन नसकेको हो।

बाजुराको सिमानातर्फ अछाममा १५ किलोमिटर र बाजुरामा १२ किलोमिटर सडक ट्रयाक खोल्न ठेक्का नै भएको छैन। बझाङमा दक्षिणी खण्डतर्फ ३८ किलोमिटरमा ट्रयाक खोल्ने काम पूरा भइसकेको आयोजना प्रमुख भट्टराईले बताए। चैनपुरदेखि ताक्लाकोट जोड्ने उत्तरी खण्डको एक सय १७ किलोमिटरमध्ये ४० किलोमिटरमा मात्र ट्रयाक खोलिएको छ। थप ६० किलोमिटरमा ट्रयाक खोल्ने केन्द्रसँग स्रोतको सुनिश्चितता मागिएको आयोजना प्रमुख तुलाराम शर्माले बताए। पञ्चायतकालमै सेती लोकमार्गको अवधारणा आए पनि सरकारले सेती लोकमार्ग निर्माणका लागि ०६७/६८ मा छुट्टै आयोजना कार्यालय स्थापना गरेर काम अगाडि बढाएको थियो। त्यसअघि सडक डिभिजन डोटी र महेन्द्रनगरले विभिन्न खण्डमा काम गरेका थिए। चीनको मानसरोवर जाने छोटो बाटो भएकाले यो लोकमार्ग बने ठूलो संख्यामा यो बाटोमा भारतीय पर्यटक भित्र्याउन सकिने पर्यटन व्यवसायी मायाप्रकाश भट्ट बताउँछन्।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

■ महाकाली करिडोर कछुवा गतिमा

नेपाल-भारत र चीनसँगको त्रिदेशीय नाका तिंकरसम्म व्यापार-विस्तारका लागि अघि बढाइएको महाकाली करिडोर निर्माण सुस्त छ। कञ्चनपुरको ब्रह्मदेवबाट डडेल्धुरा-बैतडी र दार्चुलाको तिंकरसम्म चार सय १३ किलोमिटर सडक ०६६ देखि सुरु भएको हो। ०६५/०६६ बाट दार्चुला-तिंकर सडक नामकरण गरिएकोमा ०७४ पछि महाकाली करिडोरमा गाभिएको हो।

चार सय १३ किलोमिटरमध्ये एक सय २० किलोमिटर सडकखण्डको ट्रयाक खोल्नै बाँकी रहेको महाकाली करिडोर आयोजनाका इन्जिनियर दीपक विष्टले जानकारी दिए। कञ्चनपुरमा १०, डडेल्धुरामा ३०, बैतडीमा ५५ र दार्चुलामा २५ किलोमिटर सडकको ट्रयाक खोल्न बाँकी छ। 'डडेल्धुरामा रूख कटानको अनुमति नहुँदा त्यहाँकाम अघि बढ्न सकेको छैन,' उनले भने।

महाकाली करिडोरको आवश्यकता बढ्दै गर्दा बजेट भने घट्दै गएको छ। यो सडकमा आर्थिक वर्ष ०७८/७९ मा ८२ करोड ४२ लाख, ०७९/८० मा ४४ करोड ११ लाख बजेट विनियोजन हुँदा चालू आर्थिक वर्षमा २९ करोड ५० लाख मात्रै छुट्याइएको आयोजना प्रमुख लक्ष्मणदत्त जोशीले जानकारी दिए। करिडोरअन्तर्गत कञ्चनपुरको ब्रह्मदेवदेखि दार्चुलाको सुनसेरासम्मको तीन सय ३४ किलोमिटर सडक आयोजनाले निर्माण गरिरहेको छ। गत आवमा २७ किलोमिटर सडकको ट्रयाक निर्माण गरिएको थियो।

दार्चुलाको खलंगादेखि दुहुँ गाउँपालिकाको पीपलचौरी खण्ड र महाकाली नगरपालिकाको बेतदेखि मालिकार्जुन गाउँपालिकाको जोलजीवी-उकु खण्डमा कालोपत्रेका लागि ठेक्का सम्झौता भएको छ। गत आवमा खलंगा-पीपलचौरी सडकखण्डमा ब्याक कटिङको कार्य भएको इन्जिनियर विष्टले बताए। झन्डै ३२ किलोमिटरको सडकखण्ड कालोपत्रे गर्न एक अर्ब ३५ करोडको ठेक्का सम्झौता गरिएको छ।

भीमदत्त राजमार्गअन्तर्गत अत्तरियादेखि दार्चुलासम्म तीन सय आठ किलोमिटर सडक छ। सडक निर्माणमा हरेक वर्ष बजेट अभावले काममा सन्तोषजनक प्रगति नदेखिएको उद्योग वाणिज्य संघ दार्चुलाका अध्यक्ष सुरेश सिंह थापाले बताए। उनले भने, 'यो सडकलाई राज्यले उपेक्षा गरेको छ।'

करिडोरअन्तर्गतको सुन्सेराको तुषारपानीदेखि तिंकर भन्ज्याङसम्मको ७९ किलोमिटर लामो सडक निर्माणको काम आव ०७८/७९ बाट नेपाली सेनाले थालेको छ। उक्त सडकखण्डमा चालू आर्थिक वर्षमा सेनालाई १४ करोड बजेट उपलब्ध गराएको छ। गत वर्ष नौ करोड ३० लाख ३० हजारमा तिंकर सडक निर्माणका लागि सेनालाई दिइएको थियो। आर्थिक वर्ष ०७८/७९ मा २२ करोड ५० लाख बजेट विनियोजन गरिएको थियो। गत असारसम्ममा सेनाले १०.४ किलोमिटर सडक निर्माण कार्य गरेको जनाएको छ।

■ ट्रयाक खुले पनि गाडी गुडाउन मिल्दैन

धनगढी-खुटिया-दिपायल चैनपुर-उरैभन्ज्याङ सडक पनि करिब डेढ दशकसम्म अलपत्रजस्तै छ। ट्रयाक खोल्ने काम पूरा भएको भनिए पनि गाडी गुडाउन मिल्ने अवस्थामा छैन। अहिले दिपायलसम्मको दूरी एक सय ८६ किलोमिटर रहेकोमा यो सडक बनेमा ९६ किलोमिटर मात्र हुनेछ।धनगढीबाट डोटी पुग्ने सबैभन्दा छोटो बाटो भएकाले सरकारले प्राथमिकतामा राख्नुपर्ने स्थानीयको माग छ। डोटीसम्म राम्ररी ट्रयाक खोल्ने काम पनि पूरा भएको छैन। कैलालीमा धनगढीदेखि स्याउलेसम्म साढे १३ किलोमिटर सडक कालोपत्रेका लागि ०७८ असारमा ठेक्का भएकोमा हालसम्म कालोपत्रे हुन सकेको छैन। सडक कालोपत्रेको तयारी अवस्थामा रहेको आयोजनाका इन्जिनियर दिनेश रैखोलाले बताए। १८ करोड ५१ लाख ९० हजार लागतमा खड्का कृष्ण-नारायणम्-बंगलामुखी जेभीले ठेक्का पाएको छ।

स्याउलेदेखि हाटखोलीसम्म थप साढे ६ किलोमिटर कालोपत्रेको अवधि आगामी असारमा सकिनेछ, तर हालसम्म २० प्रतिशत मात्र काम भएको इन्जिनियर रैखोलाले बताए। यो खण्डको काम गर्न १४ करोड २० लाखमा कालीका-बेदान्सी जेभीले पाएको छ।

कैलालीको खण्डसँगै सम्झौता भएको डोटीमा दिपायलदेखि बझाङतर्फ २५ किलोमिटर सडक कालोपत्रेका लागि ठेक्का भएकोमा त्यहाँ पनि काम सुस्त छ। ९.४ किलोमिटर पहिलो खण्डको काम ८५ प्रतिशत र बाँकी खण्डमा २० प्रतिशत भौतिक प्रगति भएको आयोजना कार्यालयले जनाएको छ। ९.४ किलोमिटर खण्डमा आयुष-प्रशंसा-दुनिला जेभी र अर्को खण्डमा क्याब-दुनिला जेभीले काम गरिरहेका छन्। बझाङको थलारासम्म जोड्ने यो सडक डोटीमा ९६ किलोमिटर र बझाङमा ९० किलोमिटर पर्छ। बझाङतर्फ ट्रयाक खोल्ने काम पूरा भएको इन्जिनियर रैखोलाले बताए।

बजेट नपाएपछि पशु विभागमा ताला

काठमाडौं/ सरकारले बजेट नदिएको भन्दै पशुपक्षीसँग सम्बन्धित १६ संगठनहरूले बिहीबार पशु विभागमा तालाबन्दी गरेका छन्। संगठनहरूले पूर्वनिर्धारित कार्यक्रमअनुसार विभागमा तालाबन्दी गरेको भेटरिनरी एसोसिएसनका अध्यक्ष रामकृष्ण खतिवडाले बताए।

यसअघि सरोकारवाला निकायहरूले कार्यालयमा कालोपट्टी बाँधेर विरोध जनाउँदै आएका थिए।

नेपाल भेटरिनरी एसोसिएसन, नेपाल दाना उद्योग संघ, डेरी उद्योग संघ, पशु रोग अन्वेषण प्रयोगशाला, सार्क क्षेत्रीय सहयोग एकाइ कार्यालय, पशु आनुवांशिक स्रोत केन्द्रहरू, राष्ट्रिय दुग्ध विकास बोर्ड, मत्स्य शुद्ध नश्ल संरक्षण तथा प्रवर्द्धन स्रोत केन्द्रलगायतका कार्यालयमा चालू आर्थिक वर्ष पहिलो महिना बितिसक्दासमेत बजेट शून्य भएकाले आन्दोलन गर्नुपरेको खतिवडाले बताए। उनले भने, 'सरोकारवाला निकायसँग छलफल नै नगरी नियोजित रूपमा गरिएको षड्यन्त्रपूर्ण निर्णय गरेको हुँदा आन्दोलनबाट निस्कने परिणामको जिम्मा सरकारले निकाल्नुपर्छ।'

हाल पशु वस्तुहरूमा महामारीका रूपमा देखिएको लम्पी स्किन, अफ्रिकन स्वाइन फिबर, खोरेत, रेबिजलगायतका अन्य पशु रोगहरूका कारण आक्रान्त बनेको छ।

रोगका कारण किसानको खर्बौँ क्षति हुँदा पशुपक्षीको रोग नियन्त्रण र उपचारमा सक्रिय परिचालित हुनुपर्ने विपरीत निकायहरूमा शून्य बजेट भई कामकाज नै ठप्प गरी बस्नुपर्ने अवस्थामा आइपुगेको सरोकारवालाले बताएका छन्।

एनआरएनए अध्यक्षमा अधिकारीको उम्मेदवारी

काठमाडौं/ गैरआवासीय नेपाली संघ (एनआरएनए)को अध्यक्ष पदमा विनय अधिकारीले उम्मेदवारी घोषणा गरेका छन्। आगामी अक्टोबर १७ देखि २० सम्म हुने ११औँ महाधिवेशनमा उनले उम्मेदवारी घोषणा गर्दै नेपालमा लगानी भित्र्याउन ५० अर्बको एनआरएनए कोष बनाउने प्रतिबद्धता व्यक्त गरेका छन्।



उम्मेदवारीसँगै २७ बुँदे प्रतिबद्धतापत्र जारी गरेका उनले पछिल्लो समय एनआरएनभित्र देखिएको विकृति र विसंगतिलाई हटाउने बताए। उनले भने, 'अहिले चुनाव लड्नका लागि चर्को शुल्क लिने अमानवीय कार्यलाई परिवर्तन गर्नुपर्ने अवस्था छ, यसमा मेरो प्रयत्न रहनेछ।'

गोर्खाको फुजेलमा जन्मिएका अधिकारीले हाल बेलायतको क्याम्ब्रिज विश्वविद्यालयबाट राजनीति र समाजशास्त्रमा पिएचडी गर्दै छन्।

साउनमा राजस्व : लक्ष्यको ८८.५२ प्रतिशत उठ्यो

राजस्व शीर्षक	साउनको लक्ष्य	साउनको संकलन
भन्सार महसुल	२३ अर्ब २ करोड	१४ अर्ब ६५ करोड
मूल्य अभिवृद्धि कर	२५ अर्ब ८२ करोड	२३ अर्ब ८६ करोड
अन्तःशुल्क	१३ अर्ब ४७ करोड	११ अर्ब ३ करोड
शिक्षा सेवा शुल्क	२० करोड ३२ लाख	२८ करोड ९६ लाख
आयकर	२६ अर्ब १८ करोड	२० अर्ब ३३ करोड
गैरकर	१० अर्ब ८६ करोड	९ अर्ब ६९ करोड
कुल राजस्व	९९ अर्ब ५७ करोड	७८ अर्ब ८७ करोड

स्रोत : अर्थ मन्त्रालय

काठमाडौं/ चालू आर्थिक वर्षको पहिलो महिनामा राजस्व संकलन मासिक लक्ष्यको तुलनामा ८८.५२ प्रतिशत मात्रै उठेको छ। अर्थ मन्त्रालयका अनुसार साउनमा ७८ अर्ब ८७ करोड ४१ लाख राजस्व संकलन भएको छ। यो गत आर्थिक वर्षको साउनकै तुलनामा २.२९ प्रतिशतले राजस्व घटेको छ। साउनमा ९९ अर्ब ५७ करोड २५ लाख राजस्व उठाउने सरकारी लक्ष्य थियो। गत आर्थिक वर्षको ७९ अर्ब ७२ करोड २५ लाख राजस्व उठेको थियो।

■ भन्सार महसुलमा सुधार

साउनमा आयात खस्किए पनि भन्सार महसुलमा भने सुधार आएको छ। पोहोर साउनको तुलनामा ५.६५ प्रतिशतले भन्सार महसुलमा सुधार आएको हो। गत आवको साउनमा १३ अर्ब ८६ करोड मात्रै संकलन भएकोमा यसपालि १४ अर्ब ६५ करोड भन्सार महसुल उठेको छ। यद्यपि, महसुल लक्ष्यको ६३.६४ प्रतिशत मात्रै महसुल संकलन भएको छ।

■ कमजोर बन्दै भ्याट

मूल्य अभिवृद्धि कर संकलन पोहोरको तुलनामा कमजोर देखिएको छ। पोहोर साउनमा २४ अर्ब ९१ करोड ३७ लाख रुपैयाँबराबर मूल्य अभिवृद्धि कर उठेकोमा यसपालि २३ अर्ब ८६ करोड ७० लाख रुपैयाँ मात्रै संकलन भएको छ। यो ४.२० प्रतिशतको गिरावट हो। त्यस्तै, मासिक लक्ष्यको ९२.४२ प्रतिशत उठेको हो।

■ अन्तःशुल्कसमेत घट्यो

साउनमा १३ अर्ब ४७ करोडको अन्तःशुल्क उठाउने लक्ष्य राखेको सरकारले ११ अर्ब तीन करोड संकलन गरेको छ। यो लक्ष्यको ८१.८४ प्रतिशत हो। पोहोरको तुलनामा ६.८९ प्रतिशतले अन्तःशुल्क संकलन घटेको छ।

गत आर्थिक वर्षको साउनमा ११ अर्ब ८४ करोड ६९ लाख अन्तःशुल्क उठेको थियो। शिक्षा सेवा शुल्कमा भने लक्ष्यको तुलनामा बढी राजस्व उठेको छ। २० करोड ३२ लाखको लक्ष्य राखिएकोमा २८ करोड ९६ लाख संकलन भएको छ। पोहोर १५ करोड ३३ लाख मात्रै उठेको थियो।

■ आयकरमा सुधार

राजस्वका प्रमुख स्रोतमध्येको एक आयकर संकलनमा सुधार आएको छ। पोहोर साउनमा १९ अर्ब ८५ करोड मात्रै संकलन भएकोमा यो साउनमा २० अर्ब ३३ करोड उठेको छ। पोहोरभन्दा २.४१ प्रतिशतले आयकर संकलन बढेको हो। तर, लक्ष्यको तुलनामा ७७.६७ प्रतिशत मात्रै आयकर उठेको छ। साउनमा सरकारले २६ अर्ब १८ करोड आयकर उठाउने लक्ष्य राखेको थियो। त्यस्तै, गैरकर राजस्वमा भिन्नो सुधार आएको छ। पोहोर नौ अर्ब आठ करोड मात्रै गैरकर उठेकोमा नौ अर्ब ६९ करोड गैरकर संकलन भएको छ।

Panauti Municipality
Office of the Municipal Executive
Panauti, Kavre

Invitation for E-Bids

First Date of publication: 2080/05/08

1. ***Panauti Municipality, Office of the Municipal Executive,*** invites electronic bids from Nepalese eligible bidders for the construction of ***following works*** under National Competitive Bidding procedures.
2. Eligible Bidders may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidders may download the bidding documents from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders should deposit the non-refundable fee of NRs. **3,000.00** of each bidding document in the Rajaswa(revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

   Information of Bank Account details to deposit the cost of bidding document:
   Name of the Bank: Nepal Bank Limited, Panauti Branch
   Name of Office: Panauti Municipality, Office of the Municipal Executive
   Account no.: 09003000001001000001.
4. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egpon or before ***12:00 Noon*** on ***2080/06/07***. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***1:00 PM on 2080/06/07*** at the office of ***Panauti Municipality, Office of the Municipal Executive,Panauti, Kavre***. Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a scanned copy of the bid security in .pdf format, amounting to a minimum of **following amounts**, which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. Bidders are advised to visit site and assess the actual site conditions before submitting their bid.
8. Panauti Municipality reserves the right to accept or reject, wholly or partly any or all the Sealed Bid without assigning any reason, whatsoever.
9. Matters not cover by this notice shall be in accordance with Pubic Procurement Act-2063 with amendment, Public Procurement Regulation-2064 with amendment and other prevailing laws.

Bidding Details

S.N.	Contract identification and number	Description of works	Estimated Value(Without VAT, General Items and Contingencies)	Bid Security NRs.	Remarks
1.	Uppipalbot/15/2080/81	Upgrading of Pipalbot Jakidole B.P. Highway road	87,81,203.25	2,50,000.00	
2.	Uppaani/16/2080/81	Upgrading of Sunthan Paani tank Murkuta Bhanjyang Devisthan and Raatmate Shikari gaun road	85,44,980.22	2,50,000.00	
3.	Uppul/17/2080/81	Upgrading of Pulbazaar Thadobaato, Basdole Pul Balodwar School and Gauda Road	47,26,397.29	1,37,500.00	
4.	Upmakai/18/2080/81	Upgrading of Pasthali Singepati Makaitar and Sahakali Mandir Road	95,05,928.58	2,75,000.00	
5.	Upbalthali/19/2080/81	Upgrading of Balthali Ladkukhola Pul Road	42,65,475.75	1,25,000.00	

कान्ति बाल अस्पताललाई हिमालयन बैंकको आर्थिक सहयोग

काठमाडौं / हिमालयन बैंक लिमिटेडले काठमाडौंको महाराजगन्जमा रहेको कान्ति बाल अस्पताललाई आर्थिक सहयोग गर्ने भएको छ। बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत २० लाख रुपैयाँ आर्थिक सहयोग प्रदान गर्ने निर्णय गरेको हो।



बैंकले प्रदान गरेको उक्त रकम अस्पतालले आफ्नो मुख्य प्रवेशद्वार निर्माण गर्न तथा अस्पताल हाताभित्र रहेको बाल उद्यान तथा त्यसवरपरको क्षेत्रको सौन्दर्यीकरण गर्न खर्च गर्ने जनाइएको छ। अस्पतालमा आयोजित कार्यक्रममा उक्त रकम प्रदान गर्ने सहमति भएको उल्लेख छ। कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत अशोकशमशेर राणाले अस्पताल विकास समितिका अध्यक्ष डा. बाबुराम गौतमलाई सहयोगको प्रतिबद्धतापत्र प्रदान गरेको जनाइएको छ।

उक्त अवसरमा अस्पतालका निर्देशक डा. युवानिधि बसौला, बैंकका सहायक प्रमुख कार्यकारी अधिकृत विपिन हाडा, विजयमान नकर्मीलगायतको उपस्थिति थियो।

प्रमुख कार्यकारी अधिकृत राणाले बैंकले आफ्नो सामाजिक उत्तरदायित्वअन्तर्गत विभिन्न क्षेत्रमा विगतका वर्षहरूमा पनि सहयोग गर्दै आइरहेको तथा भविष्यमा पनि समाजको अतिआवश्यक क्षेत्रमा निरन्तर सहयोग प्रदान गर्ने बताए।

निजी क्षेत्रको उत्साहजनक सहभागिताले मात्रै आर्थिक विकास सम्भव : राष्ट्रपति पौडेल

नयाँ पत्रिका



राष्ट्रपति रामचन्द्र पौडेलले अर्थतन्त्रमा निजी क्षेत्रको सहभागिता उत्साहजनक रूपमा भए मात्र देशको आर्थिक विकास सम्भव हुने बताएका छन्। बिहीबार नेपाल उद्योग वाणिज्य महासंघको कार्यकारिणी समितिसँगको भेटमा उनले विद्यमान आर्थिक अवस्थाका सुधारका लागि सरकार र निजी क्षेत्रबीच सहकार्य आवश्यक रहेको बताएका हुन्।

देशको अर्थ व्यवस्थामा निजी क्षेत्रको हिस्सा ८० प्रतिशतभन्दा बढी रहेको बताउँदै राष्ट्रपति पौडेलले अर्थतन्त्रमा देखिएको समस्याले अहिले आर्थिक गतिविधिलाई सुस्त बनाएको धारणा राखे। उनले भने, 'यही तथ्यलाई ध्यानमा राखेर सरकार र निजी क्षेत्रबीच पारस्परिक सहअस्तित्व र समभावको दरिलो साझेदारी आवश्यक छ भन्ने मलाई लाग्छ।'

राष्ट्रपति पौडेलले उद्योगी-व्यवसायीले अहिले असजिलो परिस्थितिको सामना गरिरहनुपरेको यथार्थबारे आफू अनभिज्ञ नरहेको स्पष्ट पारे। 'रोजगारी सिर्जना हुन नसक्नु, विप्रेषणमा निर्भरता बढ्दै जानु, निर्यात घट्दै जानु, नीतिगत सुधार र सामञ्जस्यता नहुँदा आन्तरिक तथा विदेशी लगानी बढ्न नसक्नु, सेवा प्रवाहमा वेला-वेलामा विघ्न-बाधा देखापर्ने गरेका छन्,' उनले भने, 'यसैले गर्दा मूल्यवृद्धिलगायत साना र मझौला उद्योगहरू समस्याग्रस्त हुँदै जाने यो अवस्थामा निजी-सार्वजानिक साझेदारी वाञ्छनीय छ भन्ने मलाई लाग्छ।'

नेपालमा रोजगारी सिर्जना गर्न र देशको अर्थतन्त्र सुधार्न सबैको ध्यान जानुपर्नेमा जोड दिँदै राष्ट्रपति पौडेलले केही दिनअघि आफूले बोलाएको सर्वदलीय बैठकमा समेत अर्थतन्त्र सुधारका लागि सबैको ध्यानाकर्षण गराएको बताए। उनले भने, 'धेरै राजनीतिको तानाबानामा नअल्झीकन देशको आर्थिक अवस्था सुदृढ गर्न सबैको ध्यानाकर्षण गराएको छु।'

महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले देशको अर्थतन्त्रका केही सूचकहरू सकारात्मक रहे पनि आमनागरिक र व्यवसायीहरूको आत्मविश्वास बढाएर अर्थतन्त्रलाई चलायमान बनाउनेतर्फ सरोकारवालाको ध्यान जानुपर्ने बताए।

निजी क्षेत्र र सर्वसाधारणको मनोबल घटेको अहिलेको अवस्थामा बजारमा माग सिर्जना गर्न सरकार, केन्द्रीय बैंक र निजी क्षेत्रले एक-आपसमा सहकार्य गर्नुपर्नेमा उनको जोड थियो।

व्यवसाय शतप्रतिशत चल्न सक्ने आधारमा राजस्वको लक्ष्य राखिएको हुन्छ। तर, व्यवसाय दुईतिहाइ खुम्चिँदा करिब पाँच दशकपछि अघिल्लो वर्षभन्दा कम राजस्व संकलन भएको छ।

यससँगै सरकारी लक्ष्यभन्दा ६ प्रतिशत विन्दुले कम आर्थिक वृद्धि हासिल भएको छ। त्यसैले पुँजीको लागत घटाई बजारमा रकम प्रवाह गर्नुपर्ने धारणा अध्यक्ष ढकालको थियो। उनले निर्यात प्रवर्द्धन, वैदेशिक लगानी आकर्षण गर्न र पर्यटन प्रवर्द्धनमा विशेष पहल आवश्यक रहेको बताए।

महासंघका वरिष्ठ उपाध्यक्ष अन्जन श्रेष्ठले अर्थतन्त्रको सुधारका लागि सबै क्षेत्रबाट पहल आवश्यक रहेको बताए। यस्तै, उपाध्यक्ष हेमराज ढकालले आर्थिक मन्दीका कारण सबै क्षेत्र प्रभावित रहेकाले तत्काल सुधार आवश्यक रहेको बताए।

नेपालगन्ज नाकाबाट मकै आयात बढ्यो, अन्य खाद्य पदार्थ भने घट्यो



बाँकेमा **विश्वराज पछ्लडङ्गया**

एक वर्षमा नेपालगन्ज नाकाबाट अघिल्लो आर्थिक वर्षको तुलनामा गत आवमा मकै आयात बढेको छ। गत आवमा दुई अर्ब नौ करोड ९९ लाख ९४ हजार रुपैयाँको पाँच करोड ५० लाख ७१ हजार चार सय ३० किलोग्राम मकै आयात भएको छ। मकै आयातबाट १० करोड ५६ लाख १० हजार रुपैयाँ राजस्व संकलन भएको नेपालगन्ज भन्सार कार्यालयका अधिकृतसमेत रहेका सूचना अधिकारी डिल्लुप्रसाद शर्माले जानकारी दिए।

उनका अनुसार आव ०७८/७९ मा एक अर्ब ८५ करोड २६ लाख ५९ हजार रुपैयाँको पाँच करोड ३० लाख ६८ हजार ५७ किलोग्राम मकै आयात भएको थियो। उक्त आवमा नौ करोड ३१ लाख ७२ हजार रुपैयाँ राजस्व संकलन भएको थियो।

सूचना अधिकृत शर्माका अनुसार आव ०७९/८० मा ९३ करोड ६० लाख रुपैयाँको आलु नेपाल भित्रिएको छ। नेपालगन्ज नाकाबाट तीन करोड ७५ लाख ८५ हजार ८८ किलोग्राम आलु भित्रिँदा १४ करोड ७७ लाख २२ हजार रुपैयाँ राजस्व संकलन भएको छ। तर, यो आर्थिक वर्ष ०७८/०७९ को भन्दा थोरै हो। अघिल्लो आवमा एक अर्ब १० करोड ८३ लाख ५५ हजार रुपैयाँको चार करोड ४० लाख ९८ हजार ६ सय ९४ किलोग्राम आलु आयात भएको थियो। गत आवमा १५ करोड ६४ लाख ३८ हजार रुपैयाँ राजस्व संकलन भएको नेपालगन्ज भन्सारबाट सामान आयातमा कमी आएपछि राजस्व पनि घटेको छ। गत आवमा चिनी आयातमा कमी आउँदा राजस्वमा समेत कमी आएको भन्सार कार्यालयले जनाएको छ। गत आवमा एक अर्ब ५७ करोड ९९ लाख ६ हजार रुपैयाँको दुई करोड ६३ लाख ९० हजार पाँच सय २२ किलोग्राम चिनी आयात भएको थियो। यस आवमा ८९ करोड ६० लाख २२ हजार रुपैयाँ राजस्व संकलन भएको थियो। तर, आव ०७८/७९ मा तीन अर्ब पाँच करोड ८४ लाख ५७ हजार रुपैयाँको पाँच करोड ८८ लाख ६४ हजार सात सय ४६ किलोग्राम चिनी आयात भएको थियो। उक्त आवमा एक अर्ब ७३ करोड ३२ लाख २० हजार राजस्व संकलन भएको थियो।

पेट्रोल, डिजेल, खाना पकाउने ग्यास, चामल, आलु, जिरा, केरा आयातमा पनि कमी आएको छ। आव ०७८/७९ मा एक लाख ७२ हजार दुई सय आठ किलोलिटर डिजेल आयात भएको थियो। तर, आव ०७९/८० मा एक लाख लाख ३९ हजार चार सय किलोलिटर डिजेल भित्रिएको सूचना अधिकारी शर्माले बताए। डिजेल आयातबाट आव ०७८/७९ मा ६ अर्ब ९७ करोड २८ हजार दुई सय रुपैयाँ राजस्व संकलन भएको थियो भने आव ०७९/८० मा घटेर पाँच अर्ब ८३ करोड १७ लाख ६९ हजार रुपैयाँ मात्र राजस्व संकलन भएको छ।

त्यसैगरी, आव ०७८/७९ मा पाँच अर्ब १० करोड ५५ लाख ६८ हजार रुपैयाँको ५२ हजार सात सय ७६ किलोलिटर पेट्रोल आयात हुँदा आव ०७९/८० मा चार अर्ब ६३ करोड ७० लाख ६६ हजार रुपैयाँको जम्मा ४७ हजार तीन सय ३२ किलोलिटर पेट्रोल आयात भएको छ। अघिल्लो आवमा तीन अर्ब १६ लाख २४ हजार राजस्व संकलन भएकोमा गत आवमा दुई अर्ब ६९ करोड ९५ लाख ७५ हजार रुपैयाँ राजस्व संकलन भएको थियो।

गत आवमा भारतबाट चामल आयातमा पनि कमी आएको छ। गत आवमा चार अर्ब ७३ करोड ६० लाख १० हजार मूल्यको ६ करोड १८ लाख ७९ हजार नौ सय ४० किलोग्राम चामल आयात भएको नेपालगन्ज भन्सार कार्यालयले जनाएको छ। अघिल्लो आवमा नौ अर्ब ६२ करोड १० लाख ७२ हजार रुपैयाँको १७ करोड ११ लाख पाँच हजार आठ सय ९२ किलोग्राम चामल नेपाल भित्रिएको थियो।

आर्थिक वर्ष ०७८/७९ मा पाँच अर्ब ३३ करोड ७३ लाख ७४ हजार रुपैयाँको चार करोड ४५ लाख १४ हजार पाँच सय २५ किलोग्राम खाना पकाउने एलपिजी ग्यास आयात भएको थियो, तर गत आवमा चार अर्ब ६५ करोड ६५ लाख ६ हजार रुपैयाँको खाना पकाउने ग्यास नेपालगन्ज नाकाबाट भित्रिएको थियो। यो अघिल्लो वर्षभन्दा ६८ करोड आठ लाख आठ हजार रुपैयाँ कम हो।

रैथाने जात जोगाउन दाङमा 'तिल्की' धानखेती

दाङमा **दीपक बोहोरा**



दाङमा रैथाने 'तिल्की' धानको खेती सुरु गरिएको छ। पछिल्लो समय लोपोन्मुख मानिएको 'तिल्की' धानको खेती सुरुवात गरिएको हो।

तुलसीपुर उपमहानगरपालिका वडा नं १८ बिजौरीमा करिब दुई बिघा जग्गा लिजमा लिएर तिल्की जातको धानको खेती गरिएको हो। पर्यावरणीय दिगो विकास एवं अनुसन्धान केन्द्र र संयुक्त राष्ट्रसंघीय विश्व वातावरण कोष साना अनुदान कार्यक्रमबीच सम्झौता भई अर्गानिक खेतीअन्तर्गत तिल्की धानको खेती सुरु गरिएको केन्द्रका अध्यक्ष डिल्लीबहादुर रावतले बताए। 'अर्गानिक खेती हराउँदै गयो, तिल्की, सिम्ठारोजस्ता धान रोप्न छाडियो,' उनले भने, 'मानव स्वास्थ्यका लागि अर्गानिक खेती अपरिहार्य छ, त्यसैले हामीले दाङमा यो सुरुवात गरेका हौं।'

पूर्वमुक्त कम्लरीहरूले सञ्चालन गरेको गन्यारी कृषि सहकारी संस्थामार्फत उक्त धान खेती सुरु गरिएको उनले बताए। तिल्की धानको चामल मीठो पनि हुने र गर्मी पनि खप्न सक्ने धान हो। यो जातको धान विगतमा दाङमा धेरैले लगाउने गर्थे। जुन धान दाङको पहिचान पनि थियो। तर, पछिल्लो समय हाइब्रिड धान नै कृषकको रोजाइ बनेपछि यो धान लोप हुने अवस्थामा थियो।

त्यस्तै, सोही सहकारीले १० कट्ठा जग्गामा रैथाने सिमठारो जातको धान पनि लगाएको छ। धान भित्र्याएपछि सोही जग्गामा रैथाने प्याज, लसुन र आलु खेती गर्ने तयारी रहेको सहकारीका अध्यक्ष लक्ष्मी चौधरीले बताइन्। उनका अनुसार अझै २५ हेक्टर क्षेत्रफलको जग्गा लिजमा लिएर अर्गानिक खेती गर्ने तयारी छ। 'हामीले अहिले तुलसीपुरमा रैथाने जातको तिल्की र सिमठारो जातको धान खेती गरिरहेका छौं,' उनले भनिन्, 'धान भित्र्याएपछि प्याज, लसुन र आलु खेती गर्नेछौं, हामीले २५ हेक्टर क्षेत्रफल जग्गा लिएर खेती गर्ने तयारी गरेका छौं।' सबै खालका खेतीमा अर्गानिक मल प्रयोग गर्ने गरेको केन्द्रका अध्यक्ष रावतले बताए।

उनले १०-१५ वर्षमा दाङलाई नै अर्गानिक उपत्यका बनाउने योजनाअनुसार यो कार्यक्रम तयार गरेको बताए। यो कार्यक्रम दुई वर्ष चले पनि प्रत्येक किसानलाई अर्गानिक खेतीका बारेमा बुझाउने उद्देश्य रहेकोसमेत उनले बताए। लुम्बिनी प्रदेश सरकारले दाङलाई तिल्की धान र आलुको हब बनाउने योजनासमेत बनाएको छ।

विषादीजन्य खानेकुराले गर्दा मानिसमा क्यान्सरजन्य रोग लाग्ने भन्दै अर्गानिक खानेकुरामा जोड दिनुपर्ने कृषि ज्ञानकेन्द्र दाङका प्रमुख नरेश धितालले बताए। अहिले स्थानीय सरकारहरूले पनि अर्गानिक खेतीलाई जोड दिने गरेका छन्। तुलसीपुर उपमहानगरपालिकाका उपप्रमुख स्यानी चौधरीले अर्गानिक खेतीका बारेमा किसानलाई बुझाउने गरी कार्यक्रम तय गरिएको बताइन्। 'हामीले किसानलाई अर्गानिक खेतीका बारेमा बुझाउने गरी कार्यक्रम तय गरेका छौं,' उनले भनिन्, 'त्यसो गर्न सकेमा अर्गानिक खानेकुरा बजारमा पाउन सकिन्छ।'

प्रदेश सरकारले पनि अर्गानिक उत्पादनलाई प्राथमिकता राखेको प्रदेशका कृषि तथा भूमि ब्यवस्था मन्त्री भण्डारीलाल अहीरले बताए। 'पुर्खाहरूले अर्गानिक मल प्रयोग गर्दा पनि धेरै उत्पादन हुन्थ्यो', उनले भने 'अब हामीले पनि अर्गानिक उत्पादनमा जोड दिन सकेमा मानव स्वास्थ्यलाई फाईदा पुऱ्याउथ्यो, यस तर्फ प्रदेश सरकार गम्भीर छ।' किसानलाई अर्गानिक खेतितर्फ आकर्षित गराउनकालागि बिभिन्न तालिम तथा सामग्री उपलब्ध गराईने भएको छ। त्यसकालागि संयुक्त राष्ट्र संघीय विश्व वातावरण कोषको साना अनुदान कार्यक्रमले ४८ लाख सहयोग गरेको छ।

नव सृजनशील बचत तथा ऋण सहकारी संस्था लि.

चावहिल ७ काठमाण्डौं, नेपाल

फोन. ०१४५९७२८८, Email: nawasrijanshil@gmail.com, url: www.nawasrijanshil.com

सोह्रौं वार्षिक साधारण सभामा उपस्थित हुने बारे

यस नव सृजनशील बचत तथा ऋण सहकारी संस्था लि.को मिति २०८० श्रावण १५ गते बसेको संचालक समितिको २१७औं बैठकको निर्णय अनुसार संस्थाको १६औं वार्षिक साधारणसभाको कार्यक्रम देहाय बमोजिम संचालन हुने भएकाले उक्त सभामा सदस्यज्युहरुको गरिमामय उपस्थितीका लागि हार्दिक अनुरोध गरिन्छ।

साधारण सभाको कार्यक्रम

मिति : २०८० भाद्र १६ गते शनिबार

समय : विहानको ८:१५ बजे

स्थान : सुर्य इभेन्ट प्रा. लि., का.म.पा. ४, धुम्बाराही, काठमाडौं।

सञ्चालक समितिको आज्ञाले,
विजया लामिछाने
(सचिव)
मिति २०८० श्रावण १६

BEST FINANCE COMPANY LTD. बेष्ट फाइनान्स कम्पनी लि.

BFC

नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतप्राप्त वित्तीय संस्था

प्रधान कार्यालय
बेष्ट भवन, कमलादी, काठमाण्डौं
फोन: ०१-४५४२४६१/६२/६३

तपसिलका ऋणीलाई कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने जरुरी सूचना

सूचना प्रकाशित मिति २०८०/०५/०८ गते नयाँ पत्रिका दैनिक

यस वित्तीय संस्थाको तपसिलको शाखा कार्यालयहरुबाट ऋण कर्जा उपभोग गरी आएका तपसिलमा उल्लेखित ऋणीहरुले कर्जा लिदाँका बखत गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लघन गरी संस्थालाई समय समयमा तिर्नु बुझाउनु पर्ने रकम भाखा अवधि भित्र चुक्ता भुक्तान नगरी वारम्वार लिखित तथा मौखिक तरताकेता गरी जानकारी गराउँदा समेत ऋण कर्जा चुक्ता भुक्तान गर्न कुनै चासो नदेखाई बेवास्ता गरी वस्तु भएको हुनाले यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले **३५ दिन भित्र** संस्थामा सम्पर्क राखि संस्थालाई तिर्न बुझाउन बाँकी रहेको सम्पूर्ण साबाँ, ब्याज, हर्जना तथा अन्य दे-दस्तुर रकम समेत चुक्ता फर्छ्यौट गर्न गराउन सम्बन्धित ऋणी, फर्मका प्रोप्राईटर, जमानीकर्ता तथा धितो सुरक्षण लेखि दिनु हुने जग्गाधनी समेतलाई यसै सूचना मार्फत जानकारी गराईन्छ। उपरोक्त समय अवधि भित्र पनि संस्थाको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरे/नगराएमा नेपाल राष्ट्र बैंकद्वारा बैक तथा वित्तीय संस्थालाई जारी गरेको एकिकृत निर्देशन बमोजिम तपाई ऋणी, फर्मका प्रोप्राईटर तथा जमानीकर्ता समेतलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा सूचिकृत गरी कर्जा लिदाका बखत धितो सुरक्षणमा लेखि लेखाई दिएको श्रीसम्पत्ति तथा जायजेथा कानून बमोजिम लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपरका लागि आवश्यक कानूनी कारवाही प्रारम्भ गरिने व्यहोरा जानकारी गराइन्छ। सुरक्षणमा रहेको श्रीसम्पत्तिवाट संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा तपाई ऋणी तथा जमानीकर्ताहरुको घरघरानामा रहेको अन्य चल-अचल जायजेथा/श्रीसम्पत्ती समेतवाट कानून बमोजिम असुल उपर गरिने व्यहोरा यसै सूचना मार्फत सचित गरिन्छ।

तपसिल:

ऋणीको नाम थर तथा तिन पुस्ते विवरण	संस्थागत तथा व्यक्तिगत धनजमानीको विवरण
१. **ऋणीको विवरण:** नेपाल सरकार घरेलु तथा साना उद्योग कार्यालय नवलपरासी (ब.सु.पू)मा दर्ता नं.८४६/२७४५/०६७/६८ अर्न्तगत मिती २०६८/०२/३० मा प्राइभेट फर्म रजिष्ट्रेसन ऐन २०१४ बमोजिम दर्ता कायम भएको श्री तेजस इन्टरप्राइजेज (प्रो. **गम्भिर श्रेष्ठ**)। स्थायी लेखा नं. : ६०००१८३२० फर्मको ठेगाना : विनयी त्रिवेणी गा.पा.वडा नं. १ नवलपरासी (ब.सु.पू) **कर्जा शिर्षक : व्यापार डिमाण्ड कर्जा** **शाखा कार्यालय : मिलनचोक, बुटवल**	१. **श्री महालक्ष्मी श्रेष्ठ** पति : गम्भिर श्रेष्ठ ससुरा : लोकमान श्रेष्ठ ठेगाना : विनयी त्रिवेणी गा.पा.वडा नं. १ नवलपरासी (ब.सु.पू) ना.प्र.नं. : ७१७६९ जारी मिति : २०५५/०४/१२ जारी जिल्ला : पाल्पा २. **श्री माधव श्रेष्ठ** बाबु : लोकमान श्रेष्ठ बाजे : हेम नारायण श्रेष्ठ ठेगाना : टोखा न.पा.वडा नं. ७ काठमाण्डौ ना.प्र.नं. : २७-०१-७५-१३२१५ जारी मिति : २०७५/१०/२५ जारी जिल्ला : काठमाण्डौ ३. **गम्भिर श्रेष्ठ** बाबु : लोकमान श्रेष्ठ बाजे : हेम नारायण श्रेष्ठ ठेगाना : विनयी त्रिवेणी गा.पा.वडा नं. १ नवलपरासी (ब.सु.पू) ना.प्र.नं. : ७२९९८ जारी मिति : २०५५/०७/१६ जारी जिल्ला : पाल्पा

यातायात व्यवस्था कार्यालय वुटवलमा वेष्ट फाइनान्स कम्पनि लि.को नाममा दर्ता कायम रहि ऋणि श्री तेजस इन्टरप्राइजेज उल्लेख रहेको तपसिल बमोजिमको धितो विवरण :-

धितो विवरण:

१.सुरक्षण धितो विवरण :

दर्ता नं	इन्जिन नं.	चेसिस नं.	मोडेल
Lu 4 ta 9342	P350-04100	LEC5504053	PREET955 Tractor
Lu 4 ta 9476	P345-09772	HEC4506368	PREET4549 Tractor
Lu 4ta 9477	P345-09769	HEC4506370	PREET4549 Tractor
Lu 4 ta 9337	P460-10881	HEE60AG25511/A	PREET 6049(2WD) Tractor
Lu 4 ta 9338	P460-10837	HEE60AG25512/A	PREET 6049(2WD) Tractor
Lu 4 ta 9349	MLHM100173	PTC0320215500	PREET 987(4WD) Harverster
Lu 4 ta 9974	LMHM417988	PTC0220215467	PREET 987(2WD) Harverster
Lu 4 ta 9343	MKHM404279	PTC0320215541	PREET 987(4WD) Harverster

२.सुरक्षण धितो विवरण :

दर्ता नं	इन्जिन नं.	चेसिस नं.	मोडेल
Lu 5 ta 407	P460-11945	PEE60AG26833/B	PREET 6049(4WD) Tractor
Lu 5 ta 408	P460-12089	PEE60AG26834/B	PREET 6049(4WD) Tractor
Lu 4 ta 7215	LCHM105964	PTC1020204907	PREET 987(2WD) Harvester
Lu 4 ta 7219	LEHM104088	PTC1020204910	PREET 987(4WD) Harvester

